# संघीय संसद

# राष्ट्रिय सभा

# पन्ध्रौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# १८ फागुन २०८०

# शुक्रबार

# बैठक सङ्ख्या- ०९

(१२:११ बजे) **सम्माननीय अध्यक्ष**ः-माननीय सदस्यहरू, राष्ट्रिय सभाको आजको बैठकको कार्यवाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू, संवैधानिक व्यवस्थाबमोजिम ६ बर्ष पदावधी पूरा गरी माननीय सदस्यहरू २०८० फागुन २० गतेदेखि विदाई हुँदै हुनुहुन्छ। सभामा आफ्नो कार्यकाल पूरा गर्न लाग्नु भएका माननीय सदस्यहरूले ६ वर्षको कार्य अवधिमा सभा तथा समितिमा रही संसदीय अभ्यासका क्रममा प्राप्त गर्नुभएका अनुभव लगायतका समसामयिक विषयमा बोल्न समय माग गर्नु भए अनुसार बोल्न बाँकी रहनु भएका माननीय सदस्यहरूले आफ्ना अनुभव प्रस्तुत गर्ने क्रम जारी रहन्छ। आफ्ना अनुभव प्रस्तुत गर्न चाहनुहुने बाँकी माननीय सदस्यहरूलाई समय उपलब्ध गराउँछु। अनुभव प्रस्तुत गर्नका लागि प्रत्येक माननीय सदस्यहरूलाई १० मिनेटको समय निर्धारण गरेको छु।माननीय अनिता देवकोटा। यसपछि माननीय भैरव सुन्दर श्रेष्ठ।

(१२:१३ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज म रोस्टममा उभिएर बोल्दै गर्दा निकै भावुक भएकी छु। संविधान अनुसार म यस सम्मानित सदनमा सम्माननीय अध्यक्ष लगायत हामी दुई तिहाइ सदस्यहरूको ६ वर्ष कार्यकाल संविधान र कानुनको पालना गर्दै आआफ्नो जिम्मेवारीसहित कार्यकाल पूरा गरेका छौं। संविधान निर्माणपछि गठन भएको राष्ट्रिय सभाले ६ वर्षको कार्यकाल पूरा गरेको छ। म लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गरें आफूलाई दिएको जिम्मेवारी देश र जनताको हितको लागि उपयोग गरेको महसुस गरेकी छु। जुन समयले मूल्याङ्कन गर्ने नै छ। संविधानसभा, २०६४ मा प्रत्यक्ष

निर्वाचन दाङको क्षेत्र नम्बर ३ बाट लडे, झिनो मतले पराजित भए। पहिलो संविधानसभाले संविधान दिन सकेन, दोस्रो संविधानसभा २०७७ को सदस्य बन्ने अवसर प्राप्त गरें। संविधान निर्माण भयो। संविधानमा हस्ताक्षर गर्ने सौभाग्य पाए। संविधान निर्माणकर्ता, संविधान कार्यान्वयन गर्ने र संविधान प्रदत कानुन निर्माण गर्ने थलो राष्ट्रिय सभामा अत्यन्त धेरै उत्साह र उर्जा बोकेर प्रवेश गरें। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा प्रतिनिधि सभा जस्तो प्रधानमन्त्रीलाई विश्वास र अविश्वासको मत दिनु नपर्ने, अनावश्यक सरगर्मी झेल्न नपर्ने, अङ्कगणितीय हिसाव किताव गरिरहनु नपर्ने, यस अर्थमा पनि राष्ट्रिय सभाको भूमिका कार्यपालिकामाथि निगरानी भन्दा माथि उठेर समग्र विधायिकी कार्यमा, राष्ट्रहितका काम गर्न सकिने अनुभव मेरो रह्यो। राष्ट्रिय सभा विज्ञ, परिपक्व र स्थायी सदन भएकाले प्रतिनिधिसभामा हुने सत्ता संघर्ष, दलीय अन्तरविरोधका बाच्छिटाहरू राष्ट्रिय सभामा नपरुन् भन्ने तर्फ मेरो ध्यान गयो र समग्र हाम्रो ध्यान गयो, त्यो अनुभव रह्यो। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा केही मानाङ्कहरू हामीले स्थापित गरेका छौं। आफूले बनाएको कानुन कार्यान्वयनको अवस्थामा निश्चित अवधिपछि सदनले नै मूल्याङ्कन गर्ने, उत्तर विधायिकी परीक्षणको नविनतम अभ्यासलाई नयाँ विधेयकमा अनिवार्य समावेश गर्ने परिपाटीको स्थापित गरेका छौं। त्यसैगरी सदनमा पारित भएको विधेयक, प्रमाणीकरण भएको मितिदेखि नभई सामान्यतया ३१ औं दिनदेखि मात्रै लागू गर्ने अभ्यास संस्थागत भएको छ। यस्तो प्रावधानले कानुन कार्यान्वयन गर्ने निकायलाई नियमावली, निर्देशिका सहितका प्रत्यायोजित व्यवस्थापन र आवश्यक संरचना निर्माणमा उचित समय उपलब्ध हुन्छ। दीर्घकालीन महत्त्वका विधेयकका प्रावधान बारेमा विषय विज्ञ र सरोकारवालासँग संस्थागत छलफल गर्न र आवश्यकता अनुसार प्रदेश सभाका सदस्य र स्थानीय तहका जनप्रतिनिधिहरूसँग सुझाव लिने अभ्यासको थालनी गर्दै राष्ट्रिय सभाले तीन तहको अन्तरसम्बन्ध र खुल्ला संसद अभ्यासलाई प्रोत्साहित गरेको मेरो अनुभव छ। सभा निर्धारित समयमै बैठक प्रारम्भ गरी राज्यका अन्य निकायलाई समेत समयको महत्त्व बुझाउन सकेको छ। यसका लागि बैठक कार्यसूची सँगै सम्बन्धित मन्त्रीहरूलाई समयमै सदनमा उपस्थित गराउन सभाका अध्यक्षकै तहबाट भएको प्रयास प्रशंसनीय छ। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभा अन्तर्गत विधायन व्यवस्थापन समितिको उपसमितिको संयोजक रही संविधान अनुसार बन्न बाँकी कानुनहरू अध्ययन गर्ने अवसर प्राप्त भयो। संविधान निर्माण भएको ७ वर्ष र संविधानबमोजिम संघीय संसद अन्तर्गत प्रतिनिधि सभाको कार्यकाल पूरा भइसक्दा पनि बन्नुपर्ने सबै कानुनहरू नबन्नुलाई त्यति राम्रो मान्न सकिँदैन। संघीयता सबलीकरण हुन सक्दैन तसर्थ विधायन समितिले मेरो संयोजकत्वमा उपसमिति निर्माण गरी संविधान अनुसार बन्न बाँकी कानुनहरू अध्ययन प्रतिवेदन, २०८० तयार गरी राष्ट्रिय सभामा प्रधानमन्त्रीको उपस्थितिमा छलफल गरायो। जसअनुसार १८१ वटा कानुन

मातत्काल संघले ४० ओटा, प्रदेशले २४ ओटा र स्थानीय तहले ६ ओटा कानुन निर्माण गर्नुपर्ने देखिन्छ तर आवश्यक कानुन निर्माण भएका छैनन्। सम्मानित सभाबाट सरकारको ध्यानाकर्षण गराउन चाहन्छु। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभाको कार्यकालमा केही समय राष्ट्रिय सरोकार तथा समन्वय समितिमा रहेर काम गर्ने सुअवसर प्राप्त भयो। त्यस अन्तर्गत ख समूहको संयोजकत्व गर्ने अवसर मैले प्राप्त गरेँ। राष्ट्रिय गौरवका आयोजना अध्ययन, अनुगमन र मूल्याङ्कन गर्ने अवसर प्राप्त भयो। राष्ट्रिय गौरवका आयोजना राष्ट्र निर्माणका आधारशिला हुन। कालीगण्डकी करिडोर, कोरला नाका, भैरहवा गौतमबुद्ध अन्तर्राष्ट्रिय एयरपोर्ट, पोखरा अन्तर्राष्ट्रिय विमानस्थल, पशुपति विकास क्षेत्र जस्ता राष्ट्रिय गौरवका आयोजनाहरू अझ पनि समयमै सम्पन्न हुन सकेका छैनन्। त्यतातर्फ सरकारको ध्यान आकृष्ट गर्न चाहन्छु। यथाशीघ्र ती राष्ट्रिय गौरवका आयोजनाहरू सम्पन्न गर्न सरकारको म ध्यानाकर्षण गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, संसदको मूल्याङ्कन जिल्लाको विकास योजनामा पुर्‍याएको बजेटको आधारमा हुने होइन। गुणस्तरीय कानुन निर्माण र संसदीय निगरानीमा खेलेको भूमिकाका आधारमा हुनुपर्छ भन्ने मेरो अनुभव रह्यो। मैले एउटा पुल बनाए, मैले एउटा बाटो बनायो त्यसैले मलाई भोट दिनुस् होइन। मैले यति राम्रा कानुन निर्माण गरेँ, म यति राम्रो नीति निर्माण गरेँ त्यसैले मलाई भोट दिनुस् भनेर त्यो धारणा, त्यो विकास हुन जरुरी मलाई लाग्यो। सम्माननीय अध्यक्षज्यू, राष्ट्रिय सभामा राजनीतिक प्रक्रियाका खारिएका, परिपक्क विधिवेत्ता छवि बनाएका, बलियो नैतिक र सामाजिक धरातल भएका व्यक्तिहरूको प्रतिनिधित्वले बलशाली मानिने प्रतिनिधि सभालाई सन्तुलनमा राख्न सक्छ भन्ने मेरो अनुभव रह्यो। सम्माननीय अध्यक्षज्यू, बलशाली मानिने प्रतिनिधि सभालाई सन्तुलनमा राख्न राष्ट्रिय सभाले संविधान, संविधान र कानुनबाट मात्र होइन आफ्नै नैतिक बलबाट प्राप्त गर्नुपर्दछ। राष्ट्रिय सभालाई अनावश्यक बोझका रूपमा होइन। संघीयता प्रवर्तकका रूपमा स्थापित गर्नुपर्दछ। प्रविधिको उपयोग गरी राजनीतिक स्थायित्व, सुशासन र राम्रा विधि निर्माणतर्फ हाम्रो ध्यान जान जरुरी छ। सम्माननीय अध्यक्षज्यू, शून्य समय, विशेष समय र विधेयकमा संशोधन र सबै विषयहरूमा घनीभूत रूपमा छलफल र उठान गरेँ। राष्ट्रको पक्षमा, नागरिकको पक्षमा, समाजको पक्षमा जिल्लाको पक्षमा लुम्बिनी प्रदेशको बारेमा सरकार र संसद र समितिका माध्यमबाट सरकारलाई ध्यान आकर्षण गर्ने, खबरदारी गर्ने काम गरेँ। सत्तापक्ष र प्रतिपक्ष दुवैको अनुभव रह्यो। चार वर्ष राष्ट्रिय सभाको प्रमुख सचेतकका रूपमा जिम्मेवारी निर्वाह गरेँ। दुई पटक प्रतिनिधिसभा विघटनको तितो अनुभव रह्यो। दुई वर्ष मुलुकका आक्रान्त कोभिडबाट भएको त्यो तितो अनुभव रह्यो। त्यससँगै मन्त्रीहरूसँग प्रश्नोत्तर कार्यक्रम गर्न नपाएको तितो यथार्थ पनि, यथार्थता पनि रह्यो। जे गर्न सकेँ राम्रो गरेँ, देश र जनतालाई जनताप्रति सदैव जिम्मेवारीपूर्वक निर्वाह गरेँ। मलाई राष्ट्रिय सभामा पुर्‍याउने मेरो पार्टी

नेपाली कांग्रेसका सभापति, केन्द्रीय सभापति, केन्द्रीय समितिका नेताहरू, मेरो परिवार, अभिभावक, मतदाता, राष्ट्रिय सभाका अध्यक्ष, उपाध्यक्ष, समितिका सभापति, महासचिव, कर्मचारीहरू, पत्रकारहरू, सुरक्षाकर्मीहरू सबैप्रति हार्दिक, हार्दिक आभार र कृतज्ञता प्रकट गर्न चाहन्छु। यहाँबाट बिदा लिँदै गर्दा सम्माननीय अध्यक्षज्यू, राजनीतिक सामाजिक क्षेत्रबाट विदा लिँदै गर्दा आफूले प्राप्त गरेको ज्ञान, सीपलाई कसी लगाउँदै राजनीतिक र सामाजिक क्षेत्रमा अझ सशक्त र अब्बल रूपमा काम गर्ने म प्रतिबद्धता व्यक्त गर्न चाहन्छु। नेपाली कांग्रेसको समुदायमा भन्ने अभियानलाई आफूलाई जोडी माननीय सांसदहरूसँग अहिले बाईबाई होइन see you again पुनः संघीय संसदमा नै भेट्ने अठोटका साथ आफ्नो अनुभव सहित बिदा हुन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्ष**ः- माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ। त्यसपछि माननीय सदस्य जितेन्द्र नारायण देव।

(१२ः२४ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**ः- सम्माननीय अध्यक्षज्यू, मैले आफ्नो आजको यो विशेष समयमा राष्ट्रिय सभामा निर्वाचित भएर आउँदा कर्णाली प्रदेशबाट म आफू निर्वाचित भएर यस सभामा प्रतिनिधित्व गरेको थिएँ। मैले ६ वर्ष कार्यकाललाई पार्टीले जुन खालको विश्वास गरेर मलाई टिकट दिएको थियो। त्यो विश्वासलाई आजका दिनसम्म इमानदारिपूर्वक पार्टीको हित र देशको हितको पक्षमा र जनताको पक्षमा काम गरेको छु भन्ने कुरामा म समर्थन राख्न चाहन्छु। मैले यी कुराहरू राख्नुभन्दा पूर्व मैले मलाई जन्म दिने मेरो आमा, मेरो बुबाप्रति पनि म हार्दिक नमन गर्न चाहन्छु। त्यसै गरी मलाई हरपल सहयोग गर्ने मेरो परिवारजनहरू मेरो आफ्नो घर परिवार, मेरा सन्ततिहरू, भाइहरू सबैप्रति पनि म आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद दिन चाहन्छु। मलाई राष्ट्रिय सभामा मनोनयन गर्नका निम्ति मेरो श्रद्धेय अध्यक्ष केपी शर्मा ओलीले जुन विश्वास गर्नुभयो। त्यसअनुरूप र मेरो पार्टीले जुन विश्वास गर्‍यो। त्यसको निम्ति पनि म वहाँप्रति पनि आभार व्यक्त गर्न चाहन्छु। धन्यवाद व्यक्त गर्न चाहन्छु। त्यसै गरी मलाई निर्वाचित गर्ने कर्णाली प्रदेशका प्रदेश सभा सदस्यहरू कर्णाली प्रदेशकै स्थानीय तहका नगर प्रमुख, उपप्रमुख, गाउँपालिकाका अध्यक्ष, उपाध्यक्षहरूप्रति पनि हार्दिक हार्दिक आभार व्यक्त गर्छु। धन्यवाद दिन चाहन्छु।

म अलिकति पृष्ठ भागमा जान चाहन्छु। म राजनीतिमा लाग्नुभन्दा पहिले म शिक्षक जाजरकोट जिल्लाको सदरमुकामको शिक्षक थिएँ। ०४६ को राजनीतिक परिवर्तनपछि

राजनीतिमा आउनुपर्ने बाध्यता भयो। मैले आफ्नो इच्छाअनुसार यतातिर लागें। र यो म राजीनामा दिएर आइसकेपछि २०३९ सालको निर्वाचनमा मैले स्थानीय तह जिल्ला विकास समितिको उपसभापतिको पदमा निर्वाचित भ'को थिएँ। त्यसै गरी २०५४/०५५ मा जिल्ला विकास समितिको सभापतिको रूपमा भूमिका निर्वाह गरेको थिएँ। ०७२ सालको संविधान जारी भइसकेपछि एकपकट सांसद हुने यो संविधानमा लेखेका कुराहरू, संविधान प्रदत्त अधिकारहरू र संविधानमा जुन व्यवस्था गरिएको छ। ती व्यवस्थाहरू प्रबन्धहरूलाई हेरिसकेपछि एकपटक सांसद बन्ने मेरो मनमा थियो। मेरो पार्टीले विश्वास गऱ्यो।र मैले २०७४ सालमा आइसकेपछि राष्ट्रिय सभामा सदस्यको रूपमा आउन पुगें। यद्यपि ०७४ सालको आमनिर्वाचनमा जाजरकोट जिल्लाबाट मलाई सर्वसम्मत ढङ्गले साथीहरूले पार्टीले मलाई सिफारिस गरी पठाएको थियो। तर नेकपा एमाले, नेकपा माओवादीबिचको गठबन्धन गर्ने कुरा भइसकेपछि मैले त्यति बेला टिकट पाइन। तर पनि ०७४ सालमै राष्ट्रिय सभामा आउनपऱ्यो। र इतिहासमा ठुल्ठुला हामीले आन्दोलन गरेका छौं। क्रान्तिहरू गरेका छौं। ती आन्दोलन र क्रान्तिले समग्रमा ०६२/०६३ मा आइपुगेपछि नेपालबाट समग्र राजतन्त्रको अन्त्य गरेर देशमा संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरेका चाहिँ छौं। यो गणतन्त्रका चारओटा pillar हरू गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता र समानुपातिक समावेशिता यो चारओटा pillar मध्ये कुनै एउटा pillar हामीले खल्बलिनेबित्तिकै हामी वास्तवमा एउटा धरापमा पर्छौं। अर्को कुनै ठाउँमा जानु पुग्छौं। यो संविधानको दस्तावेज पनि हो यो संविधान भनेको यो संविधानप्रति जुन खालको अहिले बाहिर कुरा उठ्ने गरेका छन्। त्यो उठेका कुराहरूलाई सामूहिक रूपमा हामी आन्दोलनमा लागेका आन्दोलनका यात्रीहरू राजनीतिक पार्टीहरूको बिचमा सहकार्य हुनुपर्छ। सहमति हुनुपर्छ। र एउटा सद्भावका साथ हामीले अगाडि बढ्नुपर्छ भन्ने कुरा म आजको दिनमा राख्न चाहन्छु। नेपालका राजनीतिक पार्टीहरू हामी कस्तो भयौं भने राजनीतिक आन्दोलनमा champion बन्यौं। तर राजनीतिक आन्दोलनका उपलब्धिहरूलाई संस्थागत गर्ने कुरा र ती उपलब्धिहरूलाई कार्यान्वयन गर्ने सवालमा हामी चुकेका छौं। र बेला बखतमा ती क्रान्तिका उपलब्धिहरू, परिवर्तनका उपलब्धिहरू गुम्दै हामी यहाँसम्म आइपुगेका छौं। र यो अहिलेको व्यवस्था भनेको योभन्दा राम्रो व्यवस्था अर्को कुनै हुन सक्दैन। यो व्यवस्था जोगाउनका निम्ति हिजोका आन्दोलनकारी शक्तिहरूले फेरि पनि गम्भीर ढङ्गले सोच्नुपर्ने बेला चाहिँ आ'को छ। र हामीलाई के लाग्छ भन्दाखेरि संविधानमा प्रदत्त गरेका मौलिक हकहरू हेर्दाखेरि नेपाल चाहिँ समानतामा पुगिसक्यो पुग्दै छ भन्ने खालको देखिन्छ। तर पूर्ववर्ती केपी ओलीको सरकारले १८ ओटा मौलिक हकसम्बन्धीका कानुन पास गऱ्यो भने बाँकी रहेका तीनओटा कानुन आज दुई वर्ष सरकार बनेको दुई वर्ष भइसक्यो तर पनि ती मौलिक हक कार्यान्वयन गर्नका निम्ति ऐन नबन्दाखेरि ती

ऐन बनाउनका निम्ति यही सदनबाट सङ्कल्प प्रस्तावमार्फत सरकारको ध्यानाकर्षण गराउन पर्दाखेरि कता कता दुःख लागिरहेको छ। फेरि पनि म सरकारलाई भन्न चाहन्छु। कि सरकारले त्यसबारेमा गम्भीरताका साथ सोचोस्  र ती मौलिक हकलाई कार्यान्वयन गर्नका निम्ति कानुन बनाओस् भन्ने तथ्य राख्न चाहन्छु। अहिले पनि संविधानबमोजिम बन्न पर्ने कानुनहरू थुप्रै छन्। ती कानुनको अभावमा तलका स्थानीय तहले कानुन बनाउन पा' छैनन्। र प्रदेशले पनि कानुन बनाउन पा'का छैनन्। ती कानुनहरू र संघले पनि आफूले बनाउनुपर्ने कानुन बना'को छैन। र अस्ति त्यसको बारेमा पनि सङ्कल्प प्रस्ताव पास गरेका छौं र संघले बनाउनुपर्ने कानुन ४० ओटा छन् भने प्रदेशले बनाउनुपर्ने कानुन २४ ओटा त्यसै गरी स्थानीय तहले बनाउनुपर्ने ६ ओटा छन्। र यो संघले कानुन नबनाएको कारणले गर्दाखेरि नागरिकतासम्बन्धी कानुनको समस्या चाहिँ भ'को छ। संघीय शिक्षा ऐन नबनेको कारणले तल समस्या भ'को छ। जनस्वास्थ्यसम्बन्धी कानुन नबनेको कारणले तल समस्या भ'को छ। त्यसै गरी निजामती कानुन नबनेको कारणले तल धेरै कुराहरूको समस्या आ'को छ। यसतर्फ सरकारको ध्यान जाओस्। त्यसै गरी नेपाल प्रहरी ऐन, २०१२लाई हामीले संशोधन गर्न यहाँसम्म आएको छ। त्यो कानुन नबनेको कारणले पनि संघीयता कार्यान्वयनमा धेरै कुरा अप्ठ्यारो परेको छ।

र मैले कर्णाली प्रदेशबाट प्रतिनिधित्व गरिरहँदा त्यहाँका समस्याहरू कर्णाली भनेको स्रोत र साधनले प्राकृतिक स्रोत र साधनले भरिपूर्ण भएको एउटा प्रदेश हो। त्यो प्रदेशलाई राज्यका निर्देशक सिद्धान्तमा उल्लेख भ'को छ। कि पछाडि परेका क्षेत्रहरूलाई भौलिक पूर्वधारको निम्ति सामाजिक पूर्वाधारको निम्ति राज्यले ध्यान दिनुपर्छ। र स्रोत र साधनले समर्थन गर्नुपर्छ भन्ने कुराहरू लेखिएको छ। तर पनि सरकारमा रहेका हामी सबै पार्टीहरूले सोच्नुपर्ने बेला भ'को कर्णाली प्रदेशमा ती स्रोत र साधनलाई उपयोग गर्नका निम्ति राज्यले कस्तो खालको कार्यक्रम लिएर आ'को छ ती कार्यक्रमले त्यहाँका जनतालाई छुन सकेको छ कि या छैन। हामीले सोच्नुपर्ने अवस्था आ'को छ। मैले यहाँ यो हाउसमा कुरा राखिरहँदा मैले त्यो नेपालको समृद्धिलाई त्यो समृद्धिको बाटोमा ल्याउनका निम्ति कर्णाली प्रदेशबाट प्रतिनिधित्व गरेको नाताले मैले के राष्ट्रियतामा उठाएका कुराहरू राष्ट्रका विषयहरूमा केही कुराहरूमैले उठाएको छु भने केही कुराहरू आफ्नो प्रदेशका सन्दर्भमा कुरा उठाएको छु। त्यसतर्फ कतिपय कार्यान्वयन भ'का छन् । कतिपय कार्यान्वयन हुन सकिरहेका छैनन्। यसै गरी जाजरकोट जिल्लामा रहेको ४१७ मेगावाटको विद्युत्को विषयमा मुगुको रारा ताल छ। त्यसलाई अलिकति व्यवस्थित गर्नका निम्ति दक्षिणदेखि उत्तरतिरको जोडिने यो मुगुको यो नाक्चे हुम्लाको हिल्सा सडकका विषयमा यावत विषयमा मैले कुरा राखेको छु। ती कुराहरूका विषयमा सरकारको ध्यान फेरि पनि राख्न

चाहन्छु। त्यसै गरी कर्णाली प्रदेश भनेको बहुमूल्य जडिबुटी भ'को बहुमूल्य पत्थरहरूको क्षेत्र पनि हो। त्यसतर्फ पनि सरकारको ध्यान जाओस् भन्न चाहन्छु। यी कुराहरू मैले हिजो पनि उठाएको थिएँ। आज पनि मैले जाँदै गर्दा यी कुराहरू राख्न चाहन्छु। यसबाहेकका मैले प्रतिपक्ष बेन्चमा बस्दा होस् वा सत्तापक्ष बेन्चमा होस् देशका पक्षमा उठिरहेका कुराहरू चाहे त्यो भ्रष्टाचारसम्बन्धी सुशासनसम्बन्धी कुराहरू हुन्। चाहे त्यो सरकार प्रतिपक्षमा रहँदाखेरि सरकारले गलत बाटोमा नजाओस् भन्नका निम्ति सरकारलाई सजग बनाउनको निम्ति प्रतिपक्ष दलको कर्तव्य हुन्छ। त्यो कर्तव्यलाई सम्झेर सरकारलाई केही विषयहरूमा हामीले ध्यानाकर्षण गरा'का छौं र ती कुरातर्फ म आफू गौरव गर्न चाहन्छु। त्यस्तै गरी हामी के हो भन्दा हाम्रो परराष्ट्र नीति भनेको असंलग्न परराष्ट्र नीति थियो। हामी विश्वमा रहेका सबै देशप्रति सबै देशहरू हाम्रो मित्र हुन्। सबै देशसँग हाम्रो त्यतिकै सम्बन्ध चाहिँ छ। तर हामी के हो भन्दा पञ्चशीलको सिद्धान्तभन्दा विपरीत गएर यदि हाम्रो परराष्ट्र नीतिलाई लियौं भनेपछि हामी धरापमा पर्न सक्छौं। त्यसकारणले गर्दाखेरि त्यसतर्फ पनि हामीले यो सभाबाट कुराहरू राखेको थिएँ। र यी कुराहरू गरिरहँदा मलाई के भ'को छ भन्दाखेरि मलाई सधैं सम्झिनुपर्ने त्यो विषय भनेको नेपाल र भारतका करिब १५४ ओटा स्थानहरूमा विवाद भ'को छ। सीमाना विवाद छन्। त्यसमध्येमा गण्डक सम्झौता भइसकेपछि यो गण्डक सम्झौतापछि जुन त्यो गण्डक नदीले धार बदल्यो। करिब १९ हजार ८ सय ८० हेक्टरमध्ये धार बद्लेपछि त्यो जमिन आज भारतमा ग'को छ। त्यसबाहेक लिपुलेक, कालापानी, लिम्पियाधुराको विषयमा सन् १८१५ मा सुगौली सन्धि भ'को थियो। सुगौली सन्धिले निर्धारण गरेको जमिन हामीले पाएर पनि आफूले उपयोग गर्न पनि भारतले त्यो जमिन लिएको छ। अहिले पनि जब भारतले आफ्नो राजनीतिक नक्सामा त्यो कालापानी, लिपुलेक, लिम्पियाधुरा आफ्नो नक्सामा राखिसकेपछि हामीले यही सदनबाट हामीले के पास गरेका छौं भने केपी ओली नेतृत्वको सरकारले त्यो जमिन हाम्रो हो। हाम्रा तथ्यगत प्रमाणहरू सबै सुगौली सन्धिदेखि लिएर British East India company सँग भएका सबै पत्रहरूले त्यो जग्गा नेपाल हो भन्ने पुष्टि भइसकेपछि त्यो जग्गा ल्याउनका निम्ति जुन खालको केपी ओली सरकारले प्रस्ताव गर्‍यो। यहीँ सदनमा आएर त्यो सदनमार्फत हस्ताक्षर गर्न पाउँदा त्यो जमिन नेपालको हो भन्न पाउँदा मलाई अत्यन्तै खुसी लागेको छ र मलाई सहयोग गर्ने सम्माननीय अध्यक्षज्यूलगायत यहाँको उपाध्यक्षज्यूहरू, संसद सचिवालयका कर्मचारी साथीहरू, यहाँका मर्यादा पालकहरू, सम्पूर्ण कर्मचारी, जब म प्रमुख सचेतकको रूपमा रहँदाखेरि मलाई सहयोग गर्ने मेरा दलका साथीहरू कर्मचारी साथीहरू र मेरो दलको संसदीय दलको नेता राष्ट्रिय सभा दलको नेता, हाम्रो देवेन्द्र दाहालप्रति लगायत सम्पूर्ण माननीयज्यूहरूप्रति आभार व्यक्त गर्दै

धन्यवाद व्यक्त गर्दै राजनीतिक यात्रामा छौं । कुनै पनि दिन यहाँहरूसँग फेरि पनि भेट गर्ने वाचा र विश्वास गर्दै आफ्नो कुरा टुङ्ग्याउँछु। (..... समय सकिएको)

**<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य जितेन्द्र नरायण देव समय १० मिनेट। यसपछि माननीय सदस्य रमेश जंग रायमाझी।

**(१२ः३४ बजे) <u>माननीय श्री जितेन्द्र नारायण देव (नेपाली काँग्रेस)</u>ः**- सम्माननीय अध्यक्ष महोदय, सबभन्दा पहिला सम्माननीय अध्यक्ष महोदयमार्फत यो गरिमामय सदनमा उपस्थित रहनुभएका सबै माननीय सदस्यज्यूहरूलाई मेरो हार्दिक अभिवादन, नमस्कार, प्रणाम। सर्वप्रथम सम्माननीय अध्यक्ष महोदय,लाई, उपाध्यक्ष, माननीय उपाध्यक्ष महोदयालाई र यो गरिमामय सदनमा उपस्थित सम्पूर्ण माननीयज्यूहरूलाई विभिन्न संवैधानिक सीमा, कानुनी सीमा र constraint, बाधाहरू मनोवैज्ञानिक, राजनीतिक बाधा, चुनौतीहरूलाई पार गर्दै, चिर्दै राष्ट्रिय सभाले जुन आफ्नो एउटा छवि यो मुलुकमा यो संघीय संसदभित्र, संसदीय लोकतन्त्रभित्र जुन एउटा राम्रो छवि सकारात्मक छवि र प्रभाव छोडेको छ यसको लागि म सम्माननीय अध्यक्ष महोदय, उपाध्यक्ष महोदयालगायत सम्पूर्ण माननीयज्यूहरूलाई सम्मानित चेयरमार्फत धन्यवाद दिन चाहन्छु, आभार व्यक्त गर्न चाहन्छु। म एक, दुईटा कुरा मात्रै भन्न चाहन्छु सम्माननीय अध्यक्ष महोदय, अहिलेकै विषयसँग केन्द्रित छ त्यो कुरा, सम्बन्धित छ त्यो कुरा। जब हामी संविधान बनाउन लागिराखेका थियौं, त्यतिबेला राष्ट्रिय सभा कस्तो बनाउने? प्रतिनिधिमूलक बनाउने कि नबनाउने? अधिकार सम्पन्न बनाउने कि नबनाउने? र गुणस्तरीय बनाउने कि नबनाउने? यो तीनटा विषयमा अत्यन्त गहन छलफल भएको थियो। वादविवाद बहस भएको थियो। एउटा विचार यो तीनटै गर्ने भन्ने थियो, अर्को विचार भनेको अधिकार सम्पन्न बनाउनु हुँदैन भन्ने थियो। प्रतिनिधि सभालाई मात्रै अगाडि राखेर, फोकस गरेर संघीय संसदको निर्माण गर्नुपर्छ भन्ने विचार थियो। म दुःखको साथ यो कुरा भन्दैछु सम्माननीय अध्यक्ष महोदय, कि गणितीयरूपमा त्यो विचारले जित्यो। जसले राष्ट्रिय सभालाई कमजोर गर्ने र प्रतिनिधिसभाले मात्रै यो संघीय संसदभित्र प्रतिनिधि सभालाई मात्रै, प्रतिनिधि सभालाई मात्रै फोकस गरेर अगाडि राखेर उसलाई मात्रै प्रमुखता दिएर राष्ट्रिय सभालाई त्यो संरचना त्यस्तो संरचना राष्ट्रिय सभाको रूपमा बनाउने काम भयो। त्यसकारण अहिले मेरो निचोड के हो भन्दाखेरि यो ६ वर्षमा, मेरो सैद्धान्तिक र राजनीतिक र व्यावहारिक तीनटै निचोड के हो भन्दाखेरि सबभन्दा पहिला एकचोटी म यो देशका सम्पूर्ण आदरणीय केन्द्रीय नेताहरूलाई र ठुला दलका सम्मानीत नेताहरूलाई म आग्रह गर्न

चाहन्छु एकचोटि संविधानलाई ओपेन गरौं। राष्ट्रिय सभालाई साँच्चिकै इन्टरनेसनल स्टयान्डर्ड अनुसार दुनियामा जहाँ जहाँ जहाँ full-fledged parliamentary democracy छ र जहाँ bicameral house त्यो ठाउँमा upper house को standard के छ? त्यो त्यसलाई एउटा आधारबिन्दु मानेर संविधानलाई ओपेन गरौं र राष्ट्रिय सभालाई बलियो गर्ने काम गरौं। यो पहिलो कुरा मेरो यो। दोस्रो कुरा सम्माननीय अध्यक्ष महोदय, जुन जुन साथीहरूले, जुन माननीय त्यतिबेला संविधानसभाका जुन विद्वान् साथीहरूले, सभासद्हरुले अधिकारसम्पन्न राष्ट्रिय सभालाई बनाउनु हुँदैन भन्ने कुरालाई, विचारलाई अगाडि राखेर भूमिका खेले, त्यही साथीहरू लामो समयसम्म ठुला पार्टीहरूमा प्रतिनिधि सभाभित्र आफ्नो प्रभुत्व जमाएर बसे, रजगज, हालीमुहाली बनाएर बसे। उदाहरण हामीले देख्यौं, जब संयुक्त निमावली दुइटै सदनको संयुक्त नियमावली जब हामीले बनाउन खोज्यौं, राष्ट्रिय सभाभित्र सर्वसम्मतिले, कन्सेन्ससको आधारमा एमाले, कांग्रेस, माओवादी, मधेशवादी दल सबै मिलेर हामी चार पाँचवटा संशोधन गर्न खोज्यौं त्यसमा। तर प्रतिनिधि सभाका ती मठाधीश साथीहरूले सम्माननीय अध्यक्ष महोदय, म भन्नै पर्छ ती मठाधीश साथीहरूले, मठाधीश साथीहरू, सांसदहरू जो नेतृत्वलाई कजाएका छन्। नेतृत्वलाई कब्जा गरेका छन्, नेतृत्वलाई प्रभावित गरेर राखेका छन् र नेतृत्वले पनि उनीहरूलाई एक मात्र र नेतृत्वहरूले उनीहरूलाई नै एक मात्र बडा परिपक्क सांसद ठान्छन् । त्यो भन्दा राष्ट्रिय सभामा, प्रतिनिधि सभामा दलका अरू सदस्यहरू नै छैन भन्ने अवस्था पार्दिएको छन्। तिनीहरू टसको मस भएनन् र हाम्रो राष्ट्रिय सभाको तर्फबाट सर्वसम्मत हामीले पाँचओटा संशोधनमा एउटा पनि स्वीकार गरेनन् ती साथीहरूले। त्यसले गर्दा यो राष्ट्रिय सभा चाहिँ कमजोर हुन पुग्यो। तेस्रो कुरा के भन्दाखेरि यो दोस्रो पोइन्टसँग जुटेको छ। कि अहिले पनि म अपील गर्न चाहन्छु। म आफ्नै पनि पार्टीलाई भन्न चाहन्छु र सव ठुला पार्टीहरूलाई भन्न चाहन्छु कि संसदीय दलमा, संसदीय दलमा राष्ट्रिय सभाभित्र, नेपाली काँग्रेसभित्र सांसदीय दलभित्र राष्ट्रिय सभाको सदस्यहरूले आफ्नो दलका नेता छान्न पाएको छैन, यस्तो पनि कहीं हुन्छ? दलको सदस्य हुने दलको नेता छान्न नपाउने। त्यसकारण पार्टीकै शीर्ष नेताहरूको दृष्टिकोण पनि अलिकति positively राष्ट्रिय सभाको बारेमा हुनुपर्‍यो, तेस्रो कुरा। र चौथो कुरा सम्माननीय अध्यक्ष महोदय, मैले भन्नै पर्छ, म धन्यवाद दिन चाहन्छु मिडियालाई, मिडियाले जेसुकै भनेपनि, जति मैले क्रिटिकल हुन खोजे तापनि मिडियाले अहिलेसम्म राष्ट्रिय सभाका गतिविधिहरूलाई राम्रैसँग सम्प्रेषण गर्‍यो, सपोर्ट गर्‍यो त्यसको लागि म धन्यवाद दिन चाहन्छु।त्यसका बाबजुद पनि अलिकति मिडिया प्रति मेरो गुनासो छ। र अलिकति जोडदार गुनासो छ अलिकति भन्दा पनि जोडदार गुनासो छ। त्यो के भन्दाखेरि जहिले प्रतिनिधि सभा र राष्ट्रिय सभा दुइटै चल्छ, त्यो दिन राष्ट्रिय सभाको news आउँदैन, राष्ट्रिय सभालाई अलिकति कमजोर देखाउने काम पिपलमा जनताको बीचमा राष्ट्रिय सभा

भनेको केही पनि होइन। यहाँ powerful को हुँदै गएको छ जसले सरकार बनाउँछ। जुन house ले सरकार बनाउँछ त्यो मात्रै पावरफुल हुन्छ। That psychology has been given to Nepalese community, Nepalese society. नेपालको वुद्धिजीविमा त्यही पर्‍या छ, media मा त्यही पर्‍या छ , नेताहरूमा त्यही पर्‍या छ भन्दाखेरि who will change the country then? कसले परिवर्तन ल्याउँछ? creative change ल्याउँछ कसले? substantive change ल्याउँछ कसले? democratic change ल्याउँछ कसले? सब यथास्थितिको भासमा परिराखेको छ। Media का साथीहरूलाई म आदरपूर्वक आग्रह गर्न चाहन्छु कि राष्ट्रिय सभालाई कमसे कम हैसियत संविधानले जुन दिएको छ, कानुनले जुन दिएको छ र नियमावलीले जे दिएको छ। र जे performance सम्माननीय अध्यक्ष महोदयको नेतृत्वमा जे हामी गरिराख्या छौं। त्यो news हरूलाई यदि तपाईंहरूले राम्रोसँग आगामी दिनहरूमा संप्रेषण गरदिनुभयो भने त्यसले नेपालमा यो संसदीय लोकतन्त्रलाई parliamentary democracy लाई बलियो गर्न मद्दत गर्छ भन्ने म media लाई पनि आग्रह गर्न चाहन्छु, चार कुरा। र अन्तिम कुरा, त्यसको बाबजुद पनि म कुन पार्टीबाट, कहाँबाट, कुन प्रदेशबाट जितेर आएँ भन्ने होइन । मैले आफ्नो ६ वर्षको जीवनमा एक ठाउँमा गल्ती गरेकै थिएँ मैले बाँकी मैले जतिसुकै राम्रो काम गरे पनि राम्रो भन्ने आफ्नो वुद्धिले, बर्कतले भ्याएसम्म मैले कुरा राखे पनि सम्माननीय अध्यक्ष महोदय, एक ठाउँमा मैले गल्ती गरेकै थिएँ। त्यो गल्ती भनेको एउटा विधेयकको सन्दर्भमा त्यो परिस्थितिजन्य थियो। तथापि म critical हुन चाहन्छु, self-critical हुन चाहन्छु त्यो सन्दर्भमा, self-critical हुन चाहन्छु र मैले लेनिनको त्यो वाक्यलाई सम्झन्छु कि "मान्छेले गल्ती गर्छ, गल्ती गरेन भने त्यो मान्छे नै हुँदैन, गल्ती नगर्ने देउता मात्रै हुन्छ।" र जो मान्छे बारम्बार गल्ती गर्छ उ वदमास हुन्छ। मैले एक चोटि गल्ती गरेको छु, म बारम्बार गल्ती गर्दिन। यो प्रण म सम्माननीय अध्यक्ष महोदयमार्फत सम्पूर्ण media जगतलाई, नेपाली समाजमा, नेपालको नेताहरूका बिचमा गर्न चाहन्छु। तथापि let us move together म भन्न चाहन्छु एक जना माननीयज्यूले भन्नुभयो देश ठुलो चुनौतीको अगाडि खडा छ अहिले। त्यसकारण संघीय लोकतान्त्रिक गणतन्त्रलाई बचाउने र जसलाई हामीले ल्यायौं संघीय लोकतान्त्रिक गणतन्त्र र संघीय संसद निर्माण जसले गर्‍यौं ती forces हरूको बिचमा आज unity को आवश्यकता छ। Unity र सबल एउटा एकता र सङ्घर्ष यस्तो philosophical rule of law हो यो र rule हो यो philosophical द्वन्द्ववादको law हो यो जो दुनियामा कसैले काट्न सक्या छैन। त्यसकारण हाम्रो बिचमा जतिसुकै ठुला पार्टीहरूका बिचमा र परिवर्तनकारी शक्तिहरूको बिचमा जतिसुकै हाम्रा संघर्षका आयामहरू देखिए तापनि त्यो भित्रबाट unity खोजेर अहिलेको सन्दर्भमा संघीय लोकतान्त्रिकलाई बचाउनको निमित्त र मुलुकलाई अग्रगमनको दिशामा लग्ने यथास्थितिमा राख्ने होइन अग्रगमनको, यथास्थितिले फेरि

contradiction ल्याउँछ। अग्रगमनको दिशामा आगाडि जान सबै एक ठाउँमा उभिने हामीले प्रयत्न गरौं र त्यो दिशामा हाम्रो सम्माननीय अध्यक्ष महोदय,ले एक ठाउँमा भन्नु भएको थियो कि मैले यो कुरा राष्ट्रिय सभाबाट निस्किसके पछाडि पनि आगामि दिनमा म सक्रिय राजनीतिमा रहन्छु भन्ने सम्माननीय अध्यक्ष महोदय,ले भन्नुभएको थियो। त्यो वक्तव्यलाई म स्वागत गर्दै म भन्न चाहन्छु अगामी दिनमा अहिले हामी यहाँबाट जो जो निस्किराखेका छौं। हामी सबै कुनै कुनै ठाँउमा संघीय लोकतान्त्रिकलाई बलियो गर्नको लागि, अग्रगमनलाई बढाउनको लागि एक ठाउँमा हातेमालो गरेर हामी सबै अगाडि बढौं। नेपालको भविष्य धेरै राम्रो छ। नेपालको भविष्य धेरै राम्रो छ खाली नेतृत्व सुध्रिनुपर्‍यो। यति कुरा गर्दै म यहाँबाट विदा लिन चाहन्छु। फेरि पनि एकचोटि यहाँहरू प्रति सम्मानीत चेयरमार्फत नतमस्तक हुँदै, प्रणाम गर्दै, नमस्कार गर्दै, अभिवादन गर्दै म विदा हुन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रमेशजंग रायमाझी। यसपछि माननीय सदस्य रामचन्द्र राई।

(१२:४३ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, सर्वप्रथम यस सदनमा प्रवेश गर्दै गर्दा २०७४ साल फागुन २० गते यो सदनमा प्रवेश गर्दाखेरि हामीहरू ५९ जना सदस्यहरू प्रवेश गर्‍या थियौं र हामीभन्दा अगाडि जाने ती माननीयज्यूहरूलाई पनि एकपल्ट सम्झिन चाहन्छु। धेरै माननीयज्यूहरू निरन्तर राजनीतिमा हुनुहुन्छ, प्रतिनिधि सभामा हुनुहुन्छ, प्रदेश सभामा हुनुहुन्छ, मुख्यमन्त्रीको भूमिकामा हुनुहुन्छ। त्यसकारण यो यहाँबाट बिदा हुँदै गर्दा राजनीतिक जीवन नै समाप्त भएजस्तो र निराश हुनुपर्ने कुराहरू छैन जस्तो मलाई लाग्छ। त्यसकारण सबभन्दा पहिले हामीलाई यो दिन देखाउने ती महान् नेताहरू, बीपी कोइरालालगायत सम्पूर्ण नेताहरूलाई एकपल्ट स्मरण गर्न चाहन्छु। उहाँहरूप्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। यो व्यवस्था स्थापित गर्ने ती सहिदहरूलाई, सहिद परिवारहरूप्रति श्रद्धासुमन व्यक्त गर्न चाहन्छु। र मलाई यो अवसर प्राप्त गर्ने मेरा पार्टीका श्रद्धेय सभापति, पूर्व प्रधानमन्त्री, प्रतिनिधि सभा संसदीय दलका नेता श्रद्धेय शेरबहादुर देउवालगायत पार्टीका सबै नेताहरू, अग्रज नेतृत्वहरू र मेरा साथीहरू सबैमा आभार व्यक्त गर्न चाहन्छु। र मलाई यो राष्ट्रिय सभाका र निर्वाचित गराएर पठाउनुहुने कोशी प्रदेशका माननीयज्यूहरू, स्थानीय निकायका जनप्रतिनिधिहरू, उहाँहरूप्रति म सधैंभरि कृतज्ञ रहने छु। उहाँहरूले मतदान गरेर मलाई यो ६ वर्ष राष्ट्रिय सभामा आएर देशका मुद्दाहरूलाई उठाउने, सम्बोधन गर्ने, पार्टीभित्र

देखिएका कुराहरूलाई पनि सम्बोधन गराउने जुन थलोको रूपमा मैले यसलाई यो रोस्टमबाट पटक पटक कुराहरू उठाएँ। मैले यहाँ रोस्टमबाट कुरा उठाउँदै गर्दाखेरि यो ६ वर्षमा लगभग २१ सय ९० दिन हुँदो रहेछ। २१ सय ९० दिनमध्येमा अब २ दिन बाँकी छ। २ दिन भने २१ सय ८८ दिन मैले यो रोस्टम र यो सदनमा उभिएर आफ्ना कुराहरू राख्ने अवसर पाएँ। र त्यसमा यो महत्त्वपूर्ण भूमिका दिनेमा मेरो पार्टी र सम्माननीय अध्यक्षज्यू, पार्टीका नेताहरू, माननीयज्यूहरू, सबैको भूमिका समितिका सभापतिज्यूहरूको भूमिका रह्यो। र ५२ हजार ५६० घण्टा हुँदो रहेछ। यो ५६० घण्टामध्येमा अब ६० घण्टा बाँकी छ हामीसँग। ६० घण्टा बितेपछि हामी चाहिँ माननीयको रूपबाट बिदा हुँदै छौं तर राजनीतिक रूपमा बिदा हुँदै छैनौं।

त्यसकारण यो सदनमा आउँदै गर्दाखेरि सबभन्दा पहिले म विशेष गरेर हाम्रो सम्माननीय अध्यक्षज्यूलाई धन्यवाद दिन चाहन्छु। कहिलेकाहीं राष्ट्रिय सभा र प्रतिनिधि सभाको भूमिकाको विषयमा कुराहरू उठ्छ यहाँ। प्रतिनिधि सभामा आफ्नै खालको भूमिका होला। ठुल्ठुला नेताहरू हुनुहुन्छ होला उपस्थिति। तर राष्ट्रिय सभाले प्रतिनिधि सभाभन्दा एक सुका पनि कुनै कम काम गरेको जस्तो मलाई लाग्दैन किनभने राष्ट्रिय सभाले आफ्नो गरिमा बचाउन सक्यो कि सकेन। विद्वत्वर्गको सभा भनिन्थ्यो त्यहाँ, ती व्यक्तिहरू लान सक्यो कि सकिएन भन्या छ। विद्वता भनेको त हामीले ल्याएकै छौं नि। हामीले उहाँहरूको बुद्धि लिएको छौं, समितिको मिटिङमा बोला' छौं, समितिमा उहाँहरूको ज्ञान बुद्धिहरूको सेयर गर्‍या छौं। विद्वत् भनेको त हामी राजनीतिमा यो राजनीतिक थलो हो। यो राजनीतिक निर्णय गर्ने थलो हो। संविधान बनाउँदैखेरि दुइटा सदनको कल्पना गरेर बनाइएको थियो। राष्ट्रिय सभा र प्रतिनिधि सभाको दुइटा कल्पना गरेर बनेको सदन, त्यसकारण यो राजनीतिक थलो हो। यहाँ राजनीतिक मान्छे नै आउने हो। विज्ञको त बुद्धि किन्ने हो नि। बुद्धि त किनी रा' छौं नि हामी। हामी ल्याइराछौं consultant भन्या छौं, गरिरा' छौं। त्यसकारण यो विज्ञता भएन कि भन्ने कहिलेकाहीं प्रश्नहरू उठाउने कुरा हुन्छ। त्यो चाहिँ मेरो त्यसमा सहमत छैन। त्यसैले प्रतिनिधि सभाले राज्यले अझै सरकारले ल्याएको विधेयकहरूलाई प्रतिनिधि सभामा अझै कति पेन्डिङ होला तर राष्ट्रिय सभाले पेन्डिङ राखेन। हाम्रो साथीहरूले, माननीयज्यूहरूले गरेको मेहनत हामीले एउटा नियमावलीले हामी संशोधन गरेको छौं। त्यो नियमावली नै हामीले आज पास गर्दै छौं। हामीसँग रहेको सम्पत्ति शुद्धीकरण विधेयक पनि हामीले पास गरेको छौं। हामीसँग रहेका विधेयकहरूलाई राष्ट्रिय सभाले कहिले पनि टेबुलमुनि लुकाउने काम गरेन। राष्ट्रिय सभाको समितिहरू पनि सक्रिय नै रहें, ४ वटै समिति। विधेयकमा काम गरेका माननीयज्यूहरू पनि सक्रिय हुनुभो'। हो, हामी यो राष्ट्रिय सभामा प्रवेश गर्दै गर्दाखेरि हामीसँग अनुभव थिएन। हामी कसरी अगाडि बढ्ने होला, कसरी

बोल्ने होला, बाहिर भाषण गरेर चिच्याए जस्तो होइन होला, यहाँको शैली अर्कै होला भनेर हामीलाई अप्ठ्यारै थियो। तर जब यहाँ बस्यौं, छियौं, पस्यौं त्यहाँ पछाडि सम्माननीयज्यू पनि नयाँ हुनुहुन्थ्यो। हामीहरू सबै नयाँ नयाँका बिचमा हामीले एकअर्कासँग हातेमालो गर्‍यौं। एकअर्कालाई सहयोग गर्‍यौं, वार्ता गर्‍यौं। प्रतिनिधि सभा जस्तो कुर्सी फ्याँक्ने थलोको रूपमा राष्ट्रिय सभालाई बनाएनौं हामीले। त्यो पनि हाम्रो एउटा गौरवको विषय हो। त्यसकारण गौरव गर्नुपर्छ भन्ने हामीलाई लाग्छ। र यो राष्ट्रिय सभामा आज हामीहरू काम गर्दै जाँदाखेरि धेरै वटा कामहरूमा राष्ट्रिय सभाले चाहिँ राष्ट्रिय रेकर्डै कायम गरेको भन्छु म। किनभने कुनै पनि विधेयकहरू पेन्डिङमा नजानु तर राष्ट्रिय सभाले उत्पत्ति गरेर पठाएको विधेयक प्रतिनिधि सभामा गएर टेबुलमुनि थन्किएको छ। किन हो? प्रतिनिधि सभा र राष्ट्रिय सभाको बिचमा विभेद किन? प्रतिनिधि सभाले त्यो काम किन गरिरहेको छ? त्यो काम नगरोस्। त्यो विधेयकलाई राष्ट्रिय सभामा तुरुन्त पठाउने, संशोधन गर्नु आवश्यक छ भने सम्पत्ति शुद्धीकरण विधेयक आयो, हामीले त्यहाँ केही संशोधन गर्नुपर्‍यो, हामीले संशोधन गरेर पठायौं। त्यहाँ पनि केही संशोधन छ भने गरेर पठाउनुपर्‍यो। किन रोक्नु भन्या एउटा अर्काको सभाको अस्तित्व अस्वीकार गर्नु हो, त्यो राम्रो कुरो होइन, विशेष गरेर।

र अब मैले यो सदनमा धेरैपल्ट बोल्दाखेरि सत्ताको पक्षको पनि नेतृत्व गरेको रूपमा पाएँ, प्रतिपक्षको दलको नेताको पनि दुइटै भूमिका मैले पाएँ। पाउँदै गर्दाखेरि म चाहिँ प्रतिपक्षकै दलको नेताजस्तो जहिले पनि जनताको कुराहरू उठाइरहे मैले। म सत्ताको धेरै वकालत गरिनँ मैले। सत्ताले जे जे गर्छ, त्यसलाई कुखुराले बच्चा छोपे जस्तो गरेर मैले त्यो काम गरिनँ। मेरो ड्युटी मलाई जनताले पठाएको, मेरो पार्टीले गलतलाई गलत भन सहीलाई सही भन भनेर पठा'को भने जस्तो लाग्यो र म त्यही हिसाबको आशय यो सदनमा मैले आफूलाई प्रस्तुत गरें। र मेरो अलिक बोलाइमा त्यतिखेर कति कुराहरूमा कडा होला। म निर्वाचन २०७० सालमा मोरङको क्षेत्रमा ८ वटा, संविधान, दोस्रो संविधान सभा लडेको मान्छे हो। म त्यतिखेर चाहन्थें म आफैं निर्वाचित भएर आएर नेपालको संविधान हस्ताक्षर गर्ने, बनाउने कुरामा मेरो पनि भूमिका रहोस् भन्ने चाहन्थें। तर म केही झिनो मतले पराजित हुन पुगें। त्यसैले म संविधान बनाउने कुरामा सहभागी भइनँ। तर संविधान कार्यान्वयन गर्ने पक्षमा म फेरि मेरो पार्टीले, मेरा पार्टीका साथीहरूले, पार्टीका नेतृत्वहरूले र त्यो प्रदेशका जनप्रतिनिहरूले गर्दाखेरि म यहाँ आएर मेरो यो संघीय शासन प्रणालीलाई बलियो बनाउनका लागि मेरो भूमिका रह्यो भन्ने म ठान्दछु। त्यसैले यो सदनमा सदनसँग म गौरव गर्छु। यहाँबाट जाँदै गर्दा यहाँको सबै कर्मचारी साथीहरूले पनि हामीलाई सहयोग गर्नुभा' छ। हामीलाई न थाहा पा'का कुराहरू उहाँले हामीलाई सहयोग गर्नुभा'

छ, डकुमेन्टहरू उपलब्ध गराउनुभा' छ। सम्माननीयज्यूको त मैले भनें सम्माननीयले राष्ट्रिय सभासँग प्रतिनिधि सभाले सिक्न पर्छ भन्ने मेरो धारणा छ। प्रतिनिधि सभामा साना साना कुरामा पनि संसद अवरुद्ध हुने। त्यो कुरा बसेर समस्याको समाधान गर्न सक्ने चिजहरू पनि नगरिरहेको देख्दा राष्ट्रिय सभाले आफ्नो निर्धारित समयमा जहिले पनि बैठक राख्यो। ११ बजेर १ मिनेटमा एक मिनेट भयो, ११ बजेर १५ मिनेटमा १५ मिनेट भयो। कहिलेकाहीँ यो हेपिएको सदनबाट पनि प्रतिनिधि सभाले सिके हुन्छ भन्ने मलाई लाग्छ। हेपिएको छ। प्रतिनिधि सभाले राष्ट्रसभालाई हेपेकै छ। यसलाई भन्नलाई मलाई कुनै द्विविधा छैन। किनभने यहाँ चाहिँ कति कुराहरू हामीले मन्त्री खोज्नुपर्छ, संसद सुरु गर्ने बेलामा अध्यक्षज्यू टाइममा सुरु गर्ने तर मन्त्रीहरू नआइदिने, मन्त्रीका list चाहिँ प्राप्त हुने, त्यो मन्त्री कहाँ, कता कता ribbon काट्न हिँड्दिने। मैले त यहीँ रोस्टमबाट भन्या थिएँ प्रधानमन्त्रीज्यू सक्नुहुन्छ भने एउटा चाहिँ उद्घाटन मन्त्री बनाइदिनुस्। उद्घाटन जति सबै उहाँले गर्ने, काम जति अरूले मन्त्रीले गर्ने पनि भनेको थिएँ मैले। त्यसकारण पनि जसको जिम्मेवारी तोकिएको छ, त्यो मन्त्रीहरू समयमा सदनमा उपस्थित हुनुपर्‍यो। सदनको मर्यादा बढाउँदाखेरि मन्त्रीको पनि, राज्यको पनि, सरकारको पनि मर्यादा बढ्छ। त्यसकारण यी कुराहरूमा म सरकारलाई सुझावको रूपमा सरकारले लियोस् भन्न चाहन्छु।

र विशेष गरेर अब मेरो स्वभाव अलिकति कुरा राख्दाखेरि कडै हुन्छ तर म जनताकोबिचमा निर्वाचन लडेको मान्छे भएकोले मेरो दुई रूप भयो होला, दुई रूप देखियो पनि होला। संसदमा बोल्दाखेरि कडा, जनताकोमा जाँदाखेरि नरम भएर पनि जनताले पत्याउँदैन। निर्वाचन लडेको मान्छे भएको कारणले मेरो स्वभावमा पनि दुई खालको स्वभाव छ। र दुई हिसाबले म आफूलाई प्रस्तुत गरें। यो सदनमा एउटा जिम्मेवार, जिम्मेवार सांसदको हिसाबले आफ्नो कुराहरू राखें। र मैले जनताका, मान्छेबिचमा जाँदाखेरि जनताले उठाएका कुराहरूलाई सम्बोधन गर्ने प्रयास गरें। र मलाई सबैको सहयोग प्राप्त भयो। सबैलाई म आभार पनि व्यक्त गर्न चाहन्छु, सम्माननीय अध्यक्षज्यू पुनः र उपाध्यक्षज्यू, माननीयज्यूहरू पनि, समितिको सभापतिज्यूहरू, कर्मचारी, महासचिवज्यूलगायत सचिवज्यू, मर्यादा पालकहरू र यहाँको कर्मचारी साथीहरू सबैले सहयोग दिएको प्राप्त भएको हुनाले उहाँहरू सबैमा आभार व्यक्त गर्दै मेरा अनुभवहरू, मैले जानेका कुराहरू भोलिका दिनमा पनि राज्यको लागि, सही बाटोको लागि फेरि लगाउने नै छु, राजनीतिमा निरन्तर रूपमा सक्रिय हुने छु भन्ने विश्वासका साथ विश्वास गर्दै बिदा हुन चाहन्छु। धन्यवाद। जय नेपाल।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य रामचन्द्र राई। त्यसपछि माननीय सदस्य बिना पोखरेल।

(१२:५४ बजे) **माननीय श्री रामचन्द्र राई (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यो संविधान घोषणा भएपछि पहिलो पटकको राष्ट्रिय सभा निर्वाचन भएर आज छ वर्षसम्म काम गरियो। यो छ वर्षसम्म काम गर्ने अवसर प्रदान गर्ने मेरो पार्टी नेकपा एमाले, यसको नेतृत्व केपी शर्मा ओली र त्यो निर्वाचनमा मलाई उम्मेदवार बनाएको र त्यो उम्मेदवारलाई मतदान गरेर जिताउने मेरो बागमती प्रदेशको २०७४ सालको निर्वाचित प्रदेश सभाका सदस्य साथीहरू गाउँपालिका, नगरपालिका प्रमुख, उपप्रमुख र अध्यक्ष, उपाध्यक्ष साथीहरूलाई म यो छ वर्ष पूरा गरिरहेको सन्दर्भमा पार्टी र ती जनप्रतिनिधि साथीहरूलाई धन्यवाद भन्न चाहन्छु। यसैगरी यो छ वर्ष कटाइरहँदाखेरि हामी बीचमा ५९ जना बीचमा सधैंभरि एकदम मित्रभावका साथ यसलाई चाहिँ ठिक काम गर्नपर्छ भन्ने भावका साथ काम गर्न सक्यो। यो भावना जागृत हामी सबैमा भइरहेको हुँदाखेरी सबै माननीय सदस्य साथीहरूलाई पनि अध्यक्षज्यूमार्फत सबैलाई धन्यवाद भन्न चाहन्छु। त्यसैगरी हाम्रो संसद सचिवालयका कर्मचारी साथीहरू र यो सदनलाई सुचारु व्यवस्थित सञ्चालन गर्ने क्रममा सहयोग पुर्याउनुहुने अरू राष्ट्रसेवक कर्मचारीहरूलाई पनि म आजका यो सन्दर्भमा धन्यवाद भन्न चाहन्छु। मैले अब यो सदनमा आइरहँदाखेरि हामीलाई लागेको थियो विधायिकी काम धेरै गरिन्छ होला भन्ने लागेको थियो। विधायिकी काम चाहिँ यो विधान व्यवस्थापन हाम्रो समितिले मात्रै गर्ने हुँदा यसमा त्यति भूमिका निर्वाह गर्न पाइएन यो मलाई अलिअलि feel भा को छ। यस्तो नभइदिए हुन्थ्यो यद्यपि यो संशोधित नियमावलीले बाटो खोलेको होला कम्तीमा पनि विषयगत समितिहरूमा त्योसँग सम्बन्धित विलहरू चाहिँ बिधेयकहरू चाहिँ गइदियो भने विधायिकी काम पनि सबै सांसदहरूले गर्न पाउथ्यौं, त्यो चाहिँ खड्किएको छ। त्यसैगरी मैले आफैंले राम्रोसित अनुभूत गरेको विषय चाहिँ के हो भने यो दुई सदनात्मक संसदीय प्रणालीमा दुईटैको उस्तै त हो नि भनेर भनेको यद्यपि दुईटैको उस्तै हो भनेर मैले पनि भन्छु, संविधानले पनि त्यसै भन्ला, जे जे भए पनि संसदप्रति सरकार जिम्मेवार भएको देखिएन। संसदप्रति सरकार जिम्मेवार छैन, गैरजिम्मेवार छ। सरकारले संसदलाई नियन्त्रण गर्न खोज्छ। हाम्रो व्यवस्थापिका, कार्यपालिका र न्यायपालिका तीनवटा बीचमा सन्तुलनको सिद्धान्त कायम होस्, सन्तुलन कायम होस् भनेर तीनवटा अङ्ग बनाइएकोमा यसले एकले अर्कालाई जहिले पनि नियन्त्रण गर्ने कुरा मात्रै मैले महसुस गरेको छु। आउँदो दिनमा कम्तीमा पनि यी कमीहरूलाई सुधार्न सकियो भने सरकारले संसदलाई नियन्त्रण गर्ने होइन, संसदले चाहिँ सरकारलाई नियन्त्रण हैन suggest गर्ने हो। न्यायपालिकाले

सरकारलाई नियन्त्रण गरेको देखिन्छ। न्यायपालिकालाई पनि सरकारले नियन्त्रण गरेको देखिन्छ। अनि यो खालको balance यो सन्तुलन कायम गर्नुपर्‍यो। सन्तुलन कायम नभएको अनुभूत भएको छ है। त्यो पाटोमा आउँदा दिनमा सोच्न पर्छ भन्ने लाग्छ। त्यसपछि संसदमा हाम्रो भूमिका हाम्ले निर्वाह गर्न चाहेको भूमिका जसरी पनि निर्वाह गर्न चाहेको त्यसैगरी निर्वाह गर्‍यो  भन्ने सबैलाई लागेको छ, मलाई पनि लागेको छ। मैले जनसरोकारका विषयमा उठाउनुपर्ने कुरा उठाएको छु। सरकारले सुनेको छैन। मेरो केही लागेन। हामी सबै सांसदहरूको हालत त्यो हो, त्यसैले भनेको संसदप्रति सरकार जिम्मेवार छैन। संसदले उठाएको कुरालाई सरकार देख्दैन। उ संसद नियन्त्रण गर्न खोज्छ। जबकी त्यसो होइन। त्यसो भएकोले संसदीय समितिहरूमा चाहिँ हाम्रो भूमिका खोज्ने हो। म राष्ट्रिय सभाका माननीय सदस्यहरूले मेरो सन्दर्भबाट अरूको के होला मलाई थाहा छैन। मेरो सन्दर्भमा राष्ट्रिय सभामा रहेर काम गर्दाखेरी संसदीय समितिमा चाहिँ हामीले भरपूर सरकारलाई, मुलुकलाई सेवा गर्ने कुरा सरकारलाई सहयोग गर्ने कुरामा भरपूर समय प्रयोग गर्‍यौं भरपुर हाम्रो चाहिँ क्षमता, योग्यता, क्षमता प्रयोग गर्‍यौं भन्ने लाग्छ। यस सन्दर्भमा मैले छ वर्ष राष्ट्रिय सरोकार तथा समन्वय समितिको सदस्य भएर काम गर्ने अवसर पाएँ। यो बीचमा २ पटक राष्ट्रिय सरोकार तथा समन्वय समितिले २ चोटी उपसमिति बनायो। त्यसको उपसमितिको संयोजक बन्ने अवसर पाएँ र यो बेला मैले मुलुकलाई नजिकबाट हेर्ने कुरामा मुलुकमा भैरहेको विकास निर्माणलाई नजिकबाट बुझ्ने क्रममा राष्ट्रिय गौरवका आयोजनाहरू पिछडिएको क्षेत्रका भेगका सन्दर्भमा राम्रोसित मसिनो ढङ्गले हेर्न पाएँ। त्यो हेरेको र बुझेको, अध्ययनबाट प्राप्त भएको report हरूलाई प्रतिवेदनलाई समितिबाट सभामा पनि प्रस्तुत गरेको छौं। त्यसले पनि देखाउला तर म के भन्छु भन्दा राष्ट्रिय गौरवका आयोजनाहरू हेर्दाखेरि आज नेपालमा नेपालको कृषि क्षेत्र सबैभन्दा महत्त्वपूर्ण क्षेत्र हो भन्छौं आयोजनाहरू सञ्चालित हुन कुनै ३० वर्ष भए, कुनै २० वर्ष भए, कुनै १० वर्ष भए, कुनै २/३ वर्षदेखि सुरु छ तर आजसम्म कुनैपनि कुरा भा को छैन कुनैपनि पूरा गरिएको छैन त्यसैगरी यो राष्ट्रिय गौरवका आयोजना, game changer आयोजना भनेर fast track लाई भन्छौं। Fast track को काम अब मलाई लाग्छ बुझ्मती र खोकनाको जमिनको कुरा टुङ्गियो भने fast track ले पनि २०८४/८५ भित्रमा यसबाट गाडी दौडन्छ। हामीले आफैं हेरेको यो सुनकोशी मरिन डाईभर्सन सायद मार्च यो वर्ष भित्रमा, यो आर्थिक वर्ष भित्रमा सुरुङ्ग breakthrough हुन्छ। Dam र त्यो power house बन्यो भने त्यो पनि काम हुन्छ। हामी त त्यसमा थप पनि भन्यौ हामीले suggest पनि गर्या छौं। थप पनि के भन्यौं त्यहाँ ३१ मेगावाट बिजुली उत्पादन हुन्छ त्यो ३१ मेगावाट बिजुली त्यहीं खपत गर, सिन्धुलीमा खपत गर्ने योजना बनाउ। लगानी सम्मेलन पर्सि बैशाखमा हुँदैछ। त्यहाँ कुरा गर र त्यो ३१ मेगावाट बिजुली

त्यहीँ खपत हुनेगरी चाहिँ योजना बनाऊँ। अस्ती प्रधानमन्त्रीज्यूसँग पनि भनियो। Report मा पनि हामीले भनेका छौं। त्यसो नगरीकन नगरकोटमा यदि यो चाहिँ transmission यो connect गर्न जाने हो भने देखि छ अर्बको हिसाब उहिल्यै निस्क्या छ, जङ्गल नाशिन्छ भन्छ। यी सबै समस्या समाधान हुन्थ्यो र अन्तमा म थोरै कुरा के भन्छु भन्दा नेपालका राजनीतिक पार्टीहरूले राजनीतिक परिवर्तन गर्ने बेलामा साच्चैं एकमना एकताका साथ आन्दोलन गरे, राजनीति गरे, क्रान्ति सम्पन्न भयो। राजनीतिक परिवर्तन गरे राजनीतिक परिवर्तन नेपाली जनताले पाए। राजनीतिक परिवर्तन गरिरहँदाखेरि भनेको कुरा के थियो आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण पनि हाम्रो दायित्व हो, हामी गर्छौं भनेका थिए। जब राजनीतिक परिवर्तन सम्पन्न भो त्यसपछि आर्थिक, सामाजिक, साँस्कृतिक परिवर्तन जनताको जीवनमा परिवर्तनको चासो रुपान्तरित हुने कुरामा चाहिँ त्यसलाई चाहिँ स्वतन्त्र छोडिदिए। यतिखेर मलाई भन्न मन लाग्छ यो मुलुक बिगार्ने मान्छे दलका ठुलाहरू हुन। ठुलाहरू सच्चिए भने यो मुलुकका दलका ठुलाहरू सच्चिए भने जसैगरी राजनीतिक क्रान्ति गरिरहँदाखेरि राजनीतिक आन्दोलन गरिरहँदा, राजनीतिक परिवर्तनका मुद्दामा लागिरहँदाखेरि जुन भावना हो, जुन उद्देश्यका साथ लागेका थियौं र आन्दोलन सफल भा'को थियो। त्यसै गरी आर्थिक, सामाजिक, सांस्कृतिक रूपान्तरण गर्ने र नेपाली जनतालाई अधिकारसम्पन्न बनाउने, नेपाली जनताको जीवनमा खुसियाली ल्याउने आजभन्दा भोलि यसलाई समृद्ध बनाउँदै सुखी बनाउँदै लाने भन्ने मुद्दालाई पनि सँगसँगै गा'को भए हुन्थ्यो। यो कामको अगुवाइ नेपाली राजनीतिक दलका ठुलाहरूले नगरेको हुँदा नेपालको राजनीतिमा अहिले जुन ढङ्गको वितृष्णा, जुन ढङ्गको राजनीतिबाट मान्छे विमुख हुने स्थिति पैदा भएको छ, निरसता पैदा भएको छ। नयाँ दलहरू आउने काम भएको छ। नेपाल छोडेर विदेश जाने काम भएको छ। यो काम रोकिन्थ्यो। म ठुला दलका ती नेताहरूलाई जसैगरी राजनीतिक क्रान्ति, आन्दोलन गर्दाखेरि एकताबद्ध भएर राजनीतिक आन्दोलन पछाडि आर्थिक, सामाजिक, साँस्कृतिक रुपान्तरण नै हाम्रो अभिष्ट हो भनेर भन्थे त्यो पाटोमा लागुन् | ठुलाहरूले ती काम गरे भने हुन्छ नभए भने यो मुलुक बिगार्ने काम राजनीतिक दलका ठुलाहरूले बिगारेका हुन्। यिनले काम गरेनन् भने यिनलाई ठुला होइन अब ठालु भन्नुपर्छ। त्यो दिन नआओस्, म सचेत गराउन चाहन्छु। धन्यवाद।

<u>**सम्माननीय अध्यक्ष**</u>:- माननीय सदस्य विना पोखरेल। यसपछि माननीय सदस्य डा. विमला राई पौडयाल।

**(१३:०४ बजे) <u>माननीय श्री विना पोखरेल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** अध्यक्ष महोदय, संविधान सभाले २०७२ सालमा संविधान जारी गरिसकेपछि संविधानमा भएको व्यवस्थाअनुसार पहिलो राष्ट्रिय सभाको निर्वाचन २०७४ मा सहभागी भई राष्ट्रिय सभालाई संस्थागत गर्ने ऐतिहासिक अवसर प्राप्त भएकामध्ये यहाँ बाँकी रहेका हामी एक तिहाई सदस्यको कार्यकाल यही फागुन २० गते सकिँदै छ। अनुभवका हिसाबले शून्यतामा यस सभाभित्र भित्रिएका हामी राम्रा अनुभव र चेतना लिएर बाहिरिँदै छौं। यो ६ वर्षको कार्यकालमा राष्ट्रिय सभाभित्र सबैसँगको मेरो छलफल, संवाद, अन्तरक्रिया र सहकार्य अत्यन्तै सुखद रह्यो। नजिकको सहकार्यमा सहभागी सबै माननीयज्यूहरू र राष्ट्रसेवक कर्मचारीहरू सबैलाई म धन्यवाद भन्न चाहन्छु। साथै गरिमामय यस सभालाई अविच्छिन्न नेतृत्व प्रदान गर्नुहुने यस सभाका सम्माननीय अध्यक्षज्यू, माननीय उपाध्यक्षज्यूलगायत समितिका माननीय सभापतिज्यूहरूले जुन वातावरण बनाउनुभयो, उहाँहरू सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु। राष्ट्रिय सभा सदस्य बन्नको लागि उम्मेदवार छनोट गरी सिफारिस गर्ने मेरो दल नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्रको त्यहाँ समितिको प्रदेश समिति, निर्णय गर्ने पार्टी केन्द्र र टिकट प्रदान गर्ने केन्द्रीय अध्यक्ष कमरेड प्रचण्डलाई हार्दिक धन्यवाद दिन चाहन्छु। यही माघ ११ गते सम्पन्न भएको राष्ट्रिय सभाका निर्वाचनबाट विजयी तथा सम्माननीय राष्ट्रपतिज्यूद्वारा मनोनीत भई यस सभामा आउनुहुने सबैमा नवनिर्वाचित तथा मनोनित माननीयज्यूहरूलाई म सफल कार्यकालको शुभकामनासहित हार्दिक बधाई पनि दिन चाहन्छु।

राष्ट्रिय सभामा हामीले खेलेको भूमिका र काम कारबाहीहरू सिङ्गै सभा र विषयगत समितिले तयार पारेको प्रतिवेदनमा स्पष्ट नै छ। आफ्नो कार्यकाल कस्तो रह्यो, यो आफू स्वयम् ले होइन, अरूले मूल्याङ्कन गर्ने विषय हो। सायद अब राष्ट्रिय सभा सदस्यको हैसियतले मैले सदनभित्र विशेष समयमा बोल्ने यो अन्तिम हो। त्यसैले समयलाई ख्याल गर्दै सङ्क्षिप्त सङ्क्षिप्त रूपमा म आफ्ना केही अनुभूतिजन्य समीक्षात्मक र सुझावमूलक धारणा राख्न चाहन्छु। मेरो लागि संसदीय फाँट नयाँ थियो। राष्ट्रिय सभा त झन् प्रत्यक्ष अनुभवको हिसाबले नयाँ हुने नै भयो। किनकि नयाँ संविधानको व्यवस्थाअनुसार २०७४ को निर्वाचनपछि यो सभाको गठन भएको थियो। न व्यावहारिक अनुभव, न नियमावली, न अध्यक्ष, न उपाध्यक्ष, न समिति, न सभापति, त्यसैले नियमावली अध्यक्ष, उपाध्यक्षको निर्वाचन समिति गठन र सभापति चयन प्रक्रियाले सुरुको केही समय लिन पुग्यो। व्यवस्थित ढङ्गले काम सुरु गर्न नपाई अर्को सङ्घर्ष, दलीय समीकरण फेर बदल, कोरोनाको महामारी, अर्को कुरा राष्ट्रिय सभाको एकतिहाई माननीयज्यूहरूको २/२ वर्षमा बहिर्गमन र समिति सभापति र सदस्यको फेरबदल जस्ता

कारणले पनि अपेक्षाकृत काम गर्न निकै कठिन भयो। ६ वर्षको यो कार्यकालमा म राष्ट्रिय सभाका १५ वटै अधिवेशनहरूमा र ३९६ वटै बैठकमा उत्साहजनक ढङ्गले नै सहभागी रहें। कोभिड १९ को २/२ पटकको सङ्क्रमण र आफ्नै आमाको निधनको कारणबाहेक अन्य कामले संसदका गतिविधिबाट म टाढा रहेकी छैन। राष्ट्रिय सभाभित्र रहेका ४ वटा समितिहरूमध्ये म सुरुदेखि नै प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिमा रहें। यो समितिको सुरुदेखि अहिलेसम्मका १ सय, अब २० गते बस्ने भन्ने छ हाम्रो बैठक, त्यसपछि २०० हुन्छ। २०० वटै बैठकमा म सहभागी छु। राष्ट्रिय सभाको नियमित काममा सहयोग पुर्‍याउन, सरकारलाई सदनप्रति उत्तरदायी र जवाफदेही बनाउन, सरकारबाट भए, गरेका काम कारबाहीको अनुगमन र मूल्याङ्कन गरी आवश्यक निर्देशन वा सल्लाह दिनका लागि गठन गरिएको यो समितिले प्रत्यायोजित विधायनको व्यवस्थापन गरी आफ्नो कामको ३ वटा क्षेत्र किटान गरेको छ। यो समितिले आफ्नो कार्यक्षेत्रको अध्ययन छलफल गरी वार्षिक प्रतिवेदन तयार गर्न उपसमिति बनाई काम गर्ने गरेको छ। प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिभित्र बनेका उपसमितिहरूमा म कहिले सदस्य तथा कहिले संयोजक भएर काम गरिरहेको छु र हाल सरकारी आश्वासन उपसमितिको संयोजक छु। यो उपसमितिका हालसम्म ४९ वटा बैठक बसिसकेको छन्। संघीय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्नु र जनताले जनयुद्धलगायतका विभिन्न आन्दोलनहरूमा अभिव्यक्त गरेको भावनाअनुरूप गणतन्त्रलाई विस्तारित गर्दै घरघरसम्म पुर्‍याउनको लागि आवश्यक नीति, नियम र ऐन, कानुनको तर्जुमा गर्नु नै हाम्रो तात्कालिक मुख्य कार्यभार थियो। हामीले राष्ट्रिय सभामा उत्पत्ति भई दर्ता भएका ५८ र २८ विधेयक प्रमाणीकरण गरी सापेक्षित समयमा नै यो कार्यभार पूरा गर्‍यौं। शान्ति र सुशासन कायम गर्दै समृद्धि र विकासको बाटोमा देशलाई अगाडि बढाउने वातावरण तयार गर्न र पहल कदमी लिन सरकारलाई सबै हिसाबले सहयोग गर्दै सरकारको नीति तथा कार्यक्रम र बजेट निर्माणमा रचनात्मक सहयोग हामीले पुर्‍यायौं। संघीयता सुदृढ गर्दै सुशासन कायम गर्न चाहने कतिपय ऐन, कानुनहरू बनायौं। जुन हाम्रो अर्को महत्त्वपूर्ण तात्कालीन कार्यभार थियो। यसका साथै प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिले ऐतिहासिक दस्ताबेज, नक्सा, पुरातात्विक महत्त्वका सामग्रीको सुरक्षा गर्न र पुरानो संसद भवनलाई retrofitting गर्न सम्बन्धित निकाय तथा सरकारलाई सुझाव दियो, लाल बाकसको खोजी गरियो। नेपालले विभिन्न समयमा गरेको सन्धि सम्झौताहरूको खोजी समितिको क्षेत्रधिकारभित्र पर्ने स्थान र सम्पदाको अध्ययन, अवलोकन र नारायणहिटी संग्रहालय व्यवस्थित गर्ने सरकारलाई सुझाव दिने लगायतका थुप्रै कामहरू गर्‍यौं। यसरी हेर्दा राष्ट्रिय सभाको भूमिका प्रभावकारी नै रहेको अनुभूति मैले गरेको छु। राष्ट्रिय सभा नियमावली पनि समयानुकूल संशोधन गर्न विधेयक टेबुल भएको छ। पारित

भई प्रमाणीकरण हुन बाँकी छ। अब राष्ट्रिय सभाका काम अझ व्यवस्थित र छिटो छरितो हुन सक्छ भन्ने मलाई लागेको छ।

अध्यक्ष महोदय, अब म केही सुझाव राख्न चाहन्छु। एक, राष्ट्रिय सभा निरन्तर चलिरहने सर्वोच्च प्रतिनिधि संस्था हो। यसले हाम्रो लोकतान्त्रिक व्यवस्थालाई जीवन्त बनाइराख्न सधैं भूमिका खेलिरहेको हुन्छ। तर फरक फरक निर्वाचन प्रणालीद्वारा निर्वाचन हुने हुँदा राष्ट्रिय सभाले प्रतिनिधि सभा बराबरको महत्त्व र प्रचार कहीँ कतैबाट पनि पाए जस्तो लाग्दैन। यदाकदा यो डाँडापारिको यात्रा गर्न लागेका बुढापाका नेताहरूको मन बहलाउने चौतारी भनेर हल्का ढङ्गले टिप्पणी गरेको र यसको भूमिकालाई अवमूल्यन गरेको पनि सुनिन्छ। सबैलाई थाहा छ, संसद मुख्य रूपमा कानुन बनाउने थलो हो। सरकारलाई नीति निर्माणमा सहयोग पुर्‍याउने र सो नीतिअनुरूप बनेका योजनाको कार्यान्वयनको पक्ष हेर्दा सरकारको निरन्तर खबरदारी गर्ने काम पनि संसदले गर्ने हो। हाम्रो संसद राष्ट्रिय सभा र प्रतिनिधि सभा गरी दुई सदनात्मक छ। त्यसैले एउटाको भूमिका प्रभावकारी र अर्काको केवल औपचारिक मात्र हुनुहुँदैन। दुवैलाई समान ढङ्गले प्रभावकारी बनाउन नीतिगत तथा विधिगत रूपमा देखिएका कमजोरीहरू सच्याइनुपर्दछ। दुई सरकार संसदप्रति पूर्ण रूपमा उत्तरदायी बन्नुपर्दछ। आश्वासन दिने तर कार्यान्वयन नहुने र समितिको बैठकमा आएर औपचारिकता पूरा गर्ने हिसाबले जवाफ दिएर मात्र पुग्दैन। चुच्चे ढुङ्गो उही टुङ्गो, यो कागको काम कराउने हो पिना सुक्दै गर्छ जस्तो हुनुभएन। सरकारलाई सदन र संसदीय समितिले बाध्यकारी निर्देशन दिने र सरकारमाथिको लगाम संसदीय समितिले दिइराख्ने गरी ऐन, कानुन तथा विधेयक विकासमा अब सदनको ध्यान जानुपर्दछ। हामीले अवलम्बन गरेको संघीय ढाँचा र हाम्रो सोच (अलि थोरै छ अध्यक्षयज्यू) एवम् कार्यशैलीमा अत्यन्त ठुलो अन्तर देखिएको छ। ढाँचा संघीयता तर शक्ति चाहिँ केन्द्रमा यो हाम्रो केन्द्रीकृत मानसिकताको प्रतिफल हो। त्यसैले यो मानसिकतालाई बदल्दै नीति, विधि, ऐन, कानुनमा रहेका अपूर्णतालाई पूर्णता दिनेतर्फ सदनको र सबैको पक्षको पनि ध्यान होइन जोड जानुपर्ने सुझाव म राख्न चाहन्छु। २/२ वर्षमा सदनको अनुभव लिएर जनताको माझ जाने र अनुभव खेर जान नदिनेतर्फ यो सदनको र सरकारको ध्यान खिचियोस्। समाज (..... समय सकिएको)।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य डा. विमला राई पौड्याल।

**(१३:१४ बजे)** **<u>माननीय श्री डा. विमला राई पौड्याल (मनोनीत)</u>**:- सम्माननीय अध्यक्षज्यू, आफ्नो tenure सकेर जान लागेको सांसदहरूलाई अनुभव सेयर गर्ने भनेर जुन नयाँ परिपाटी हामीले बसाएका छौं, यसमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। सम्माननीय अध्यक्षज्यू, मैले अहिलेसम्म कुनै पनि ठाउँमा जागिर खाने अथवा सार्वजनिक पद दिने कुनै पनि ठाउँ चाहिँ योजना बनाएर पा'को छैन। र यो पनि एकदमै अप्रत्यासित रूपमा अपर्झट र कल्पनै नगरीकन म राष्ट्रिय सभामा आइपुगेको हुँ। सारै धेरै त्यतातिर सोचेको पनि थिइनँ। तर पनि यस्तो महत्त्वपूर्ण यो विश्वविद्यालय धेरै सांसद साथीहरूले भनिसक्नुभा'को छ, यो विश्वविद्यालय join गर्न, भर्ना हुन पाएँ र यहाँ पढ्न सिक्न पाएँ, सिकेर जान पाएँ, त्यसको लागि म तत्कालीन सरकारका प्रधानमन्त्री श्री केपी शर्मा ओलीज्यू र तत्कालीन राष्ट्रपति श्री विद्यादेवी भण्डारीज्यूमा हार्दिक आभार व्यक्त गर्न चाहन्छु। उहाँहरूले जुन विश्वास लिनुभयो, त्यो विश्वास लिएर नै म यहाँ आएको हुँ। कुनै राजनीतिक दलबाट आएको पनि होइन। त्यो हिसाबमा म एकदमै धेरै आभार व्यक्त गर्न चाहन्छु, यो विश्वासको लागि।

Nomination र appointment हुँदाखेरिको एउटा संवाद यहाँहरूसमक्ष सेयर गर्न चाहन्छु। जब नाम आयो र मलाई त्यहाँ बोलाइयो, अनि प्रधानमन्त्रीज्यूलाई मैले सोधें म कसरी आइपुगें मलाई त थाहा छैन। अनि उहाँले भन्नुभयो कसलाई राख्ने भन्ने कुरा हुँदाखेरि तत्कालीन राष्ट्रपतिज्यूले भन्नुभा'को कुरा उहाँले मलाई सुनाउनुभयो। उहाँले भन्नुभा'को रहेछ राजनीतिक दलबाट cadre हरू त सबै प्रदेशबाट आइहाल्छन्, ल्याइ नै हाल्नुहुन्छ, राजनीतिक दलका प्रतिनिधिहरू त संसदमा आइ नै हाल्नुहुन्छ, कम्तीमा संविधानले तोकेको राष्ट्रपतिले चाहिँ appoint गर्ने यो तीनटा position मा चाहिँ कम्तीमा पनि विभिन्न विषयमा अध्ययन गरेका र विषय विज्ञहरूलाई ल्याउँ भनेर चाहिँ उहाँले भन्नुभयो। त्यो भएर मैले सिफारिस गर्दाखेरि एकजना अर्थविद्, एकजना कानुनविद् र एकजना विकासविद् गरेर तीनजनालाई मनोनयन गरेको छु र यही विज्ञताको आधारमा तपाईहरू तीनै जनाले काम गर्नुहोला भनेर तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीज्यूले भन्नुभयो। त्यसले मलाई धेरै हौसला पनि दियो र त्यो सँगसँगै मैले काम गर्दा प्रत्येक चोटी मैले सम्झन पनि पाएँ। र कतिपय अवस्थामा राजनीतिक दलभन्दा अलिकति फरक रहेर आफ्ना विचारहरू व्यक्त गर्न, आफ्ना अनुभवहरू राख्नको लागि पनि पाएँ त्यसको लागि पनि म हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यो काममा एक्लैले गर्ने कुरा आएन जे जति काम गर्‍यौं त्यो क्रममा अध्यक्षज्यूलगायत सम्पूर्ण माननीयज्यूहरूको साथ सहयोग सधैं नै पाएँ। सबै, सबैजनासँग एकदमै हार्दिक आभार पनि व्यक्त गर्न चाहन्छु।

काम गर्ने क्रममा पास भएँ कि फेल भएँ? म आफैंले त पास भएँ नै भन्ने लाग्छ मलाई, ठान्छु। तर पास कि फेल भन्ने कुरा चाहिँ नागरिकले भन्ने कुरा हो। नागरिकको हातमा पनि, जिम्मामा पनि छोड्छु। सांसदहरूले गर्ने मुख्य काम तीनटा हामी बारम्बार भन्छौं। कानुनको निर्माण, सरकारको कामको निगरानी, खबरदारी र जनताको जनसरोकारको आवाज संसदमा उठाउने, सरकारलाई त्यो प्रति जिम्मेवार बनाउने। यो विषयमा काम गर्दै गर्दाखेरि मैले दुइटा समितिको जिम्मेवारी निभाएँ। एउटा दिगो विकास समिति पहिलो २ वर्ष त्यसमा बसियो। र दोस्रो ४ वर्ष चाहिँ विधायन व्यवस्थापन समितिमा बसेर कानुन निर्माणमै संलग्न भइयो। Perfect कोही हुँदैन काममा। सबै चिजमा हामी विषय विज्ञ हुँदैनौं। पढेको एक चिज हुन्छ, भोगेको एक चिज हुन्छ, गर्ने एक चिज हुन्छ, सबै कुरामा हामी विषय विज्ञ हुँदैनौं। तर जे जस्तो कामहरू गर्‍यौं हामीले, विभिन्न सरोकारवालाहरूसँग सोध्यौं, विषय विज्ञहरूसँग पनि सोध्यौं, छलफल पनि गर्‍यौं एकअर्कासँग पनि छलफल गर्‍यौं र जे जति काम गर्‍यौं त्यसमा सन्तोषै मानेको छु। कानुन निर्माणमा प्राविधिकभन्दा पनि मेरो धेरै झुकाव सामाजिक पक्षबाट भयो। विशेष गरीकन विश्लेषण सुझाव र संशोधनहरू पनि त्यहीअनुसारका गए। सहभागिताका कुरा, जनसहभागिताका कुरादेखि जवाफदेहिताका कुरा, coherence का कुरा, यस्ता कुराहरूमा बढी focus भयो। सरकारको निगरानी गर्ने काममा कहिले समितिको माध्यमबाट, कहिले उत्तरविधायिकी परीक्षणबाट, अनुगमन अवलोकनहरूबाट हामीले सरकारको निगरानी गर्ने काम सबैले सँगै बसेर गर्‍यौं। जनसरोकारका विषयहरूमा रमाइलो के लाग्यो भनेदेखि जनताहरूले जतिबेला पनि त्यहाँ फोन नम्बर खोजेर फोन घुमाइहाल्ने अनि मेरो यस्तो विषय छ संसदमा उठाइदिनुस् भनेर भन्ने। कम्तीमा त्यो level को विश्वास लिन, आर्जन गर्न सकिएछ यो समयमा। यसको लागि म एकदमै धेरै हर्षित पनि छु। धेरैले धेरै खालका सरोकारहरू सुनाउनुहुन्छ, कुरा उठाउनको लागि भन्नुहुन्छ, संसदमा कुरा उठाइदिनुपर्‍यो, सरकारलाई भनिदिनुपर्‍यो भन्नुहुन्छ। त्यहीअनुसार केही अनुसन्धान गरेर, केही मनन गरेर आफूलाई पनि ठिक लागेको विषय संसदमा उठाउने काम हामी गर्छौं। यसमा ताली पनि पाइन्छ, गाली पनि पाइन्छ। ताली पाउँदाखेरि त खुसी नै भइन्छ, गाली पाउँदाखेरि चाहिँ किन उठाएछु नि यो कुरा भन्ने कुरा पनि हुन्छ कहिलेकाहीं। तर जे जस्तो भएता पनि जे आफ्नो जिम्मेवारी हो, जे आफ्नो कार्यक्षेत्र हो र जे अधिकार हो, त्यसमा बसेर अहिले काम गरेका छौं। त्यसले गर्दाखेरि ग्लानि पटक्कै छैन। जे जति गर्‍यौं सक्ने गरीकन गरेका छौं। ग्लानि पटक्कै छैन। मुख्य कुरा के हो भने आफैंले आफैंलाई चाहिँ ढाँट्न सकिँदैन, अरू संसारलाई ढाँट्न सकिन्छ। आफैंले आफैंलाई नढाँट्ने गरीकन काम गर्‍यो भनेदेखि ग्लानि हुँदैन जस्तो मलाई लाग्छ। र मलाई पनि अहिले यो ६ वर्षमा मैले आफैंले आफैंलाई ढाँट्न परेको छैन। त्यो भएर खुसी नै छु।

मन्त्रीको छोटो अनुभव पनि भयो। यो संसदमा आइपुग्दाखेरि ४२ दिनकै भए पनि सरकार कसरी चल्छ, मन्त्रिपरिषद्मा निर्णय कसरी हुन्छ, कुनै दिन समय पाएछु भने लेख्छु भन्ने पनि छ। मन्त्रीपरिषद्मा निर्णय कसरी गरिन्छ, कस्ता खालका छलफल हुन्छन्, यस्ता खालका विषयहरूमा पनि बुझ्ने मौका पाइयो। र आफू सम्बन्धित मन्त्रालयको काम त बुझ्ने मौका पाइ नै हाल्यो। यो विषय पनि एकदम अनौठो, राम्रो अनुभव रह्यो। त्यो अनुभवको विषयमा मैले पहिला पनि भनिसकेको छु यही प्रस्तुत गरेर, त्यसलाई म दोहोर्याउन चाहन्नँ। दुइटा विशेष समितिमा विशेष योगदान गर्न पाइयो। संघीयताको कार्यान्वयन सहजीकरणको कुरा, अनुगमनको कुरा र नियमावली संशोधन समितिको कुरा यसमा पनि राम्रै अनुभवहरू लिइयो।

र मुख्य चारवटा सिकाइहरू यहाँ राख्न चाहन्छु छोटोमा। एउटा मलाई यो ६ वर्षकै अनुभवमा र आफ्नै कामको reflection गर्दा मलाई के लाग्छ भने कम्तीमा हुनत राष्ट्रिय सभा भनेको अलिकति फरक हो। हामीले यहाँ अपाङ्गताको constituency छ, महिलाको constituency छ, विपन्न तथा भूगोलमा पछाडि परेकाहरूको constituency छ। विभिन्न खालको चाहिँ समाजको reflection गर्ने एउटा राम्रो समावेशी थलो हो यो। यसलाई कायम राख्नुपर्छ। तर कम्तीमा राष्ट्रपतिबाट नियुक्ति हुने व्यक्ति चाहिँ विषय विज्ञ र दलभन्दा केही पर भएकै व्यक्ति हुनु जरुरी छ जस्तो मलाई लाग्छ। यो राजनीतिक दलहरूले यसमा इमान्दार भइदिए हुन्थ्यो जस्तो मलाई लाग्छ। विशेष गरीकन जलवायु परिवर्तन, सूचना प्रविधि, समावेशी अर्थतन्त्र, द्वन्द्व व्यवस्थापन, यस्ता संसारका चुनौतीहरू छन्। संसारको चुनौती हामीले पनि face गरिराखेका छौं। यसमा विषय विज्ञ आएर कानुन निर्माणमा चाहिँ महत्त्वपूर्ण योगदान खेल्यो भनेदेखि त्यसले हामीलाई सरकारको negotiation लाई पनि, हामीलाई पनि धेरै फाइदा पुग्छ जस्तो मलाई लाग्छ। बोल्दा कहिलेकाहीँ issue हरू उठाउँदाखेरि कहिलेकाहीँ data हुँदैन, कहिलेकाहीँ information पुग्दैन, कहिलेकाहीँ tone फरक पर्छ र गाली खाइन्छ। यस्ता विभिन्न कुराहरू हुन्छन्। राम्रोसँग तयारी गर्न अझै पनि जरुरी छ हामी सांसदहरूले। त्यो कुरा चाहिँ मैले बारम्बार महसुस गरेको छु। र कतिपय ठाउँमा मैले आफैंले पनि गाली खाएको छु यस्ता विषयहरूमा। त्यो कुरा ध्यान दिनुपर्छ जस्तो मलाई लाग्छ।

सरकारसँगको संवादमा चाहिँ बडो interesting लाग्छ मलाई। मलाई के लाग्छ भनेदेखि सरकारले चाहिँ सदनलाई पर पर पार्ने, अलि डराउने अथवा डराउनेभन्दा पनि अलि नटेर्ने खालको प्रवृत्तिभन्दा सरकार जति नजिक भएर संसदसँग काम गर्‍यो त्यति सहज हुन्छ जस्तो मलाई लाग्छ। किनभने हामीले यहाँ उठाएका कतिपय जनसरोकारका कुराहरू सरकारमा बस्ने मन्त्रीज्यूहरूले पनि नहेरी बस्नुभएको छैन, काम गरिराख्नुभा' छ। तर त्यो काम हामीले थाहा

पाउँदैनौं। जनताले हामीसँग आएर प्रश्न गर्छन्, हामीले त्यो प्रश्न चाहिँ यहाँ उठाउँदाखेरि सरकारलाई चाहिँ अब हामीले काम गरिराख्या छौं, त्यहाँ बोल्ने सांसदहरूले बोल्दिनुभयो, यसो गरिदिनुभयो भन्ने नमिठो पनि हुन्छ। र एउटा जनतामा पनि भाष्य के जाँदो रहेछ भने सांसदहरू चाहिँ हाम्रा हुन्, सरकार चाहिँ हाम्रो होइन। सरकारले चाहिँ हामीलाई हेर्दैन भन्ने खालको चाहिँ भाष्य पनि निर्माण हुँदो रहेछ, अलि नैराश्यता पनि आउँदो रहेछ। त्यसले गर्दा मेरो अनुरोध के छ भने सरकारमा जाने साथीहरूले पनि सरकारमा आफूले गरिरहेका कामहरू चाहिँ पटक पटक आएर संसदमा पहिल्यै सुनाइदिएदेखि त सांसदले कराउनै पर्दैन नि। अथवा जनताहरूले पनि ए काम भइरहेको छ है भन्ने खालको हुन्छ। त्यो गर्न जरुरी छ जस्तो चाहिँ मलाई लाग्छ।

अन्तमा अब के गर्नुहुन्छ? भन्ने प्रश्न धेरै आउँछ। मलाई के लाग्छ भनेदेखि मन्त्रीहरू चाहिँ कार्यकारी position भ'को हुँदाखेरि पूर्वमन्त्री हुन्छन्, सांसदहरू चाहिँ पूर्वसांसद हुँदैनन्। हामी तलब नखाईकन कानुन निर्माणमा सहयोग गर्न सक्छौं, Internet मा कानुन राखिदिएको हुन्छ, हाम्रा आफ्ना input दिन सक्छौं। जनसरोकारका कुरा नागरिककै हिसाबले उठाउन सक्छौं हामीले। सरकारलाई निगरानी गर्ने कुरा पनि नागरिककै हिसाबले पनि हामीले उठाउन सक्छौं। त्यसले गर्दा सांसदले गर्ने काम तलब नपाईकन बाहिर बसेर पनि गर्न सकिन्छ। त्यो काममा चाहिँ सधैंभरि लागिरहन्छु भनेर मैले यहाँ आफ्नो प्रतिबद्धता पनि व्यक्त गर्न चाहन्छु। यत्रो ठुलो यो विश्वविद्यालयमा हामीलाई guide गर्नुहुने सम्माननीय अध्यक्षज्यू, यहाँबाट धेरै कुराहरू सिक्न पनि पायौं हामीले, हार्दिक आभार व्यक्त गर्न चाहन्छु र सम्पूर्ण माननीय साथीहरूलाई पनि हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नमस्कार।

**(१३:२५ बजे)** **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू, माननीय उपप्रधान तथा रक्षा मन्त्री पूर्ण बहादुर खड्काले सभाको शून्य र विशेष समयमा माननीय सदस्यहरूले उठाउनु भएका विषयमाथि बोल्नको लागि समय माग गर्नु भएको छ। अब म, उहाँलाई समय उपलब्ध गराउँछु।

**(१३:२५ बजे)** **माननीय उपप्रधान तथा रक्षा मन्त्री पुर्ण बहादुर खड्काः**- सम्माननीय अध्यक्ष महोदय, माननीय सदस्यज्यूहरू, यस सम्मानित सदनमा विभिन्न मितिमा माननीय सदस्यहरूले उठाउनुभएका विशेष समय, शुन्य समयमा उठाउनुभएका रक्षा मन्त्रालयसँग सम्बन्धित विषयहरूका बारेमा सम्माननीय अध्यक्षज्यूको अनुमति लिएर म ती विषयहरू राख्ने अनुमति चाहन्छु। आज म माननीय सदस्यहरूले शुन्य समय तथा विशेष समयमा उठाउनुभएका

विषयका सन्दर्भमा रक्षा मन्त्रालयको तर्फबाट केही कुरा राख्ने, कतिपय विषयहरू प्रष्ट पार्ने र त्यही विषयमा सरकारले के गरिरहेको छ? जानकारी दिने उद्देश्यले यस गरिमामय सदनमा उपस्थित भएको छु। माननीय सदस्यहरूले रुग्ण उद्योग नेपाली सेनालाई सञ्चालन गर्न दिने विषय, नेपाली नागरिक रुसी सेनामा भर्ना भएको विषय, काठमाडौं तराई द्रुतमार्ग सडक आयोजनाको निर्माण कार्य, त्यसको प्रगतिको सम्बन्धमा, भूकम्प लगायतका विपत्मा नेपाली सेना परिचालन, सङ्घीय ऐन संशोधन लगायतका विषयमा चासो, चिन्ता र जिज्ञासा राख्नुभएको मैले पाँए। त्यसका लागि माननीय सदस्यहरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। नेपालको संविधानको धारा २६७ ले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, स्वाधिनता, राष्ट्रिय एकताको रक्षा गर्ने जिम्मेवारी नेपाली सेनालाई प्रदान गरेको छ। नेपाली सेनाको लागि आवश्यक विष्फोटक पदार्थ, गोली गट्ठा तथा लत्ता कपडा लगायतका सामग्री उत्पादन गर्ने कारखानाको क्षमता अभिवृद्धि गरी त्यस्ता सामग्रीमा क्रमशः आत्मनिर्भर बनाउदै लैजाने नेपाल सरकारको नीति रहेको छ। नेपाली सेना लगायतका सुरक्षा निकायको लागि आवश्यक पर्ने पोशाक लगायतका बन्दोबस्ती सामान ठुलो परिमाणमा आयात गरिरहनुपरेको वर्तमान सन्दर्भमा पोशाक लगायतका बन्दोबस्ती सामानमा नेपाली सेनालाई आत्मनिर्भर बनाउन सकिएमा बढ्दो व्यापार घाटा कम गर्न समेत योगदान पुग्ने देखिन्छ। यसै सम्बन्धमा सैनिक कल्याणकारी कोषबाट लगानी गरी हेटौंडा कपडा उद्योग सञ्चालन गर्ने सम्भावनाको सन्दर्भमा अध्ययन छलफल अगाडि बढिरहेको भएतापनि यस विषयमा नेपाल सरकार कुनै ठोस निर्णयमा पुगि नसकेको बेहोरा म माननीय सदस्यहरूलाई जानकारी गराउन चाहन्छु। नेपालको संविधानको भाग ३ मा मौलिक हक र कर्तव्य अन्तर्गतको धारा ३३ मा रोजगारीको हक अन्तर्गत प्रत्येक नागरिकलाई रोजगारीको हक हुने तथा रोजगारीको छनोट गर्न पाउने हक हुने भन्ने व्यवस्था रहेको छ। त्यसैले कुनै पनि नेपाली नागरिकले के कस्तो पेशा वा रोजगारी गर्ने त्यस्तो रोजगारी वा पेशा स्वदेश वा विदेशमा कहाँ गर्ने भन्ने कुरा उहाँहरूको हक अधिकारको विषय हो। यसमा राज्यले बन्देज लगाउन सकिने स्थिति रहँदैन। तथापि प्रत्येक नागरिकको सुरक्षा राज्यको कर्तव्य भएकोले सुरक्षाको दृष्टिले जोखिम रहेका पेशा वा व्यवसाय गर्न वा त्यस्ता क्षेत्रमा जाने कुरालाई निरुत्साहित गर्न जरुरी छ। त्यसतर्फ सरकार सचेत छ। त्यसैले नेपाली नागरिकहरू द्वन्द्वग्रस्त मुलुकमा रोजगारीका लागि जाने द्वन्दग्रस्त मुलुकको सेनामा गएर भर्ना हुने कार्यलाई निरुत्साहित गर्ने तथा यस कार्यमा सघाउने व्यक्ति एजेन्सीलाई कानुनी कारबाहीको दायरामा ल्याउने कुरामा सरकार क्रियाशील रहेको कुरा म जानकारी गराउन चाहन्छु।

काठमाडौं तराई मधेश द्रुतमार्गको सन्दर्भमा प्रस्थान बिन्दु ललितपुरको खोकना र अन्तिम बिन्दु बाराको निजगढ सहित कुल ७०.९७७ किलोमिटरको लम्बाइ रहेको काठमाडौं तराई मधेस द्रुतमार्ग सडक आयोजनालाई १३ वटा प्याकेजमा विभाजन गरी अन्तर्राष्ट्रिय स्तरमा बोलपत्र आह्वान गरी खरिद व्यवस्थापन तथा निर्माण कार्य अगाडि बढाइएको छ। जग्गा प्राप्ति, वातावरणीय प्रभाव मूल्याङ्कन (EIA) मा लामो समय लाग्ने प्रस्थानबिन्दुको विवाद कतिपय प्याकेजको खरिद प्रक्रियालाई लिएर अदालतमा मुद्दा पर्ने र त्यस्ता मुद्दा विचाराधीन रहेको अवस्थामा खरिद व्यवस्थापनको कार्य अगाडि बढाउने नसक्ने जस्ता कारणले अपेक्षित प्रगति हासिल हुन सकेको भने छैन। आयोजना कार्यान्वयनको क्रममा देखिएका समस्या समाधान गर्न समितिहरू गठन भई समस्या नियन्त्रणका लागि कार्य भइरहेको कुरा म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु। यसै क्रममा कतिपय समस्याहरू निराकरण भइसकेका छन् भने केही समस्या निराकरण हुने क्रममा रहेको जानकारी गराउन चाहन्छु। यी विविध समस्याले गर्दा सोचे अनुरूप लक्ष्य हासिल गर्न नसकिएको भएतापनि हालसम्म अधिकांश प्याकेजहरू खरिद प्रक्रिया र निर्माणको चरणमा प्रवेश गरिसकेको साथै प्रारम्भिक चरणका सम्पूर्ण कार्य सम्पादन गरी द्रुतमार्ग निर्माणको भौतिक प्रगति ३०.९६% हासिल भइसकेकोले २०८४ चैत मसान्त भित्रै निर्माण सम्पन्न हुने कुरामा म सम्माननीय राष्ट्रिय अध्यक्षज्यूमार्फत माननीय सदस्यलाई आश्वस्त पार्न चाहन्छु। आयोजनाको निर्माणाधीन सुरुङ्गहरूको लम्बाई ६.४१५ किलोमिटर मध्ये ४.३२५ किलोमिटर खन्ने कार्य सम्पन्न भएको र आयोजनाको जम्मा निर्माणाधीन पुलहरूको ८९ जोडी पुलहरूमध्ये ५ जोडी पुलको निर्माण कार्य सम्पन्न भइसकेको निर्माणाधीन पुलहरूको २८०२ पाइलमध्ये १६५५ पाइलको निर्माण सम्पन्न भएको अवस्था छ। आयोजनालाई निर्धारित समयमा सम्पन्न गर्न आयोजना र मन्त्रालय पूर्ण रूपमा प्रतिबद्धता भएको बेहोरा जानकारी गराउन चाहन्छु। सम्माननीय अध्यक्ष महोदय, नेपालको संविधानको धारा २६७ बमोजिम नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता र राष्ट्रिय एकताको रक्षा गर्ने प्रमुख जिम्मेवारी नेपाली सेनाको रहेको छ। संविधानको सोही धारामा नेपाल सरकारले नेपाली सेनालाई संघीय कानुनबमोजिम विकास निर्माण र विपद् व्यवस्थापन लगायतका अन्य कार्यमा समेत परिचालन गर्न सक्नेछ भन्ने व्यवस्था अनुरूप विकास निर्माण तथा विपत्व्यवस्थापनमा समेत नेपाली सेनाको परिचालन भइरहेको माननीय सदस्यज्यूहरूलाई जानकारी नै छ।यस विपत्व्यवस्थापनमा सेना परिचालन गर्दा विपत्को प्रकृति त्यसले पुर्याएको क्षति लगायतका विषयलाई मध्यनजर गरी राष्ट्रिय आवश्यकताका आधारमा नेपाल सरकारको निर्णय अनुरूप सेनाको परिचालन भइरहेको छ। यसै सन्दर्भमा २०८०।७।१७ गते जाजरकोट जिल्लाको रामेडाँडा केन्द्रबिन्दु भएर ६.४ रेक्टर स्केलको भूकम्प गएको थियो। उक्त भूकम्पबाट

जाजरकोट रुकुम पश्चिम जिल्लामा बढी क्षति भएको विषय यहाँहरूलाई जानकारी नै छ। जसमा जाजरकोट जिल्लाको भेरी न.पा.१ रावतगाउँ र रुकुम पश्चिमको आठबिसकोट नेपाल सबैभन्दा बढी प्रभावित भएको थियो। कार्तिक १७ गतेको भूकम्प पश्चात तत्कालै नेपाली सेनाको युनिटबाट प्रभावित स्थानहरूमा खोज तथा उद्धारको लागि जनशक्तिहरू परिचालन गरिएको थियो। त्यस सन्दर्भमा नेपाली सेनाबाट खोज तथा उद्धार, मेडिकल टिम परिचालन, हवाई साधन परिचालन, भग्नावशेष व्यवस्थापन तथा राहत वितरण, अस्थायी आवास निर्माण लगायतका कार्यहरूमा नेपाली सेनाले सक्रियताका साथ कार्य गरेको र यसले भुकम्प प्रभावितहरूलाई तत्काल राहत पुगेको बेहोरा जानकारी गराउन चाहन्छु। माननीय सदस्यज्यूहरू यसै सन्दर्भमा संयोगले म पनि यसपटक त्यसबेलामा कर्णाली प्रदेशको राजधानी भएको कारणले लगातार नौ दिनसम्म आफू पनि भौतिक रूपमा दुईटै जिल्लाको प्रारम्भिक उद्धार राहत वितरण लगायतका सम्पूर्ण काममा संलग्न भएको अवस्था रहेको पनि म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु। राष्ट्रिय गौरव, लोकतन्त्र, जनपक्षीयता, श्रमको सम्मान, उद्यमशीलता, अनुशासन, मर्यादा र संस्थामा आधारित सामाजिक, सांस्कृतिक मूल्यहरूको विकास गर्दै सामाजिक सद्भाव, ऐक्यवद्धता र सामाञ्जस्यता कायम गरी राष्ट्रिय एकता सुदृढ गर्ने राज्यको सामाजिक र सांस्कृतिक उद्देश्य हो। अनुशासित र नैतिकवान नागरिक र ती नागरिकबाट हुने रचनात्मक क्रियाकलापहरूबाट मात्र समाज सभ्य र सुसंस्कृत हुन्छ। पछिल्ला  दिनहरूमा सरकार सेना तथा अदालतप्रति केही नकारात्मक भाष्यहरू सम्प्रेषण गर्ने प्रवृत्ति केही सिमामा बढेको छ। सरकार सेना र अदालतलाई आक्रमण गरेर तथ्यहीन सूचना तथा विचार सम्प्रेषण गरेर मात्र देश विकास हुने होइन भन्ने जस्तो लाग्दछ। यसको अर्थ सरकार सेना र अदालतमा कुनै पनि समस्या नै छैन भन्ने मेरो जिकिर पनि होइन। तर यी संस्थाहरू हामी सबै नागरिकका साझा सम्पत्ति हुन। त्यसैले यी निकायमा रहेका कमी कमजोरी सुधार्दै नागरिकको मर्यादित रचनात्मक भूमिका जरुरी हुन्छ। यस विषयमा सरकार सचेत छ। सरकारी निकायमा रहेको कमी कमजोरीहरू क्रमश सुधार पनि गर्दै जाने र तथ्यहीन आरोपहरूलाई तथ्य, प्रमाण, विवरणद्वारा चिर्दै जाने कुरामा सरकार क्रियाशील रहेको बेहोरा पनि जानकारी गराउन चाहन्छु। मौलिक हक कार्यान्वयनको लागि आवश्यक कानुन निर्माण गर्ने कार्यमा सरकार जुटिरहेको छ। सैनिक ऐन २०६३ संशोधनको लागि गृहकार्य भइरहेको जानकारी गराउन चाहन्छु। सम्बन्धित सरोकारवालाहरूसँग छलफल भई संशोधित मस्यौदालाई अन्तिम रूप दिन यथासक्य संसदको यसै अधिवेशनमा पेस गर्नेगरी अगाडि बढिरहेको बेहोरा पनि म माननीय सदस्यज्यूहरूलाई जानकारी गराउन चाहन्छु। यसैगरी अलिकति म यो रुकुम र जाजरकोटको भूकम्पमा सेनाको परिचालनको अवस्थाबारे केही कुरा थप राख्न अनुमति चाहन्छु।

खोज तथा उद्धारः नेपाली सेनाका १५६५ जना जनशक्ति परिचालन भई जाजरकोट जिल्लामा ५०२ तथा रुकुम पश्चिममा ४१३ जना गरी ९१५ जनाको खोज तथा उद्धार गरिएको थियो। रेक्टर स्केलको भूकम्प पश्चात खोज तथा उद्धारका लागि नेपाली सेनाको जनशक्ति परिचालन गरिएको थियो। यसैगरी जनशक्तिले जाजरकोटमा १०१ र रुकुम पश्चिममा १३ वटा गरी जम्मा ११४ वटा शव निकालेको थियो।नेपाली सेनाले जाजरकोटमा १५८ तथा रुकुम पश्चिममा १२३ तथा अन्य १० वटा जिल्लाबाट १० जना गरी २९१ जना घाइते उद्धार गरेको थियो। यसैगरी हवाई साधनबाट ७१ जना घाइतेहरूको उद्धार गरी सुर्खेत तथा नेपालगञ्ज र काठमाडौंमा थप उपचारको लागि लगिएको बेहोरा पनि म जानकारी गराउन चाहन्छु। नेपाली सेनाबाट जाजरकोटमा १६ जना र रुकुम पश्चिम जिल्ला अस्पताल र चौरजहारी र रुकुममा ११ जना गरी जम्मा २७ जना मेडिकल टिम खटिई जाजरकोटमा २३४ जना र पश्चिम रुकुममा ११७ जना गरी जम्मा ३५१ जना घाइतेको उपचार गरिएको थियो। त्यसैगरी सशस्त्र प्रहरीका ८ जना नेपाल प्रहरीका ११ जना र अन्य अस्पतालको १२ जना गरी ३१ जनाको मेडिकल टिमलाई नेपाली सेनाको हवाई साधनमार्फत प्रभावित इलाकामा तत्काल लगिएको थियो।

हवाई साधनको परिचालनको अवस्थाः घाइते उद्धार र राहत सामग्री ढुवानीको लागि नेपाली सेनाको सातवटा स्काइ ट्रक-१, एमआइ सेभेन्टीन-२, वेल हेलिकप्टर-२, एलएच हेलिकप्टर-१ र सीएचए-१ गरी सातवटा खटिएका थिए उक्त सन्दर्भमा। उक्त हवाई साधनहरूबाट १७१ जना घाइतेको उद्धार गर्नुका साथै जम्मा सटल उडान गरी ७२,३७९ केजी राहत सामग्री ढुवानी गरिएको थियो। जाजरकोटको भूकम्पको दौरान भग्नावशेष व्यवस्थापन तथा राहत वितरणमा फौज खटिई भूकम्पबाट क्षति भएका घरमध्ये ८६२ वटा जाजरकोटमा र ४३७ वटा र रुकुम पश्चिममा ४२५ वटा घरहरूबाट सामग्री निकाल्ने काम गरिएको थियो। त्यसैगरी १२९ जाजरकोटमा १०४ र रुकुममा २५ वटा पाल टाङ्ने कार्य र निकै ठुलो पालहरू टाङ्ने कार्य गरी अस्थायी बासस्थान निर्माण गर्नु साथै विभिन्न राष्ट्र तथा संघ संस्थाबाट प्राप्त सामग्री सुरक्षतार्थ फौज खटिएको थियो।२०८० मंसिर १३ गते बसेको मन्त्रिपरिषदको निर्णयपश्चात् मंसिर २४ गतेबाट माघ १० गतेसम्म अस्थायी आवास निर्माण कार्यको लागि रुकुम पश्चिम जिल्लामा १३३ जना सल्यान जिल्लामा ३५ जना फौज खटिई त्यहाँका स्थानहरूमा १०५ अस्थायी आवास निर्माण सम्पन्न गर्नुका साथै ३१४ वटा घरहरू भत्काएर सामान पन्छाउने कार्य गरिएको थियो। जसमध्ये आठबीसकोट नगरपालिका र ...... मा ८० निर्माण सम्पन्न १०७ घर भत्काइएको, रुकुम पश्चिमको करिब आठबिस्कोट न.पा.११ अगाडि ८ निर्माण सम्पन्न ४४ घर भत्काइएको पन्छाइएको सानीभेरी गाउँपालिका-२ गिठाकोटमा

१४ वटा निर्माण सम्पन्न र १४४ वटा घर पन्छाइएको सल्यानको दारमा गाउँपालिका ५ ढोलढुङ्गामा ३ वटा निर्माण सम्पन्न गरिएको र १९ वटाको पन्छाइएको अवस्था थियो त्यो सामानहरू। यसरी १०५ वटा नयाँ निर्माण ३१४ वटा घरहरूको सामान आवश्यकता अनुसार पन्छाइएको अवस्था थियो। यसरी सम्माननीय अध्यक्ष महोदय, यसरी नेपाली सेना भूकम्पको अवस्था र त्यसपश्चात पनि निरन्तर रूपमा खटिएको अवस्था छ। खटिएको स्थानहरूमा जिल्ला विपद् व्यवस्थापन समिति जाजरकोटको एरिया, जाजरकोट जिल्ला भेरी नगरपालिका, जाजरकोट जिल्ला बारेकोट गाउँपालिका जाजरको जिल्लाको कुशे गाउँपालिका जाजरको जिल्लाकै नलगाड नगरपालिका जाजरकोट जिल्लाको भेरी न.पा.को वार्ड नं १ जाजरकोट जिल्ला भेरी न.पा.को वार्ड नं ३ र ४ खलंगा बजार जाजरकोट जिल्ला शिवालय गा.पा. वडा नं ३ .......... जाजरकोट जिल्ला भेरी नगरपालिका त्यसपछि जाजरकोट जिल्ला नलगाड न.पा.को ७ दुल्लु, जाजरकोट जिल्ला भेरी नगरपालिका जाजरकोट जिल्ला छेडागाड नगरपालिका र जुनिचाँदे गाउँपालिका यसैगरी रुकुम जिल्लाको विभिन्न गाउँपालिका नगरपालिकामा पनि सेनालाई खटाइएको थियो। यस सन्दर्भमा म आफ्नो कुरा टुंग्याउनु भन्दा अगाडि सम्माननीय अध्यक्षको अनुमतिले एउटा कुरा के प्रष्ट पार्न चाहन्छु भने जाजरकोट र रुकुमको भूकम्प प्रभावित गाउँपालिका र वडाहरूमा घर निर्माण र घर पन्छाउने सन्दर्भमा प्रारम्भमा सेनाले सेना सशस्त्र प्रहरी नेपाल प्रहरी लगायतको जनशक्ति युद्ध स्तरमा खटियो त्यसलाई व्यवस्थापन गर्दै जाँदा पछिल्लो चरणमा नयाँ घर निर्माण गर्नको लागि पनि सेना खटाउने निर्णय भयो। घर पन्छाउने कार्य निरन्तर भइरह्यो। विशेषगरी नयाँ घर निर्माणको सन्दर्भमा त्यहाँको गाउँपालिका वा नगरपालिकाको निर्णयले जहाँ जति जनशक्ति सेना प्रहरी र सशस्त्र प्रहरी जति जनशक्तिको माग हुन्छ त्यहीअनुसार पठाउनेगरी बन्दोबस्त गरिएको थियो। त्यसैले जुन जुन नगरपालिका जुन वार्ड जुन पालिकाले वार्डले सेनाको माग गर्नुभयो। त्यहाँ पठाउने काम भयो। कतिपय ठाउँमा के भयो भन्दा होइन सेना चाहिँदैन हामी आफै बनाउँछौं। त्यसको अलिकति के छ भन्दा जुन सरकारले दिने भनेको पुननिर्माणको रकम हो अस्थायी आवासका लागि त्यो रकमसँग केही विषयहरू जोडिएका थिए हामी आफै काम गर्छौं आफै चाहिँ सबै काम सम्पन्न गर्छौं भन्ने कुरा आयो। त्यसैले जुन यो कुरा बाहिर सेना आवश्यकता अनुसार खटिएन सुरक्षा निकाय आवश्यकता अनुसार खटिएन घर निर्माणमा अस्थायी आवास निर्माणमा सरकारको तर्फबाट सुरक्षा निकायको परिचालन भएन भन्ने खालको कताकता कुरा उठ्या थियो। वास्तवमा यथार्थ कुरा के हो भने जुन जुन पालिका र नगरपालिकाहरूले जति जनशक्ति सेना प्रहरी सशस्त्र प्रहरीको माग गर्नुहुन्छ त्यति पठाउने गरी बन्दोबस्त र अहिले पनि स्टयान्ड बाइ छ सेना। अहिले पनि कुनै पनि पालिका वडाले हामीलाई यति जना जनशक्ति चाहियो भने त्यो जनशक्ति पठाउन स्टयान्ड बाइ छ। हामीले सम्बन्धित

जिल्लाको सेना मात्र होइन त्यहाँ कर्णाली प्रदेशमा रहेको पृतना मात्र होइन देशभरिकै कुनै पनि पृतनाबाट कुनै पनि ब्यारेकबाट यदि त्यहाँ जनशक्ति पुग्दैन अस्थायी आवास निर्माणको लागि अन्य कुनै सन्दर्भमा पुग्दैन भने अन्यत्रबाट पनि खटाउने गरी क्याबिनेटको निर्णयलाई रक्षा मन्त्रालयमार्फत नेपाली सेनाको हेडक्वाटरलाई स्ट्रोङ्ग निर्देशन दिएर सबैकुरा स्ट्यान्ड बाइ छ। अहिले पनि स्ट्यान्ड बाइ छ। त्यसैले सेना सशस्त्र प्रहरी नेपाल प्रहरी माग भएबमोजिम पठाउने कुरा गरिएकै छ र निरन्तर रूपमा अहिले पनि माग भयो भने जति माग हुन्छ त्यति जनशक्ति पठाउने गरी व्यवस्था गरिएको बेहोरा जानकारी गराउन चाहन्छु। र अन्तमा पुन राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू र माननीय सदस्यहरू माननीय सदस्यहरूले बेलाबेलामा बैठकबाट शुन्य समयमार्फत विशेष समयमार्फत कुनै विधेयकको छलफलको सन्दर्भमा समेत सरकारका बारेमा मन्त्रालयका बारेमा हामी जिम्मेवारीमा बसेका विभिन्न सरकारको विभिन्न पदमा बसेका नेपाल सरकारका व्यक्तिहरूको बारेमा सुझाव टिप्पणी वा कमजोरीहरू उठाउने औँल्याउने भन्ने कुरा त्यो स्वभाविक हो। जति संसदले सरकारलाई सचेत बनाउँछ सतर्क बनाउँछ सुझाव सल्लाह दिन्छ हामी पनि जति संसदमा उपस्थित भएर बढीभन्दा बढी कम्युनिकेटिभ हुने कुरामा बढी जाँगरिलो हुन्छौं त्यसले संसद र सरकारको एउटा सम्बन्ध संस्थागत रूपमा पनि व्यवहारिक रूपमा पनि अत्यन्त मजबुत बन्छ त्यस कुरामा केही कमजोरी हामीबाट भएको भए म संसद समक्ष भविष्यमा त्यो कमजोरी नहुने कुरा सम्माननीय अध्यक्षज्यूमार्फत माननीय सदस्यहरूलाई आश्वस्त पार्न चाहन्छु। सम्माननीय सदस्यले दिनुभएका सिर्जनशील सुझाव रचनात्मक सुझाव हाम्रा काम कारबाही हाम्रा व्यवहार हाम्रा निर्णय प्रक्रियामा भएका टिप्पणी त्रुटिहरू औँल्याउनु भएका कुरा ती सबै सरकारलाई जनताका लागि देशका लागि बढी जिम्मेवार बढी प्रतिबद्ध भएर चुस्तदुरुस्त तरिकाले काम गर्ने कुरामा  माननीय सदस्यहरूको सुझाव टिका टिप्पणीहरूले सरकारलाई मद्दत पुग्छ सहयोग हुन्छ भन्ने कुराको आफ्नो लामो अनुभव समेतको अहिलेको सरकारमा भएको प्रतिनिधीको नाताले त्यो विश्वास व्यक्त गर्दै म बिदा हुन्छु। धन्यवाद।

**(१३:४५ बजे)**<u>**सम्माननीय अध्यक्ष**</u> :- माननीय उपप्रधानमन्त्री एवं रक्षामन्त्री पूर्णबहादुर खड्कालाई पुरक प्रश्न सोध्न चाहनुहुने माननीय सदस्यहरूलाई एक मिनेटभित्र पूरक प्रश्न राख्न समय दिन्छु। एकजना माननीय सदस्यले एकवटा मात्र प्रश्न सोध्न सक्नुहुनेछ। माननीय भैरव सुन्दर श्रेष्ठ

(१३:४५ बजे)**<u>माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, भर्खरै मन्त्रीज्यूले जे कुरा राख्नु भएको थियो। उपप्रधानमन्त्रीज्यूले जाजरकोट, रुकुम र सल्यान जिल्लालगायतको ठाँउमा भुकम्प गयो र यति क्षति भयो भन्ने कुराहरू राख्नु चाहिँ भयो। र मैले के एउटा कुरा सोध्न चाहन्छु भन्दा जाजरकोट जिल्लामा ४२ हजार ५३८ घरहरू क्षतिग्रस्त भएका थिए। ती लाभग्राहीहरूले पहिलो किस्ता पाउनु पर्ने ५० हजार मध्ये २५ हजार पाएका छन् । २५ हजार पाएका छैनन्। त्यही २५ हजार पनि अहिलेसम्म पाएका छैनन्, त्यो कुरा अनि यो रुकुम जिल्लामा ३१ हजार भन्दा बढी ठ्याकै मलाई थहा भएन ३१ हजार something चाहिँ छ, २०० कति भनेर चाहिँ छ। ती घरहरू जाजरकोट र रुकुम जिल्लामा भत्केका ती घरहरूको पूर्ण निर्माणका निम्ति सरकारले एकमुष्ट अनुदान दिने कुरा चाहि सुनेको चाहिँ छ। त्यसको कार्यविधि बने कि बनेनन्? ती घरहरू कहिले देखि निर्माण हुने हुन्? तल जनताले सोधिराख्या छन्। म यो कुरा पनि माननीय मन्त्रीज्यूलाई सम्माननीय अध्यक्षज्यूमार्फत मन्त्रीज्यूलाई सोध्न चाहन्छु। धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>** :- माननीय सदस्य दिलकुमारी रावल थापा "पार्वती"।

(१३:४७ बजे) **<u>माननीय श्री दिल कुमारी रावल थापा "पार्वती" (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, वर्तमान अवस्थामा विभिन्न प्रकारका सुरक्षा चुनौतीहरू बढ्दो छ। राष्ट्रिय सुरक्षा परिषद्को भूमिका प्रभावकारी बनाउन सरकारको तयारी के छ? सुरक्षामा देखिएका चुनौती कम गर्न वर्तमान सुरक्षा नीति संशोधनको अवस्था के छ? प्रश्न गर्न चाहन्छु धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्य अनिता देवकोटा।

(१३:४७ बजे) **<u>माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)</u>**:- सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूमार्फत उपप्रधानमन्त्री तथा रक्षामन्त्रीज्यूलाई प्रश्न गर्न चाहन्छु। सरकारको राष्ट्रिय सुरक्षा नीति प्रभावकारी बनाउन के नीति छ भन्ने कुरामा प्रश्न गर्न चाहन्छु त्यसैगरी रत्ननगर चितवनमा सालीन पोखेल होस्टेलमा मृत अवस्थामा फेला पर्‍यो। परिवारले वलात्कारपछि हत्या हो भनेर भनेका छन्। वास्तवमा के हो? हाम्रा छोरीहरू सुरक्षितसँग, ढुक्कसँग बाँच्न पाउने कहिलेसम्म हुन्छ? म सरकारलाई प्रश्न गर्न चाहन्छु।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोमादेवी तिमिल्सिना

(१३:४८ बजे) **मानानीय श्री गोमादेवी तिमिल्सिना (नेपाल कम्युनिष्ट पार्टी, एकिकृत समाजवादी)**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्षज्यूको अनुमतिले म माननीय रक्षामन्त्री ज्यूसँग केही कुराहरू राख्न चाहन्छु यो विषय त उहाँ रक्षामन्त्री भएको हुनाले मन्त्रालय अन्तर्गत नै हो सोध्नुपर्ने तर उहाँले यहाँ स्पष्टीकरण नै त्यही दिनुभएको हुनाले मैले दुईटा उद्योगको बारेमा कुरा उठाउन खोजे। एउटा हेटौंडा कपडा एकदम चल्छ। आर्मीले चाहिँ चलाउने भन्ने कुराहरू एकदम चर्चा छ र तल पनि एकचोटि हेर्न त्यहाँ गएको हुनाले त्यो चल्छ भन्ने छ यहाँ उहाँले अब अहिले चल्न सक्दैन भन्ने खालको कुरा गर्नुभयो। र परवानीपुरको कृषि औजार कारखाना हाम्रो नेपालको कृषिप्रधान देश भनिन्छ एक मात्रै कृषि औजार कारखाना। त्यो महावीर पुनले १० वर्षको लागि लिजमा लिएको भन्ने हल्ला पनि सुनियो। त्यो हो कि होइन कि त्यो हल्ला मात्रै हो कि हो भने (.....समय सकिएको)।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य गोपीबहादुर सार्की आछामी।

(१३:४९ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- अध्यक्ष महोदयको अनुमतिले म माननीय रक्षा तथा उपप्रधानमन्त्री ज्यूलाई प्रश्न गर्न चाहन्छु। मेरो प्रश्न चाहिँ रुसी सेनामा नेपाली भर्ती भन्ने चाहिँ खबर पनि आइराखेको र उनीहरू माथि पनि राखेको छ। उनीहरू नेपाली नागरिकको रूपमा रुसी सेनामा भर्ती भएका छन्? या रुसी नागरिकको रूपमा नेपाली मूलका छोराछोरीहरू चाहिँ भर्ती भएका हुन्? यो बारेमा मा स्पष्ट हुन चाहन्छु। दोस्रो कुरा चाहिँ मारिएका परिवारले पाउने राहत या क्षतिपूर्ति चाहिँ रुसी सरकारले चाहिँ निर्धारण गरे अनुसार हुन्छ या के हुन्छ? भन्ने विषय र उनीहरूले चाहिँ राहत पाउने स्थिति के छ? भन्ने विषय राख्न चाहन्छु धन्यवाद।

**सम्माननीय अध्यक्षः**- माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:५० बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- अध्यक्ष महोदय, अध्यक्ष महोदयमार्फत म मन्त्रीज्यूलाई एउटा प्रश्न राख्न चाहन्छु। फास्टट्र्याकको

बारेमा समयमै सम्पन्न गर्न सकिन्छ भन्ने कुरा राखुभयो र ट्र्याकहरू पूरा खोलेका छन् कि छैनन्? र उहाँ अदालतमा केही मुद्दा परेको कुराहरू पनि उठाउनुभयो र निजगढ विमानस्थलको कुरो चाहिँ जोड्नुभएन। त्यो चाहिँ  त्यो चाहिँ के भएको छ? फास्ट ट्र्याक हो र समय भनेको कुन समय हो? ८१/८२ हो कि? ८५ हो? त्यो चाहिँ प्रष्ट पार्दिनु हुन म अनुरोध गरे।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कमला पन्त।

**(१३:५० बजे) माननीय श्री कमला पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, म अध्यक्ष महोदयमार्फत उपप्रधान एवं रक्षा मन्त्रीज्यूलाई अहिले मन्त्रीज्यूले जवाफ दिनुभयो विशेष समय र शुन्य समयको बारेमा। मन्त्रीज्यूलाई मेरो प्रश्न चाहिँ के छ भने कतिबेलादेखिको शून्य समय र कतिबेलादेखिको विशेष समयको हामी अपेक्षा गर्छौं कि तुरुन्त त्यही दिनमा जवाफ दियोस् सरकारले। तर अहिले आएर कति दिन पहिलाको कति दिनपछि आएर जवाफ दिने परिपाटी भयो। मेरो प्रश्न चाहिँ कहिलेदेखि चाहिँ शून्य समय र विशेष समयको प्रश्नको जवाफ चाहिँ त्यही दिनमा सांसदहरूले पाउन सक्छन्? त्यही जवाफ चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य सुरेश कुमार आले मगर।

**(१३:५१ बजे) माननीय श्री सुरेश कुमार आले मगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, यो बन्द अवस्थामा रहेको हेटौंडा कपडा उद्योग सञ्चालन हुनु राम्रो कुरा हो। तर सेनाले सञ्चालन गर्न लागेको सम्बन्धमा अलिकति हामी आशंकित भएका छौं। सेनाले त्यो सञ्चालन गरेर बिक्री वितरण व्यापार पनि उसैले गर्ने हो? अथवा के हो? म यो जान्न चाहन्छु किनभने सेनाले व्यापार हुँदै व्यापारमा हात हाल्दा पाकिस्तान र बङ्गलादेशमा के भएको छ कहीँ त्यस्तै दिशातर्फ जाने त होइन? अथवा के हो? उसले सञ्चालन मात्रै गर्ने तर विक्री वितरण सरकारले अथवा अरू निकायले गर्‍यो भने फेरि त्यसमा मेरो भन्नु केही छैन। धन्यवाद। यो बारे मेरो जिज्ञासा। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१३:५२ बजे) **<u>माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, मेरो धेरै ठुलो जिज्ञासा छैन। खासगरी विपिन जोशीको विषयमा, केही भाइहरू फर्केर आएको हामीले भेट्यौं र अहिलेसम्म विपिनको अज्ञात अहिलेसम्म अज्ञात समूहले लगेपछि सार्वजनिक भएन भन्ने छ। रक्षा मन्त्रालयको तहबाट यो विषयलाई कहाँसम्म पुगेको छ र यो विपिन जोशीको परिवारले उसको अवस्था कहिलेसम्म थाहा पाउन सक्छ? के छ? भनेर चाहिँ जान्न चाहन्छु। धन्यवाद।

(१३:५२ बजे) **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म माननीय उपप्रधान तथा रक्षामन्त्री पूर्णबहादुर खड्कालाई माननीय सदस्यहरूले उठाउनुभएका जिज्ञासाका सम्बन्धमा प्रष्ट पार्नका लागि समय उपलब्ध गराउँछु।

(१३:५३ बजे) **<u>माननीय उपप्रधान तथा रक्षा मन्त्री पुर्ण बहादुर खड्का</u>**:- सम्माननीय अध्यक्ष महोदय, माननीयज्यूहरूले केही पुरक प्रश्नहरू गर्नुभएको छ म त्यसलाई प्रष्ट पार्ने अनुमति चाहन्छु। माननीय भैरव सुन्दर श्रेष्ठले रुकुम र जाजरकोटमा अस्थायी घर निर्माणका लागि सम्बन्धित परिवारले पाउनुपर्ने रकम आधा पाएको र आधा पाउन बाँकी भएको सन्दर्भ र पुनर्निर्माणको कार्यको विधि बन्यो कि बनेन त्यसबारेमा कस्तो प्रक्रिया अगाडि बढेको छ भन्ने सन्दर्भमा म प्रष्ट पार्न चाहन्छु। संघीय सरकारको तर्फबाट जाजरकोट र रुकुम जिल्लालाई अस्थायी घर निर्माणको लागि बनाएको मापदण्ड अनुसार सम्बन्धित परिवारले पाउनेगरीमार्फत पैसा पठाउने काम भइसकेको छ। कतिपय ढिलाई हुने सन्दर्भमा त्यहाँ केही प्रक्रिया स्थानीय तह वडाले पालिकाले केही प्रक्रिया पुर्याउने सन्दर्भमा भएका कतिपय झन्झटिला वा प्रमाणहरू पुर्याउने सन्दर्भमा केही ढिलाई भयो बीचमा तेल्ले गर्दा केही समस्या आएको छ। तर त्यसलाई तीव्र गतिमा पैसा सम्बन्धित परिवारलाई पुर्याउने काम अगाडि बढेको कुरा म अनुरोध गर्न चाहन्छु। पुनर्निर्माण प्राधिकरणमार्फत घर पुनर्निर्माणको लागि कार्ययोजना बनाउने काम अगाडि बढेको छ। कुन विधिमार्फत गर्ने सरकारले कति प्रतिशत त्यसको हिस्सा सम्बन्धित व्यक्तिले परिवारले त्यसको हिस्सा कति हुने लगायत विभिन्न संघ, अन्तर्राष्ट्रिय संघ संस्थाहरूले पुनर्निर्माण गर्न प्रस्ताव ल्याएमा कुन मोडालिटीमा जाने यी यावत कुराहरू प्राधिकरणमार्फत कार्ययोजना बनाउने काम निरन्तर रूपमा अगाडि बढेको छ विभिन्न प्रक्रियाहरू ........ विभिन्न विज्ञहरूलाई बोलाएर छलफल गर्ने प्रकृया पनि अघि बढेको छ। र यसलाई चाँडै नै टुंगोमा पुर्याएर एउटा चाहिँ कार्यविधिको बारेमा आम जनतालाई पनि सम्बन्धित परिवारलाई पनि प्रष्ट हुने र यो

कामलाई अगाडि बढाउने गरी त्यो काम अगाडि बढेको कुरा म जानकारी गराउन चाहन्छु। माननीय दिल कुमारी थापा पार्वतीले राष्ट्रिय सुरक्षा परिषदलाई प्रभावकारी बनाउने सन्दर्भमा के सोचेको छ भन्ने कुरालाई जोडेर प्रश्न गर्नुभएको छ। राष्ट्रिय सुरक्षा परिषद्लाई अझ बढी प्रभावकारी अझ बढी व्यवस्थित त्यसको जे सोच जे सोचेर राष्ट्रिय सुरक्षा परिषदको परिकल्पना संविधानले गरेको छ त्यो अनुसारको काम गर्नका लागि त्यो मातहत विभिन्न खालको संयन्त्रहरूको निर्माण गर्ने काम पनि अगाडि बढेको छ र सँगसँगै विभिन्न विज्ञहरूसँग निरन्तर रूपमा छलफल परामर्श गर्ने राष्ट्रिय सुरक्षासँग जोडिएका विविध विषयहरू जसको बहुआयामिक स्वरूप छ। हाम्रो मुलुकको भूबनोटको सामरिक महत्त्व बढ्दो छ। यी सबै कुरालाई पनि ध्यानमा राखेर राष्ट्रिय सुरक्षा परिषद्लाई अझ बढी प्रभावकारी अझ बढी चुस्तदुरुस्त तरिकाले अगाडि बनाउनको लागि विभिन्न चरणमा छलफल विज्ञहरूसँगको परामर्श कतिपय कार्यविधिमा परिवर्तन सँगसँगै अहिले हामीले राष्ट्रिय सुरक्षा परिषद्को ऐनलाई समयसापेक्ष बनाउने गरी सम्मानित सदनमा त्यो ऐन विधेयक ल्याउने तयारी पनि छौं हामी। त्यो समयमा पनि कुराहरू अझ प्रष्ट हुनेछन् भन्ने कुरा म अनुरोध गर्न चाहन्छु। माननीय अनिता देवकोटाले राष्ट्रिय सुरक्षा नीति बनाउने र यसलाई अझ बढी प्रभावकारी बनाउने सन्दर्भमा राष्ट्रिय सुरक्षा नीति हामीले निर्माण गर्दा जसको कार्यान्वयनमा छौं त्यो सम्बन्धित मन्त्रालय सम्बन्धित एजेन्सीहरूले कार्यान्वयन गर्ने जहाँ जहाँ जसको जिम्मेवारी छ त्यसलाई प्रभावकारी तरिकाले कार्यान्वयन गर्ने सन्दर्भमा रक्षा मन्त्रालयले आफ्नो जिम्मेवारी अनुसार काम अगाडि बढाएको छ। र राष्ट्रिय सुरक्षा नीतिलाई समय सापेक्ष बनाउने सन्दर्भमा हामीले अहिले भएको राष्ट्रिय सुरक्षा नीतिलाई परिमार्जन गर्ने सन्दर्भमा पनि छलफल प्रारम्भ गर्दैछौं र विभिन्न अहिलेको परिवर्तित परिस्थितिलाई जोडेर त्यसमा केही परिमार्जन गर्ने केही सुधारहरू गर्ने प्रक्रिया पनि अगाडि बढेको कुरा म अनुरोध गर्न चाहन्छु। जहाँसम्म बच्चासँग सम्बन्धित एउटा प्रश्न गर्नुभयो। मैले त्यो विषयमा यथार्थ कुरा जानकारी लिएर सदनलाई जानकारी गराउन उपयुक्त हुन्छ जस्तो मलाई लाग्छ। मैले यो कुरा ऐले यति नै भने। माननीय गोमादेवी तिमिल्सिनाले हेटौंडा कपडा उद्योगको बारेमा र कृषि औजार कारखाना महावीर पुनलाई दिने सन्दर्भमा कुरा उठाउनु भएको छ। मैले रक्षा मन्त्रालयसँग जोडिएको विषयमा सिमित हुँदा उपयुक्त होला। त्यसैले म त्यहीं सीमित भएर कुरा राख्न चाहन्छु। हेटौंडा कपडा उद्योगको सन्दर्भमा हाम्रो म एकैचोटि त्यसमा जोडेर भन्न चाहन्छु माननीय सुरेश आले मगरले पनि यो चाहिँ बिक्री वितरणसँग जोडेर के हुने हो भन्ने कुरा पनि जोड्नुभएको छ। त्यसैगरी आएको छ त्यसैले म त्यो त्यो विषयलाई जोडेर म प्रष्ट पार्न चाहन्छु। नेपाली सेनाले हेटौंडा कपडा उद्योग नेपाली सेनाको कल्याणकारी कोषमा रहेको मौजुदा रकमलाई उपयोग गरेर चलाउने सन्दर्भमा सेनाले प्राविधिकहरूमार्फत अध्ययन गरेर प्रारम्भिक

एउटा सर्वेक्षणमार्फत प्रारम्भिक प्रस्ताव चाहिँ तयार पारेर सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षताको बैठकमा प्रस्तुति गरेको अवस्था छ। यसमा सरकारले छलफलकै चरणमा छ। र अहिले सेनालाई सञ्चालनको लागि निर्णय गर्ने कुरा टुङ्गोमा पुगेको छैन। यसको मोडालिटीको बारेमा, यसको सीमाको बारेमा सेनाले उद्योग सञ्चालन गर्न पाउँदा के के गर्न पाउने नपाउने यी विषयहरूको बारेमा अहिले छलफलकै प्रारम्भिक चरणमा छ। त्यसैले यो बिक्री वितरणसम्मको कुरा आज मैले यहाँ भने भने त्यो अलि अपरिपक्व अभिव्यक्ति हुनसक्छ मेरो। जुन कुरो परिपक्व भइसकेकै छैन कुन मोडेलिटीमा जाने दिने वा नदिने भन्ने नै निर्णय पुग्या छैन। त्यसैले यो कुरालाई मैले योभन्दा अगाडि बढेर मेरो बोल्ने भनेको के त मलाइ लागेको व्यक्तिगत कुरा भन्ने हुन्छ। म अहिले मुलुकको रक्षामन्त्रीको रूपमा मलाई व्यक्तिगत विचार राख्ने छुट छैन। त्यसैले यो हेटौंडा कपडा उद्योगको बारेमा योभन्दा बढी म अगाडि प्रस्तुत हुन चाहन्नँ। यसैगरी माननीय गोपी बहादुर सार्की आछामीले रुसी सेनामा नेपाली भर्तीको बारेमा नेपाली नागरिकहरू भएर वा रुसी नागरिक भएर भर्ना भइरहेका छन् लगायत यहाँ मृतकका परिवारले पाउने रकमको बारेमा यो चाहिँ परराष्ट्र मन्त्रालयमार्फत यी सबै कुराहरू रुसमा वा अन्य मुलुकमा नेपाली नागरिकहरू गएर सेनामा भर्ती भएर जुन खालको प्रतिकूलता हामीलाई उत्पन्न भएको छ व्यक्ति आफूले आफ्नो तरिकाले त्यहाँ पुग्ने त्यहाँ पुगिसकेपछि हुने दुर्घटनाको सन्दर्भमा सरकार भएको नाताले नागरिकको जिम्मेवारी बोकेको कारणले भूमिका निर्वाह गर्नुपर्ने अवस्था छँदैछ। ती सबै सन्दर्भमा परराष्ट्र मन्त्रालयमार्फत त्यहाँ पाउने रुस सरकारबाट पाउने सुविधाको कुरा अथवा राहतको कुरा र यहाँ त्यहाँ जाने कुरालाई निरुत्साहित गर्ने कुरा यी सबै कुरामा परराष्ट्र मन्त्रालयमार्फत कामहरू अगाडि बढिरहेको कुरा म अनुरोध गर्न चाहन्छु। त्यसैगरी माननीय तुलसा कुमारी दाहालले फास्ट ट्र्याक समयमा सकिन्छ कि सकिन्न? त्यो कुन वर्ष हो भनेर भन्नु भो मैले यसमा के भन्न चाहन्छु भने २०७६ सालमा जतिबेला नेपाली सेनाको व्यवस्थापनमा फास्ट ट्र्याक अगाडि बढाउने गरी नेपाल सरकारले निर्णय गर्‍यो र प्रारम्भिक डिपिआरमा त्यसको विस्तृत डिपिआर गर्नको लागि फेरि नयाँ प्रबन्ध गरियो त्यो सबै काम सम्पन्न भइसकेपछि त्यो सडक निर्माणको प्रक्रिया २०७७ सालदेखि अगाडि बढ्यो। बीचमा कोरोनाको कारणले अन्य विकास निर्माणका योजनाहरू जसरी प्रभावित भए विदेशी कन्सल्टेन्ट ग्लोबल टेन्डरबाट तय गरेको कन्सल्टेन्टले गर्ने काम लगायत जनशक्ति परिचालनको काम ठेक्कापट्टा बन्दोबस्ती काम सबै कुरा अन्य ठाउँमा जसरी कोरोनाले प्रभाव पार्यो यो फास्ट ट्र्याक राष्ट्रिय गौरवको योजनालाई पनि त्यसले प्रभाव पार्यो। त्यसले पनि हामीलाई जुन स्पिडमा अगाडि बढ्नुपर्थ्यो त्यो स्पिडमा अघि बढ्न सकेन। त्यसको कारणले पनि हामी अप्ठ्यारोमा पर्यौं। त्यसपछि अब त्यसको सम्पूर्ण रूपमा काम अगाडि बढाउँदै जाँदा र अहिले हामीले सरकारले

लागत नबढ्ने गरी जुन पहिलाको प्रारम्भिक लागत हो त्यो लागतमा price escalation लगायतसँग जोडिएका प्राविधिक विषयले पर्ने प्रभाव त छँदै छ छुट्टै भयो। तर जुन सबै कुरालाई आँकलन गरेर फास्ट ट्र्याकको जुन लागत जोडिएको छ त्यो लागत नबढ्ने गरी २०८३ चैत्र मसान्तसम्ममा फास्ट ट्र्याक सम्पन्न गर्ने गरी नयाँ सेड्युल मन्त्रिपरिषदले निर्णय गरेर सार्वजनिक गरेको छ। त्यही अनुसार काम अगाडि बढेका छन्। र केही खोकना एरियामा लामो समयदेखि जग्गा अधिग्रहणको प्रक्रिया मुआब्जा वितरणको प्रक्रियामा केही समस्याहरू नियन्त्रण हुँदै आएका छन्। त्यसमा हामी प्रयत्नशील छौं। समाधानका लागि विभिन्न उपायहरू त्यसको जिरो किलोमिटरलाई विभिन्न वैकल्पिक अरू उपाय पनि केही हुन्छन् कि भनेर त्यसमा पनि ईन्जीनियरिङ्ग कलेजको टिमलाई प्राविधिक टिमलाई जिम्मा दिएर केही विकल्पहरू काम पनि भइरहेको छ। सँगसँगै फास्ट ट्र्याकबाट तराईबाट राजधानी प्रवेश गर्ने राजधानीबाट तराई प्रवेश गर्ने गाडीहरू ठुलो संख्यामा हुन्छन् त्यो गाडीलाई एक्सिस रोडको जुन पहुँचको डिपिआर व्यवस्था हुनुपर्थ्यो त्यो भएको रहेनछ अहिले छलफल गर्दै जाँदा। त्यो समेत अहिले त्यो त्यो टिमलाई डिपिआर गर्ने कामको लागि जिम्मा दिएको छ। वहाँहरूले त्यो काम तीव्र गतिमा त्यो काम अगाडि बढाउनुभएको छ। त्यो चाँडै नै हामी उहाँले परियोजना डिपिआर रिपोर्ट तयार गरिसकेपछि र यो जग्गा विवादको मुआब्जा विवादकै जग्गा अधिग्रहणको सन्दर्भमा केही व्यवहारिक समस्याहरू मानवीय समस्याहरू केही संस्कृतिसँग जोडिएका परम्परासँग जोडिएका कुराहरू त्यहाँ छन्। ती सबैलाई समाधान गर्ने कुरामा हामी निरन्तर क्रियाशील रहेका छौं। र यी सबै कुरालाई गर्दै जस्तो यहाँ अदालतसँग जोडिएको कुरा आयो ठेक्कापट्टा भयो ठेक्कापट्टा भइसकेपछि ठेक्का एग्रिमेन्ट हुने अवस्था आउँदा कुनै व्यक्तिले अदालतमा मुद्दा दिनुभयो। त्यो मुद्दा दिइसकेपछि अदालतले यो चाहिँ टुङ्गो नलागेसम्म अहिले सबै कुरा रोक्नु भन्ने स्टे अर्डर गर्‍यो। सम्मानीत अदालतले स्टे अर्डर गरिसकेपछि हामीसँग त्यसलाई अगाडि बढाउने सम्भावना थिएन। यी कारणले पनि यो काममा राष्ट्रिय गौरवको काममा योजनाको काममा केही समस्याहरू परेका छन्। तैपनि हामीले विभिन्न तरिकाले विभिन्न विकल्पहरू खोज्दै यसलाई २०८३ चैत्र मसान्तसम्म सम्पन्न गर्ने लक्ष्य सहित सेनालाई युद्ध स्तरमा जिम्मेवारी दिएको र त्यही अनुसार सेनाले आफ्नो काम अगाडि बढाएको कुरा पनि म माननीय सदस्यहरूलाई अनुरोध गर्न चाहन्छु। र विमानस्थलको बारेमा पनि जोड्नुभयो कुरा म विमानस्थलको बारेमा यति नै भन्न सक्छु मन्त्रिपरिषद्को सदस्य भएको नाताले विमानस्थललाई निर्माण कार्य अगाडि बढाउने सन्दर्भमा विभिन्न कामहरू अगाडि बढाउने सन्दर्भमा संस्कृति नागरिक उड्डयन तथा पर्यटन मन्त्रालयमार्फत काम अगाडि बढाइरहेको बेहोरा मैले अनुरोध गरे। माननीय कमला पन्तले समयमै जवाफ दिने व्यवस्था होस् भनेर भन्नुभएको छ। यो अत्यन्त ठिक कुरा आएको छ। अब त्यसलाई हामीले

हाम्रो के व्यवस्थापन हुन्छ राष्ट्रिय सभाको नियमावली राष्ट्रिय सभाको कार्यविधि यी जोडेर र कहिलेकाहीं चाहिँ के भन्दा मानवीय काबुभन्दा बाहिरको परिस्थिति पनि त्यही दिनको जवाफ त्यही दिन नआउने अवस्था पनि हुन सक्छ। यसलाई हामी चाँडोभन्दा चाँडो जवाफ दिने कुराका लागि हामी अग्रसर हुने कुरामा म सरकारको प्रतिनिधिको नाताले अहिलेको रक्षामन्त्री उपप्रधानमन्त्रीको नाताले म चाहिँ सम्माननीय राष्ट्रिय सभा अध्यक्षमार्फत विश्वास दिलाउन चाहन्छु। अब माननीय राजेन्द्र लक्ष्मी गैरेले जो विपिन जोशी युक्रेन सरी यो चाहिँ हमास र इजरायल बीचको लडाइको सन्दर्भमा जुन कब्जामा लामो समयदेखि रहनुभएको छ। हामीले कुटनीतिक माध्यमद्वारा विभिन्न माध्यमद्वारा परराष्ट्र मन्त्रालयमार्फत उहाँको मुक्तिको लागि गम्भीर तरिकाले प्रयत्नहरू गरिरहेका छौं। परराष्ट्र मन्त्रालयमार्फत कुरा अगाडि बढेको छ विभिन्न नियोगहरूमार्फत पनि सम्बन्धित मुलुकहरू विभिन्न मुलुकहरूसँग नियोगहरूमार्फत पनि यो प्रयत्न अगाडि बढेको छ। चाँडै हामीले हाम्रो विपिन जोशीलाई मुक्त गराउन सफलता प्राप्त गर्नेछौं भन्ने विश्वास सहित म बिदा हुन्छु। धन्यवाद।

(१४:०७ बजे) **सम्माननीय अध्यक्ष** :-माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावली, २०७५ को नियम २२६ (क) बमोजिम माननीय अनिता देवकोटालाई लुम्बिनी प्रदेशबाट प्रतिनिधित्व गर्ने सभाका सदस्यहरूको तर्फबाट निर्वाचन क्षेत्र प्रदेश विकास निर्माण शान्ति सुव्यवस्था लगायतका कार्यहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८० सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:०८ बजे) **माननीय श्री अनिता देवकोटा (नेपाली काँग्रेस)**:-सम्माननीय अध्यक्षज्यू, नेपालको संविधान अनुसार नेपालमा दुई सदनात्मक व्यवस्था गरिएको छ। जसमा माथिल्लो सदन राष्ट्रिय सभा र तल्लो सदन प्रतिनिधि सभा रहनेछ। राष्ट्रिय सभाका माननीयहरूको कार्यकाल ६ वर्षको रहनेछ। प्रत्येक दुई वर्षमा दुई तिहाई मानिएको कार्यकाल सकिनेछ र निर्वाचन र मनोनयनबाट नियुक्त गरिने संवैधानिक व्यवस्था छ। संविधानअनुसार म यस सम्मानित सदनमा सम्माननीय अध्यक्षलगायत हामी दुईतिहाइ सदस्यहरूको ६ वर्षे कार्यकाल संविधान र कानुनको पालना गर्दै आफ्नो जिम्मेवारी सहित कार्यकाल पूरा गरेका छौं। यो ६ वर्षको कार्यकालमा सम्माननीय अध्यक्षज्यू लगायत सबै माननीय ज्यूहरूमा आपसी सहयोग, सम्बन्ध र समन्वय सौहार्दपूर्ण र अविष्मरणीय रहेको छ। हामीलाई दिएको जिम्मेवारी र देश र जनताको हितका लागि उपयोग गरेको महसुस गरेका छौं। जुन राज्यले मूल्याङ्कन गर्ने नै छ भन्ने आशा लिएका छौं। हाम्रो कार्यकालमा यस गरिमामय सदनले हामीलाई दिएको जिम्मेवारी राष्ट्रिय

सभा नियमावली, २०७५ को नियम २२६ को (क) अनुसार हाम्रो निर्वाचन क्षेत्र लुम्बिनी प्रदेशभित्रको विकास निर्माण, शान्ति सुव्यवस्था लगायत कामहरूको अनुगमन, निरीक्षण र मूल्याङ्कन गरी यस गरिमामय सदन समक्ष सामूहिक रूपमा संयोजकको हैसियतले यो प्रतिवेदन पेस गरेको छु। अन्तमा लुम्बिनी प्रदेशमा रहनुहुने माननीय अनिता देवकोटा, माननीय कुमार दसौदी, माननीय गोपाल प्रसाद भट्टराई, माननीय जगप्रसाद शर्मा, माननीय तुलबहादुर विश्वकर्मा, माननीय युवराज शर्मा, माननीय राजेन्द्र लक्ष्मी गैरे, माननीय बिमला घिमिरे अन्तमा कार्ययोजनामा उल्लेखित कार्यहरूको प्रभावकारी रूपमा कार्यसम्पादन गर्न मार्गदर्शन गर्नुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यूप्रति म हार्दिक आभार गर्दछु। स्थलगत अवलोकन तथा अन्तरक्रिया कार्यक्रमहरूमा सहभागी भई महत्त्वपूर्ण सुझाव दिनुहुने, काम कारबाहीमा सहयोग गर्नुहुने माननीय सदस्यज्यूहरू, मन्त्रालयका सचिवज्यूहरू, विभागहरू तथा अन्य निकायका पदाधिकारीहरू, समन्वयात्मक सहयोग पुर्‍याउने संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, सचिवालयका सचिव, समितिका सचिव र सचिवालयमा कार्यरत कर्मचारीसहित राजनीतिक प्रतिनिधिहरू, प्रत्यक्ष र परोक्ष रूपमा महत्त्वपूर्ण सहयोग पुर्‍याउने सम्बन्धित क्षेत्रका विषय विज्ञ, विभिन्न विषयका सरोकारवाला पक्षहरू, विभिन्न सञ्चार माध्यमका पत्रकारहरू, पत्रकार मित्रहरू लगायत  यस अनुगमन निरीक्षण र मूल्याङ्कन सम्बन्धी कार्यलाई सहयोग गर्नुहुने सबैप्रति हार्दिक आभार सहित धन्यवाद ज्ञापन गर्दछु। सम्माननीय अध्यक्षज्यू, अध्यक्ष महोदयको अनुमतिले निर्वाचन क्षेत्र प्रदेश विकास निर्माण शान्ति सुव्यवस्था लगायत कार्यहरूको अनुगमन निरीक्षण र मूल्याङ्कनको प्रतिवेदन, २०८० सभा समक्ष पेस गर्दछु। धन्यवाद ।

(१४:११ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म दिगो विकास तथा सुशसन समितिका माननीय सभापति प्रकाश पन्थलाई नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयन स्थिति अध्ययन तथा मूल्याङ्कन प्रतिवेदन, २०८० सभासमक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:१२ बजे) **माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, एउटा episode सकिए पनि अर्को episode सुरु हुन बाँकी नै छ। फेरि पनि भेट हुन्छ होइन त माननीयज्यूहरू? ल। सम्माननीय अध्यक्षज्यू, आज म यो दिगो विकास तथा सुशासन समितिले नेपालमा दिगो विकास लक्ष्य कार्यान्वयनका स्थिति अध्ययन तथा मूल्याङ्कन गरेको थियो। त्यसको प्रतिवेदन सभासमक्ष पेस गर्नको लागि यहाँ उपस्थित भइरहेको छु।

सम्माननीय अध्यक्ष महोदय, नेपाल सरकारले अख्तियार गरेको दिगो एवम् सन्तुलित विकास र सुशासन प्रवर्धन दिगो विकास तथा सुशासन समितिको कार्यक्षेत्रअन्तर्गत रहेको छ। विभिन्न मन्त्रालय, निकाय र सोअन्तर्गत दिगो विकास र सुशासनसम्बन्धी नीति, कार्यक्रम, योजना, बजेट स्रोत परिचालन एवम् व्यवस्थासम्बन्धी क्रियाकलापहरूको जानकारी लिई यथोचित न्याय गर्ने कार्य पनि समितिको कार्य दिशा रहेको छ। नेपालको समग्र दिगो विकासमा महत्त्वपूर्ण एजेन्डाका रूपमा रहेको दिगो विकास लक्ष्यको कार्यान्वयन र सार्थक विकासको पूर्वसर्तका रूपमा रहेको सुशासनको प्रत्याभूति गराउनेतर्फ समिति सदैव क्रियाशील रहेको छ। कसैलाई पनि पछाडि नछाड्ने (leaving noone behind) भन्ने दिगो विकास लक्ष्यको मूल मर्मलाई समितिले अङ्गीकार गर्दै राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपमा पछाडि परेका वर्गहरूको उत्थान र विकासका लागि सामाजिक न्याय र समानत्व कायम गर्न समितिले आफ्ना कामकारबाहीहरू सञ्चालन गरिरहेको छ।

सम्माननीय अध्यक्ष महोदय, दिगो विकास तथा सुशासन समितिको मिति ०७९/११/१७ को बैठकबाट नेपालमा कार्यान्वयनमा रहेको दिगो विकासको लक्ष्यहरूको कार्यान्वयनको स्थिति अध्ययन गरी ७ वर्षको मध्यावधि ०१६ मा सुरु भएर २०३० मा सकिने यसको मध्यविन्दु ०२३ थियो। ७ वर्षको मध्यावधि मूल्याङ्कनगरी प्रतिवेदन पेस गर्ने उद्देश्यले समितिले विगत ९ महिनासम्म लगातार विभिन्न क्षेत्रका विद्वान् सरोकारवाला व्यक्तिहरूसँग, संस्था र समूह सम्बन्धित निकायहरू गैरसरकारी क्षेत्र, निजी क्षेत्र सहकारी क्षेत्रलगायत सरकारको विभिन्न निकायसँग छलफल र अन्तरक्रिया गरेको थियो। सम्बन्धित संघीय मन्त्रालय, निकाय, प्रदेशस्तरीय सरकारी निकायहरू, गैरसरकारी निकायहरूसँग पनि लगातार छलफलहरू गरेको थियो। अन्तरक्रिया स्थानीय तहसँगको छलफल हामीले स्थानीय तहमा पनि छलफलहरू गर्‍यौं। र त्यसपछि यो रिपोर्ट तयार पारिएको छ। अन्तर्राष्ट्रिय तथा राष्ट्रिय संघ संस्था एवम् विभिन्न निकायहरूबाट प्राप्त प्रकाशित एवम् अप्रकाशित तथ्याङ्क सङ्कलन गरी उपलब्ध भएसम्म यो प्रतिवेदनलाई यथार्थपरक र प्रमाणमा आधारित बनाउने कोसिस यहाँ गरिएको छ। अब म यस प्रतिवेदनले औंल्याएका मुख्य मुख्य विषयहरू सदनसमक्ष राख्न चाहन्छु।

विगत ७ वर्षमा दिगो विकास मैत्री कानुन तर्जुमा गर्न महिला, दलित, अपाङ्ग भएका व्यक्ति, लैङ्गिक अल्पसङ्ख्यक समुदायलगायतका सबै नागरिकहरूलाई विकासमा मूलप्रवाहीकरण गर्न अपेक्षाकृत सफलता प्राप्त भएको छैन। दिगो विकासप्रति राजनीतिक अपनत्व मुख्य रूपमा खड्केको छ। दिगो विकास लक्ष्यको स्थानीयकरण देखिएन। दिगो विकास लक्ष्यअनुसार बजेट coding नहुनु भएको पनि औचित्वपूर्ण नहुनु, बजेट विनियोजन भएको पनि खर्च हुन नसक्नु,

अनियन्त्रित रूपमा बजेट रकमान्तर हुनु, स्रोतान्तर हुनु यस्ता कुराहरूले चाहिँ कार्यक्रम प्रभावित भइरहेको छ। सरकारतर्फबाट बजेट अनुशासन पालना गरेको पाइएन।

संघ, प्रदेश र स्थानीय तहमा मध्यकालीन खर्च संरचना तयार गर्दा, सर्त अनुदान निर्धारण गर्दा, वार्षिक बजेट तयार गर्दा अनिवार्य रूपमा दिगो विकास लक्ष्य coding गर्न यसका लागि लक्ष्यहरूको प्राथमिकीकरण गर्न बजेट रकमान्तर स्रोतान्तरलाई निरुत्साहित गर्न र लक्ष्य प्राप्तिलाई कार्यसम्पादनसँग जोड्न यो प्रतिवेदनले सुझाव दिएको छ।

राज्यको स्रोत अभावमा दिगो विकास लक्ष्य हासिल गर्न निजी क्षेत्र सहकारी क्षेत्र र गैरसरकारी क्षेत्रको स्रोत परिचालन गर्ने कुरामा यकिन तथ्याङ्क प्राप्त हुने स्थिति अहिले पनि देखिएको छैन। यसका लागि सबै क्षेत्रबाट सहयोग लिने गरी लगानीमैत्री वातावरण तयार गर्नुपर्ने स्थिति देखिएको छ। दिगो विकासका सूचकहरू हचुवा र महत्त्वाकाङ्क्षी रहेका देखिए। विगतमा ४७९ सूचक विकास गरिएकोमा तथ्याङ्क प्राप्त हुन नसक्ने भएपछि सरकारले घटाएर सरकारले ३०१ कायम गरेको छ। तर पनि त्यसको आधा मात्र तथ्याङ्क उपलब्ध हुने स्थिति छ अहिलेको स्थिति data portal सक्रिय बनाई स्थानीय र प्रदेशबाट समेत खण्डीकृत तथ्याङ्क प्राप्त गर्ने व्यवस्था मिलाउनुपर्ने देखिएको छ। अत्यधिक कार्बन उत्सर्जनका कारण उत्पन्न जलवायु परिवर्तनबाट आक्रान्त नेपालले खेप्नुपरेका पीडा विश्वसामु राखी कूटनीतिक माध्यमबाट नेपाल र नेपालीको अस्तित्व रक्षाको हक स्थापित गर्न  र वातावरणीय अनुकूल एवम् प्रकोप न्यूनीकरणका लागि आवश्यक सहयोग जुटाउन वर्षेनी आयोजना हुने कोप सम्मेलनको तयारी र सहभागिता पर्याप्त हुन सकेको छैन। हतारमा काम गर्ने र फुर्सदमा पछुताउने हाम्रो शैली cop -28 मा पनि देखियो। आगामी दिनहरूमा व्यापक सरोकारवालाहरूसँग सहभागिता गरी, छलफल गरी cop सम्मेलनको तयारी योजनाबद्ध रूपमा गर्न पनि सरकारलाई ध्यानाकर्षण गराउन जरुरी छ। सोह्रौं पञ्चवर्षीय  राष्ट्रिय योजना आगामी दिनमा दिगो विकास लक्ष्य कार्यान्वयन गर्न र यसलाई गति दिन कोसे ढुङ्गा साबित हुन सक्छ। त्यसैले यो योजना दिगो विकास लक्ष्य हासिल गर्ने मार्गदर्शक बन्न सकोस् भन्ने कुरामा सभाले निर्देशन दिनुपर्ने देखिन्छ। सन् २०२६ मा नेपालले अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्ने स्थितिमा त्यसबाट पर्ने सकारात्मक एवम् नकारात्मक असर दिगो विकास लक्ष्य प्राप्तिमा पनि पर्ने हुँदा यसबारे सदनमा विस्तृत छलफल गर्न जरुरी देखिन्छ। संघीयता कार्यान्वयन प्रभावकारी बनाउने तीनओटै तहमा दिगो विकास लक्ष्यलाई आवधिक विकाससँग आबद्ध गर्ने दिगो विकास लक्ष्यको स्थानीयकरण गर्ने, कार्यक्रम प्रस्ताव गर्दा दिगो विकास लक्ष्यसँग तादात्म्यता हुने गरी प्रस्ताव गर्ने, voluntary local लाई प्रभावकारी बनाउने र तथ्याङ्कको प्रभावकारी प्रयोग गर्ने जस्ता कार्यमा सरकारले प्राथमिकता दिन

आवश्यक छ। दिगो विकास लक्ष्यको प्रगति सूचकहरूको परिणाम उल्लेख गर्दा EMIS, survey result, NLFS, census, MIS, FMIS र National account का आधारमा तयार गर्ने National Portal लाई प्रभावकारी बनानउने  र विश्व विद्यालय अनुसन्धान केन्द्र एवम् पुस्तकालयका repository लाई व्यवस्थित बनाई नियमित खण्डीकृत रूपमा सूचनाहरूका अद्यावधिक विवरण तयार गर्न पनि आवश्यकता देखिएको छ। प्रतिनिधि सभा र राष्ट्रिय सभाका विभिन्न समितिहरूले दिगो विकास लक्ष्य कार्यान्वयनसँग सम्बन्धित विषयमा विभिन्न समयमा अध्ययन गरी दिएका राय सुझाव एवम् निर्देशनहरू समयमै कार्यान्वयन भएका छैनन्। यसतर्फ नेपाल सरकार र सम्बन्धित निकायको समयमै ध्यान जान जरुरी छ। नेपाल संयुक्त राष्ट्र संघको सदस्य राष्ट्र र अन्य अन्तर्राष्ट्रिय महासन्धि सम्झौताहरूको पक्ष राष्ट्रको हैसियतले प्रतिनिधित्व गर्दै भाग लिने सम्वेदन बैठक एवम् नियमित प्रतिवेदनमा गरिने। विषयहरूलाई संसदलाई जानकारी दिन आवश्यक छ | राज्यको तीनओटै निकायको प्रतिनिधित्व गराउन आवश्यक छ। आगामी July 2024 मा नेपालले पेस गर्ने दिगो विकास लक्ष्य कार्यान्वयनसम्बन्धी तेस्रो Voluntary National Review (VNR) report का सम्बन्धमा सरकारले तयारी गर्दै गरेको स्थितिमा सदनमा छलफल हुन पनि आवश्यक छ। र सरकारले उक्त प्रतिवेदनमा सभामा पनि पेस गरेर यहाँ निर्देशन हुन आवश्यक छ। दिगो विकास लक्ष्य कार्यान्वयन विश्वव्यापी साझेदारीबाट मात्र सम्भव हुने कुरा लक्ष्य नम्बर १०, १६ र १७ ले किटान गरेको छ। दिगो विकासका निश्चित लक्ष्य हासिल गर्ने कार्यमा सहयोग पुर्‍याउन IPU climate parliament संसदीय मैत्री समूहलगायत विभिन्न संसदीय मञ्चहरू अन्तर्राष्ट्रियस्तरमा क्रियाशील छन्। ती संस्थाहरूमा नेपालको प्रभावकारी उपस्थिति क्रियाशीलताहरू जरुरी देखिन्छ। यसका लागि आवश्यक व्यवस्थाका लागि नेपाल सरकारले निर्देशन हुन आवश्यक देखिएको छ। दिगो विकास लक्ष्यका विभिन्न क्षेत्रमा विगत लामो समयदेखि स्थानीय तहमा क्रियाशील गैरसरकारी क्षेत्रको लगानी पारदर्शी बनाई त्यो क्षेत्रको बिक्रेताको स्थानीय तहमा उपयोग गर्ने वातावरण तयार गर्नुपर्ने देखिन्छ। सरकारी तथा विकास साझेदारी संस्थाहरूबाट हुने कार्यक्रममा उचित समन्वय हुन जरुरी छ। सरकार र सामुदायिक तथा गैरसरकारी संस्थाबिचको सहकार्यका क्षेत्रहरूलाई व्यावसायिक पारदर्शी र प्रभावकारी बनाई परियोजनाहरूको प्रभावकारी सुपरिवेक्षण अनुगमन तथा मूल्याङ्कन गर्न जरुरी छ। संघ, संस्था दर्ता र नियमनका लागि एकीकृत संघीय कानुन निर्माण गर्न नेपाल सरकारलाई आवश्यक निर्देशन हुन जरुरी छ। कसैलाई पनि पछाडि नछोड्ने नीति सरकारले लिएकोमा उक्त लक्ष्य हासिल गर्न, जोखिम तथा सामाजिक बहिष्करणमा परेका तथा हिंसा पीडित, दलित, बालबालिका, ज्येष्ठ नागरिक एवम् महिलाहरूलाई पूर्ण रूपमा संरक्षण पुनर्स्थापना सशक्तीकरण, सबलीकरण, स्वावलम्बी बनाउनका लागि जनचेतनामूलक र सीपमूलक कार्यक्रम ल्याउन आवश्यक देखिन्छ। दिगो विकास

लक्ष्यहरूको कार्यान्वयन गर्दा Gender Equality and Social Inclusion (GESI) रणनीतिमा अब अपाङ्ग तहलाई पनि समेटेर Gender Equality Disability and Social Inclusion (GEDSI) रणनीति तयार गरी समितिले लागु गर्न समितिले सुझावहरू दिएको छ। मन्त्रालयगत रूपमा SDG dedicated शाखा निकायको स्थापना अर्धवार्षिक र वार्षिक रूपमा लक्ष्यहरूको नियमित अनुगमन मूल्याङ्कन गर्ने प्राप्त पृष्ठपोषणलाई आन्तरीकरण गर्ने, संस्थागत गर्ने उपयुक्त र पर्याप्त बजेट दक्ष जनशक्ति तथा अन्य आवश्यक स्रोत साधनको परिपूर्ति गर्ने SDG र सोको पक्षका बारेमा व्यापक प्रचार प्रसार, सेमिनार, तालिम, गोष्ठी आयोजना कार्यमा तीव्रता दिन जरुरी छ। समितिले विभिन्न निकाय एवम् विषयहरूसँग निरन्तर अन्तरक्रिया विज्ञहरूसँग निरन्तर अन्तरक्रिया छलफल गरी दिगो विकासका लक्ष्य प्राप्त गर्न नेपाल सरकार र सम्बन्धित निकायहरूले गरिरहेका कार्यहरूको जानकारी लिई कार्य प्रगतिलाई प्रभावकारी बनाउन सुझाव दिएको छ। यसबाट दिगो विकास कार्यान्वयनमा अन्तरनिकाय, अन्तरसमन्वय, अन्तरतहको समन्वय र सहकार्य गर्न सहयोग पुग्ने अपेक्षाहरू गरेको छ।

सम्माननीय अध्यक्ष महोदय, समितिले समग्र रूपमा दिगो विकास लक्ष्यको कार्यान्वयन अवस्थाको मध्यावधि समीक्षा गरी आगामी समयमा निर्धारित लक्ष्य प्राप्ति गर्न कार्यान्वयन कार्ययोजना बनाएर तीनओटै सरकारले कार्य गर्नुपर्ने सुझाव दिएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनको मुख्य जिम्मेवारी सरकारमा निहित रहेको, विकासका लागि निजी क्षेत्र सरकारी क्षेत्र र गैरसरकारी क्षेत्रबाट स्रोतको अभाव पूर्ति गरी लक्ष्य हासिल गर्न यसलाई स्थानीयकरण गर्नुपर्ने स्थानीय तहको क्षमता अभिवृद्धि गरी लक्ष्यसँग सम्बन्धित सूचकहरूको प्रगति प्रतिवेदनका लागि प्रणालीको विकास गर्नुपर्ने, राजनीतिक अपनत्व विकास गर्नुपर्नेजस्ता राय, सल्लाह एवम् सुझावहरू समितिले दिएको छ। त्यसैले तीनओटै तहको संस्थागत क्षमता अभिवृद्धि गर्दै सबै तहमा प्रभावकारी अनुगमन र मूल्याङ्कन पद्धतिको विकास गर्नुपर्ने देखिन्छ।

अन्त्यमा सम्माननीय अध्यक्ष महोदय, दिगो विकास लक्ष्य कार्यान्वयन स्थितिको मूल्याङ्कन गरी आगामी दिनमा अझ प्रभावकारी रूपमा दिगो विकास लक्ष्य हासिल गर्न यो प्रतिवेदन संघ, प्रदेश र स्थानीय तह एवम् निजी र गैरसरकारी क्षेत्रका लागि पनि कोसेढुङ्गा साबित हुने कुरामा समितिले विश्वास लिएको छ। यो मूल्याङ्कन अभियानमा सुरुदेखि नै मार्गदर्शन दिनुहुने राष्ट्रिय सभाका सम्माननीय अध्यक्ष, माननीय उपाध्यक्ष, राष्ट्रिय योजना आयोगका माननीय उपाध्यक्ष सम्बन्धित मन्त्रालयका पदाधिकारी, कर्मचारी, गैरसरकारी र सरकारी क्षेत्रका सहकार्य क्षेत्रका अभियानताहरू नीति क्षेत्रका प्रतिनिधिहरूलगायत सबैको सहयोगका लागि धन्यवाद प्रदान गर्दछु। त्यसै गरी समितिका कार्यमा निरन्तर दत्तचित्तले खटिनुहुने समितिका माननीय सदस्यहरू,

समितिका बैठकमा उपस्थित भई हाम्रा कार्यलाई प्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने माननीय मन्त्रीज्यूहरू, प्रदेश सभाका माननीयज्यूहरू, नेपाल सरकारका कर्मचारीहरू, विषय विज्ञहरू, संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव, समितिका सचिवलगायत अन्य कर्मचारी एवम् पत्रकार मित्रहरूप्रति पनि समिति सभापतिको तर्फबाट धन्यवाद ज्ञापन गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले अब म दिगो विकास तथा सुशासन समितिको दिगो विकास लक्ष्य कार्यान्वयनसम्बन्धी मध्यावधि मूल्याङ्कन प्रतिवेदन, २०८० सम्मानित सभासमक्ष गर्दछु। फेरि फेरि भेट हुने उत्साहसहित सबैलाई उच्च सम्मान र धन्यवाद। जय नेपाल।

(१४:२३ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म विधायन व्यवस्थापन समितिका माननीय सभापति जयन्ती देवी राईलाई खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन २०८० सभा समक्ष पेस गर्न समय उपलब्ध गराउँछु।

(१४:२४ बजे) **विधायन व्यवस्थापन समितिका माननीय सभापति श्री जयन्ती देवी राईः-** सम्माननीय अध्यक्ष महोदय, म सम्माननीय अध्यक्ष महोदय,लाई अलिकति यो प्रतिवेदन पेस गर्नुभन्दा अगाडि केही समय मागे एक मिनेट। आज हामी जुन यो आफ्नो कार्यकाल पूरा गरेर जानुहुने माननीयज्यूहरूले आफ्ना धेरै अनुभवहरू राख्नुभयो अलि कताकता मनमा अलिकति आफूलाई पनि छोयो। अलि भावुक पनि बनायो र सबै माननीयज्यूहरूले भन्नुभयो हामी फेरि पनि भेट हुन्छौं भनेर जरुर भेट्ने छौं। र मलाई के लाग्छ भने हाम्रो यात्रा अन्त्य भएको छैन हामी यो राष्ट्रिय सभाबाट बिदा हुँदैछौं तर हाम्रो राजनीतिक यात्रा अझै क्रियाशील बन्नेछ यहाँहरूको सक्रिय बन्नेछ जरुर भेट हुन्छ त्यसकारणले आज हामी जनताको अधिकार प्राप्तिको निम्ति फेरि पनि धेरै धेरै लडाइ लड्नु छ। राजा यो मुलुकलाई समृद्धि र समुन्नति बनाउनको निम्ति तपाईं हाम्रो त्यत्तिकै जरुरी छ। त्यसकारणले यहाँहरूले जति भूमिका निर्वाह गर्नुभयो यो राष्ट्रिय सभामा रहेर त्यो अत्यन्तै अमूल्य छ र हाम्रो निम्ति सधैं प्रेरणादायी बन्नेछ। र यहाँहरूलाई आफ्नो जुन भविष्यको निम्ति र यहाँहरूको आफ्नो निम्ति सधै यहाँहरूको उत्तरोत्तर प्रगतिको कामना म गर्न चाहन्छु। र जसरी तपाईहरूले प्रतिबद्धता जाहेर गर्नुभयो हामी फेरि पनि भेट्छौ हामी बिदा भएको छैनौं है भन्नुभयो। त्यसमा हामी जरुर भेट हुन्छौं। यसै सन्दर्भमा आज हाम्रो राष्ट्रिय सभाका अध्यक्ष सम्माननीय अध्यक्षज्यू पनि सायद मलाई लाग्छ यो बैठक आज अन्तिम होला।

र उहाँलाई पनि म एकदम धेरै धेरै धन्यवाद र उहाँले दिनुभएको जुन एकदमै उहाँको यो अ उहाँको जुन यो राष्ट्रिय सभा सञ्चालन गर्ने कुरामा कहिँ पनि ठाउँ राख्नुभएन कि आज हामीलाई उहाँले पक्षपात गर्नुभयो एकदमै निरंकुश हुनुभयो। वा एकतर्फी हुनुभयो भन्ने ठाउँ राख्नुभएन सबै कुरामा ब्यालेन्स गरेर उहाँले जसरी लानुभएको थियो त्यस्तै त्यस्तै आउने दिनहरूमा पनि हामीले अध्यक्ष प्राप्त गर्न सकौं। यस्तो किसिमको अध्यक्ष आउन सकुन् भन्ने म एकदमै अब आफ्नो हैन त्यो शुभकामना मतलब आकांक्षा राख्न चाहन्छु। यति भन्दै म आफ्नो प्रतिवेदन पेस गर्न चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभा नियमावली २०७५ बमोजिम विधायन व्यवस्थापन समितिको कार्यक्षेत्र अन्तर्गत सभामा प्राप्त विधेयकमाथि छलफल तथा विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी विषयहरू रहेका छन्। प्रस्तुत प्रतिवेदन ऐन कार्यान्वयन मापन अध्ययनसँग सम्बन्धित छ। समितिले यसअघि ऐन कार्यान्वयन मापन अध्ययनसँग सम्बन्धित चारवटा विषयमा अध्ययन गरेको बेहोरा सभा समक्ष जानकारी गराउँदै पाँचौं अध्ययनको प्रतिवेदन सभा समक्ष पेस गर्न गइरहेको बेहोरा जानकारी गराउँदछु। जलवायु परिवर्तन पछिल्लो विश्वको समग्र क्षेत्रका लागि चुनौती बनेको छ। नेपालजस्तो विकासशील र उच्च हिमाली मुलुकमा अझ बढी प्रभाव र असर सिर्जना गर्ने कारण बनेको छ। यसका अवसरमा नेपालको ठुलो जनसङ्ख्या आश्रित कृषि क्षेत्र पनि अछुतो छैन। नेपालको संविधानले खाद्य सम्बन्धी हकलाई मौलिक हकका रूपमा प्रबन्ध गरेसँगै यो कार्यान्वयनका लागि जारी भएको खाद्य अधिकार र खाद्य सम्प्रभुत्ता सम्बन्धी ऐन २०७५ को दफा १९ मा जलवायु परिवर्तनबाट खाद्य उत्पादनमा पर्न सक्ने प्रतिकूल प्रभाव वा त्यसबाट हुने जोखिम न्यूनीकरणका लागि निवारणात्मक उपायहरू अपनाउन आवश्यक व्यवस्था गर्ने उल्लेख गरिएकोमा सो कानुनी प्रबन्धको कार्यान्वयन अवस्थाको अध्ययन गर्न प्रस्तुत कानुन कार्यान्वयन मापन अध्ययन गरिएको हो। प्रस्तुत अध्ययन उत्तर विधायिकी परीक्षण सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास तथा मापदण्ड र विधायन व्यवस्थापन समितिले स्वीकृत गरेको ऐन कार्यान्वयन मापन तथा अध्ययन र अनुसन्धान सम्बन्धी कार्यविधि २०७५ समेतले निर्धारण गरेको प्रक्रिया र चरणहरूलाई आधार मानी पूरा गरिएको छ। सम्माननीय अध्यक्ष महोदय, यस अध्ययनका क्रममा समितिले मूलतः तीनवटा चरणमा तथ्याङ्क सङ्कलन गरी अध्ययन कार्य गरेको छ। पहिलो चरणमा कानुन कार्यान्वयनकारी निकायका तर्फबाट कार्यान्वयनको प्रगति विवरण माग गरी संकलन गरिएको थियो। दोस्रो चरणमा समग्र तराई क्षेत्रलाई प्रतिनिधित्व गरी कपिलवस्तु जिल्ला र हिमाली तथा पहाडी क्षेत्रको प्रतिनिधित्व गरी सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लामा जलवायु

परिवर्तनबाट खाद्य र उत्पादन प्रणाली असर गरेको गरेका क्षेत्रहरूको स्थलगत भ्रमण अध्ययन गरी स्थानीय सर्वसाधारण तथा जनप्रतिनिधिहरूसँगको अन्तरक्रियाबाट सूचना प्राप्त गरिएको थियो। तेस्रो चरणमा कानुन कार्यान्वयनकारी निकाय स्वतन्त्र विज्ञ तथा सरोकारवालाहरूसँगको अन्तरक्रियाबाट प्राप्त जानकारी एवं अध्ययनबाट देखिएका तथ्यका आधारमा मूलतः दुईवटा विषयमा समस्या रहेको पाइएको छ। पहिलो ऐन जारी भएको पाँच वर्ष पूरा भइसक्दा समेत सरकारबाट प्रतियोजित विधायन जारी नहुँदा ऐनको कार्यान्वयन सरकारको प्राथमिकतामा नरहेको देखिएको छ भने दोस्रो सरकारले कुनै न कुनै रूपमा सञ्चालन गरेका कार्यक्रमलाई समेत वास्तविक किसानका आवश्यकतासँग जोड्न नसक्नु र ती कार्यक्रम त्यस्ता किसानकासम्म नपुग्नु प्रमुख समस्याका रूपमा रहेका छन्। प्रस्तुत प्रतिवेदनले सोही सेरोफेरोमा सुझाव सिफारिस गरेका छन्। अध्ययनका मुख्य सिफारिसहरूमा ऐन कार्यान्वयनका लागि तत्काल नियमावली जारी गरी लागू गर्नुपर्ने जलवायु परिवर्तनको असरसँग जुध्न तिनै तहको सरकारको संस्थागत क्षमता सबलीकरण गर्ने र समन्वय लाई प्रभावकारी बनाउनुपर्ने कृषि अनुसन्धान परिषद्बाट सिफारिस भएका जलवायु अनुकूलित प्रजातिका बिउ विजनलाई किसानको पहुँचमा पुर्‍याउने जनशक्तिको क्षमता विकास गरिनुपर्ने पशुपंक्षी र कृषि बालीको बीमा गर्ने व्यवस्था गर्ने विषम वातावरणमा अनुकलन हुने तथा रैथाने बालीको संरक्षण गर्नुपर्ने खाद्य सुरक्षाका कार्यक्रमलाई प्रभावकारी बनाउनुपर्ने खेतीयोग्य जमिनको संरक्षणका लागि वैज्ञानिक भूउपयोग नीति लागू गर्नुपर्ने लगायत रहेका छन् उल्लेखित सिफारिसहरूको प्रभावकारी कार्यान्वयन हुन सकेमा संविधान प्रदत्त मौलिक हकका रूपमा रहेका खाद्य अधिकार र खाद्य सम्प्रभुता सम्बन्धी हकको प्रचलनमा सहयोग पुग्ने देखिन्छ। अन्त्यमा प्रस्तुत अध्ययनका क्रममा तथ्य तथ्याङ्क सहित आफ्नो विज्ञ मत दिएर सहयोग गर्ने कृषि तथा पशुपंक्षी विकास मन्त्रालय वन तथा वातावरण मन्त्रालय स्थलगल अध्ययन गरिएका स्थानका जनप्रतिनिधि तथा किसानहरू विज्ञ एवं सरोकारवाला सबैमा धन्यवाद व्यक्त गर्न चाहन्छु। त्यस्तै प्रस्तुत अध्ययनका लागि सहयोग पुर्‍याउने संयुक्त राष्ट्रसङ्घ विकास कार्यक्रम संसद सहयोग परियोजना UNDP PSP अध्ययनका क्रममा विज्ञका रूपमा सहयोग गर्नुहुने समितिका पूर्व माननीय सभापति परशुराम मेघी गुरुङ माननीय संविधानसभाका सदस्य कृष्ण प्रसाद सापकोटा र माननीय संविधानसभाको सदस्य खिमलाल देवकोटा र समितिका सचिवालय र सम्बद्ध सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। सम्माननीय अध्यक्ष महोदय, सम्माननीय अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को नियम ६० को उपनियम १ बमोजिम खाद्य अधिकार तथा खाद्य सम्प्रभुता सम्बन्धी ऐन २०७५ को दफा १९ को कार्यान्वयन मापन प्रतिवेदन २०८० सभासमक्ष पेस गर्दछु। धन्यवाद।

(१४:३३ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१४:३३ बजे) **माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङ**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:३४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको प्रतिवेदनसहित प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि छलफल प्रारम्भ हुन्छ। छलफलमा समितिको प्रतिवेदन र सो सम्बन्धी विधेयकका दफाहरू तथा अनुषांगिक अन्य दफाहरू मात्र छलफल गर्न सकिने बेहोरा माननीय सदस्यहरूलाई जानकारी गराउँछु। उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यले आफ्नो नाम अध्यक्षको डयाससँगै बसेका सचिवालयका कर्मचारीहरूलाई तीन मिनेटभित्र उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु। छलफलमा भाग लिनुहुने प्रत्येक माननीय सदस्यलाई ३ मिनेटको समय निर्धारण गरेको छु।माननीय सदस्य रमेशजंग रायमाझी।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य रमेश जंग रायमाझी

(१४:३५ बजे) **माननीय श्री रमेश जंग रायमाझी (नेपाली कांग्रेस)**:- हामीले विधायन समितिमा यो विषयमा लामो छलफल गऱ्यौं। लामो छलफलपश्चात् हामीले चाहिँ सर्वसम्मत रूपमा तीनवटा बैठक बसेर, तीन पटक बैठक बसेर लामो छलफल पश्चात् हाम्रो छलफल अगाडि बढेर सर्वसम्मतको निर्णय भएका कुराहरू मध्ये एता एउटा यो प्रतिवेदन पेस गर्दै जाँदाखेरि ..... पर्ने भएको कारणले म यसलाई पढ्न चाहन्छु र यसरी यसलाई व्यवस्थापन

गरियोस् भन्न चाहन्छु। २ खण्ड ग मा रहेका सम्वत् २०८३ साल भन्ने शब्दको सट्टा क्यासिनो सञ्चालनमा राखी सम्वत् २०८५ साल चैत मसान्तभित्र अलग अलग कम्पनी स्थापन गरी यस ऐनबमोजिम इजाजत लिनुपर्ने भन्ने शब्द राख्न उपयुक्त हुन्छ भनेर प्रस्ताव गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य कुमार दसौदी।

(१४:३६ बजे) **माननीय श्री कुमार दसौदी (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्ष महोदय, यो विधेयकका सन्दर्भमा मनि लाउन्डरिङ संशोधन विधेयक दफा २८ मा स्रोत नखुलेको सम्पत्ति कर लिएर बैध बनाउने कुरा, यो बेठिक छ। यो कुरासँग म सहमत छैन। किनभने यो विधेयकले नेपालजस्तो मुलुकमा गरी खाने कुनै पनि परिश्रम गर्ने मान्छेहरूका निम्ति यो अत्यन्तै घातक छ, यसले राजनीतिक रूपमा पनि यो तस्करहरूलाई भित्र्याउँछ, यो गरिखाने मान्छेको निम्ति एउटा स्वतन्त्र ढङ्गले पनि बाँच्न सक्दैन र तस्करहरू, यो चाहिँ विभिन्न खालका चाहिँ नि यो माफियाहरू मौलाउने स्थिति छ। त्यसकारण यो विधेयकमा म सहमत नभएको कुरा म जानकारी गराउन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य भैरव सुन्दर श्रेष्ठ।

(१४:३७ बजे) **माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, यहाँ अहिले भर्खरै प्रस्ताव गरेको यो विधेयकका सन्दर्भमा माननीय रमेशजंग रायमाझीले राख्नुभएको यो विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा नम्बर ३ को (२) को सट्टा देहायको बुँदा नम्बर ३ को (२) राख्नुपर्ने भनेर अघि राख्नुभ'को छ। त्यो चाहिँ प्रस्तावलाई म पूर्ण रूपमा समर्थन गर्छु। त्यो के छ भन्दाखेरि २ खण्ड ग मा रहेका संवत् २०८३ साल भन्ने शब्दको सट्टा क्यासिनो सञ्चालनमा राखी संवत् २०८५ साल चैत्र मसान्तभित्र अलग अलग कम्पनी स्थापना गरी यस ऐनबमोजिम इजाजत लिनुपर्ने भन्ने शब्द राख्नुपर्ने विषयमा हाम्रो सहमति भएको थियो। यो चाहिँ प्रस्ताव जसरी आ'को छ, यो विधेयकमा त्यसमा अलि अन्यथा भा' हुनाले मैले अघि उहाँले राख्नुभा' छ, त्यो प्रस्तावको पूर्ण समर्थन गर्दै मैले यो राखें। धन्यवाद।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१४:३८ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (ने.क.पा. एमाले):-** अध्यक्ष महोदय, यो विधेयकमा १९ वटा ऐनलाई संशोधन गर्ने गरी आयो। र यो विधेयकमा थप्न चाहिँ पाइयो, हटाउन चाहिँ केही पनि पाइएन, यो हाम्रो बाध्यता रह्यो। हुन्डी, अवैध धन, स्रोत नखोलेको सम्पत्तिलाई प्रक्रिया पुर्याएर छानबिन गर्ने व्यावसायिक वातावरणलाई प्रवर्धन गर्नेसम्बन्धी केही ऐनलाई संशोधन गर्ने उद्देश्यले  ल्याउँदा छलफल गर्ने समयको अलिकति अपर्याप्त भयो भन्ने लागेको छ। सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ्ग सम्बन्धमा आर्थिक कारोबारी र व्यवसायका गतिविधिलाई प्रभावकारी बनाउनको लागि व्यवस्थित गर्न खोज्दा स्रोत नखोलेको सम्पत्ति जफत गर्ने प्रावधान विधेयकमा मौजुदा छ। ऐनमा भएका प्रावधानभन्दा पनि थप गर्ने काम खोजेको थप गर्न सकिएन र नयाँ संविधान आइसकेको अवस्थामा सम्माननीय अध्यक्षमार्फत म मन्त्रीज्यूलाई ध्यानाकर्षण गराउन चाहन्छु। नयाँ संविधान आइसकेको अवस्थामा संघीय लोकतान्त्रिक गणतन्त्रलाई टेवा पुग्ने गरी, पुग्ने हिसाबले समयसापेक्ष ऐनहरू बनाउन आवश्यक छ। एकैचोटि धेरै ऐनहरू ल्याएर केही दफाहरू संशोधन गर्दाखेरि संविधानको भावना र मर्मअनुसार हुँदैन। आगामी दिनमा यसरी नल्याउनको निम्ति हार्दिक अनुरोध गर्दछु।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य तुलप्रसाद विश्वकर्मा।

(१४:३९ बजे) **माननीय श्री तुलप्रसाद विश्वकर्मा (राष्ट्रिय जनमोर्चा):-** सम्माननीय अध्यक्षज्यू, यो विधेयकमा जुन यो स्रोत नखुलेको सम्पत्तिको कुरा आएको छ। त्यसलाई कर लिएर चाहिँ उ गर्ने भन्ने कुरोमा मेरो पनि असहमति छ। यो गर्दाखेरि त्यसले विभिन्न खालका विसङ्गतिहरूलाई भित्र्याउँछ त्यसैले यो ठिक छैन भन्ने कुरा मैले यहाँ राख्न चाहन्छु। धन्यवाद।

(१४:४० बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित प्रतिनिधि सभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण मनि लाउन्डरिङ निवारण तथा व्यावसायिक वातावरण सम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि छलफल गरियोस् भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब म माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

**(१४:४० बजे) <u>माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः-</u>** सम्माननीय अध्यक्ष महोदय, ठ्यात्र्याक्कै म विषयमा प्रवेश गर्नभन्दा पहिले आज चाहिँ केही कुराहरू यहाँ सम्मानित सदनसमक्ष अध्यक्ष महोदयको आज्ञाले राख्न चाहन्छु। वास्तवमा हाम्रो यो संविधानबमोजिम आज राष्ट्रिय सभाबाट अब दुई दिनपछि स्वयं हाम्रा सम्माननीय अध्यक्ष महोदयकै साथमा लगायत २० जना माननीय सदस्यज्यूहरू चाहिँ नि वास्तवमा यो सदनबाट बिदा भएर जाने क्रममा हुनुहुन्छ। र वास्तवमा सम्माननीय अध्यक्ष महोदय, यो चाहिँ नि कुनै मैले बढाइचढाई गर्न त चाहन्नँ। तथापि मेरो अनुभूति मेरो अनुभव, मैले गरेको महसुस र अध्यक्ष महोदयको यो कार्य सञ्चालन कार्यसम्पादनको सन्दर्भमा नियालेर हेर्दाखेरि बडो उहाँ गजबै लाग्यो। कि चाहिँ नि ठ्यात्र्याक्क यो समयलाई चिन्ने हामीलाई पनि बनाउनुभयो भने मलाई लाग्छ पछि त मैले केसम्म भन्नुपर्‍यो भने माननीय कतिपय मन्त्रीज्यूहरूलाई कि राष्ट्रिय सभामा फेरि एक यति बजेट एक मिनेट भन्ने हुन्छ अथवा यति मिनेट भन्नुहुन्छ त्यहाँ ठ्याक्कै पुग्नु है भन्नेसम्मको चाहिँ नि त्यो एक प्रकारको पोजेटिभ भयङ्कर सकारात्मक सन्देश नेपालीका लागि हो भन्ने मलाई लाग्यो किनभन्दाखेरि हामीले भन्ने नै बानी के छ भन्दाखेरि नेपाली समय त हो नि भन्ने हाम्रो बानी छ फेरि। त्यो भनेको के भन्दाखेरि ११ बजे भन्या ठाउँमा यसो हात पछाडि पारेर १ बजेतिर पुगे पनि हुन्छ भन्ने हाम्रो जुन बानी जुन प्रवृत्ति छ त्यो प्रवृत्तिका विरुद्धमा यहाँले वास्तवमा नेपालीहरू पनि समयलाई चिन्दछन्। समयलाई जान्दछन्। time is value of life भन्ने कुरा खाली विदेशीका लागि मात्रै होइन यो नितान्त हाम्रो लागि पनि हो भन्ने कुरा यहाँले स्थापित गर्दिनु भएको छ। यो वास्तवमै हाम्रो लागि र व्यक्तिगत रूपमा भन्नुपर्दाखेरि मेरा लागि त यो एउटा एउटा मैले चाहिँ नि अद्भुत ज्ञानको रूपमा मैले हासिल गरेको छु। र साथै यहाँको वास्तवमा अध्यक्ष महोदयको त्यो शालिनता तर्फ पनि म बडो आकर्षित भएको छु। वास्तवमा यहाँको जुन राजनीतिमा हामीले जुन शालिनता अपनाउन सक्छौं त्यो वास्तवमा यहाँबाट मैले धेरै सिकेको छु भन्ने मलाई लाग्या छ त्यसकारणले गर्दाखेरि पनि वास्तवमा मैले अघि भर्खरै बाहिर अनौपचारिक रूपमा पनि भन्दै गरेको थिए। you are vendor leadership भन्न पनि भनेको थिएँ। किन भन्दाखेरि यस्तो चाहिँ नि वास्तवमा यस्तो नेतृत्व नेपाली राजनीतिमा कमै पाइन्छ त्यो मध्यको चाहिँ नि वास्तवमा भन्नुपर्दाखेरि हिलोमै सही तर हिलोमा एउटा कमलको फूल कति सुन्दर हुन्छ त्यस्तै रूपमा मैले अध्यक्ष महोदय, तपाईंलाई लिएको छु। तपाईंको जीवन यात्रा अझ सफलताको कामना गर्दछु। नेपाली राजनीतिलाई मैले हिरोको रूपमै प्रस्तुत गर्न खोजेको होइन तथापि तपाईंको त्यो हिलोमा फुलेको कमलको फूल भनेर मैले जुन प्रतिबिम्ब राख्न खोजे वास्तवमा तपाईंको त्यो सुन्दर पक्ष देखेर मैले यसरी राख्न खोजेको हुँ। त्यसकारणले गर्दाखेरि

पनि यो यो नै अन्त पनि होइन फेरि तपाईँ आज सम्माननीय अध्यक्षको पदबाट चाहिँ नि दुई दिनपछि चाहिँ नि जाँदै हुनुहुन्छ तर नेपाली राजनीतिको आकाशमा तपाईं एउटा उज्यालो ताराको रूपमा उज्यालो नक्षत्रको रूपमा सधैं रहनुहुन्छ भन्ने मलाई विश्वास छ। र तिनै नक्षत्र उज्यालो नक्षत्र तिनै उज्यालो ताराको रूपमा तपाईं रहँदै गर्दाखेरि त्यस त्यसको पदचाप हामीले पछ्याउने नै छौं भन्ने मलाई लागिरहेको छ। यहाँ जति सदस्य भएर बस्नुभएको छ उहाँले निश्चित रूपमा त्यो पदचापलाई पछ्याउनु हुनेछ भन्ने मलाई विश्वास छ। सँगसँगै अध्यक्ष महोदय, यहाँसँगै फेरि चाहिँ नि २० जना माननीय सदस्यहरू बिदा हुँदै जाने क्रममा यहाँले अघिनै मैले केही साथीहरू केही माननीय सदस्यज्यूहरूको पनि कुरा शून्य मौका पाएँ। वास्तवमै भन्नुपर्दाखेरि नेपाली राजनीतिको यात्रामा उतारचढाव भइरहन्छ धेरै यात्रामा घुम्तीहरू आउँछन्। त्यसकारणले गर्दाखेरि चाहिँ नि हामीले यसमा वास्तवमा निवेदन गर्न चाहन्छु म तपाईं हाम्रो आज यो थलोमा जसरी भेट भयो विगतदेखि आजसम्म तर पनि आगामी दिनमा कहिँ न कहिँ हाम्रो भेट भइ नै रहनेछ। खाली राजनीतिक थलो मात्रै नभएर सामाजिक थलोहरूमा पनि हाम्रो भेट भइरहने मैले विश्वास लिएको छु। यहाँहरूले खेल्नुभएको चाहिँ नि महत्त्वपूर्ण भूमिका राष्ट्रिय सभामा रहेर छ वर्षसम्म चाहिँ नि खेल्नुभएको अहम भूमिका महत्त्वपूर्ण भूमिका अविस्मरणीय भूमिकाका लागि पनि तपाईहरू साधुवाद हुनुहुन्छ। त्यसकारणले गर्दाखेरि त्यही ढङ्गबाट यहाँहरूले आफ्ना चाहिँ नि आगामी राजनीतिलाई, दिनलाई त्यही ढंङ्गबाट अगाडि बढाउनुहुन्छ भन्ने मलाई विश्वास छ। र अध्यक्ष महोदय, चाहिँ नि एउटा कुरा निवेदन गर्न चाहन्छु कि हामी यहाँ निश्चित रूपमा एउटा जिम्मेवारीको हैसियतले यहाँ एउटा सम्मानित सम्माननीय अध्यक्षको रूपमा यहाँ छ वर्षसम्म रहनुभयो भने हामी चाहिँ नि म अस्ति भर्खरैबाट केही एक वर्ष पनि पुगेको छुइन। र मन्त्रीको कार्यभार चाहिँ नि जिम्मेवारी लिइसकेपछि यहाँ तपाईं हाम्रो त्यो जिम्मेवारीको हैसियतमा हामी रह्यौं। तथापि म निवेदन गर्न चाहन्छु र माननीय सदस्यहरू माननीय सदस्यको रूपमा रहनुभयो। तथापि म निवेदन गर्न चाहन्छु। कि हाम्रो यो त एक प्रकारको जिम्मेवारी हो। यो हाम्रो रिलेसन होइन एउटा जिम्मेवारी मात्रै हो। त्यसकारणले गर्दाखेरि हामी भोलिका दिनमा तपाईँ हामी यो थलोमा नभेट्दै गर्दा अन्त हुँदै गर्दाखेरि पनि हामीसँग भएको जुन brotherhood र sisterhood हामीसँग छदै छ।त्यो brotherhood र sisterhood को रिलेसन भनेको वास्तवमा जीवन पर्यन्त हुन्छ। त्यो चाहिँ नि सम्बन्ध त्यो रिलेसन भनेको चितामा जल्नु जल्ने बेलासम्म पनि हाम्रो त्यो रिलेसन त्यो चाहिँ सम्बन्ध रहन्छ त्यसैले मन्त्रीको हैसियतमा वा चाहिँ नि अध्यक्षको हैसियतमा चाहिँ नि हामीले भेटघाट गर्दैगर्दा वा माननीय राष्ट्रिय सभाका माननीय सदस्यहरूको सँग मेरो भेटघाट हुँदै गर्दाखेरि एउटा प्रति भेटघाटको रूपमा यहाँ भयो भने अरू चाहिँ नि आगामी दिनमा फेरि हामीले मैले अघिनै भनिसके चाहिँ नि हामी दाजुभाइ दिदीबहिनीको

रूपमा हाम्रो जीवन पर्यन्त हाम्रो सम्बन्ध रहने हुन्छ। त्यो सम्बन्ध न त त्यो सम्बन्ध हो। मन्त्री त आउँछ जान्छ मन्त्री पद भन्ने कुरा आउँछ जान्छ जसरी तपाईंहरूको आज चाहिँ नि माननीय सदस्य भन्ने पद पर्सिबाट जाँदैछ फेरि त्यो पद फेरि आउनेछ। त्यसकारणले गर्दाखेरि त्यो आउने जाने कुरा हो तर हाम्रो चाहिँ नि दाजुभाइ दिदीबहिनी भन्ने सम्बन्ध सधैं रहन्छ। त्यसो भएको कारणले गर्दाखेरि त्यो सम्बन्ध अझ प्रगाढ भएर रहिरहोस् भन्ने कामना गर्दछु। र आगामी दिनमा यहाँहरूको उज्यालो भविष्यको पनि कामना गर्दछु अध्यक्ष महोदयमार्फत।

सम्माननीय अध्यक्ष महोदय, यहाँ चाहिँ नि यो विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्नुपर्नेको विधेयक माथि माननीय सदस्यहरूले भाग लिनुभएको छ। पाँचजना माननीय सदस्यहरूले आफ्नो चाहिँ नि अभिव्यक्तिहरू व्यक्त गर्नुभएको छ र यसै सन्दर्भमा निवेदन गर्न चाहन्छु अध्यक्ष महोदय, यो चाहिँ नि यस सन्दर्भमा सुरुमै माननीय सदस्य रमेश जंग रायमाझीले चाहिँ नि यो विधायन व्यवस्थापन समितिको प्रतिवेदनको बुँदा नम्बर ३ को २ को सट्टा देहायको बुँदा राख्ने भनेर उहाँले खण्ड ग मा रहेका संवत २०८३ भन्ने शब्दको सट्टा क्यासिनो सञ्चालनमा राखी संवत २०८५ साल चैत मसान्त भित्र अलगअलग कम्पनी स्थापना गरी यस ऐनबमोजिम इजाजत लिनुपर्नेछ भन्ने शब्दहरू राख्नुपर्ने भन्ने जुन प्रस्ताव राख्नुभएछ संशोधन प्रस्ताव। वास्तवमा समितिमा छलफल हुँदाखेरि पनि यही ढङ्गबाट हामीले छलफल गरेर सर्वसम्मत त्यहाँ चाहिँ नि पारित भएको सन्दर्भ थियो। तर चाहिँ नि लेखन गर्दै गर्दाखेरि यस सन्दर्भमा चाहिँ केही चाहिँ नि अर्कै ढङ्गबाट चाहिँ नि लेखन हुन पुगेको रहेछ कहिलेकाहीँ त्यो त्रुटि पनि हुन्छ। र यस सन्दर्भमा माननीय सदस्य भैरव सुन्दर श्रेष्ठले यो चाहिँ नि माननीय सदस्य रमेश जंग रायमाझीज्यूले राख्नुभएको प्रस्तावलाई समर्थन गरिसक्नुभएको सन्दर्भ छ र यो प्रस्ताव वास्तवमा समितिमा सर्वसम्मतले नै पारित भएको सन्दर्भ रह्यो। यसमा धेरै व्याख्या गर्न म चाहन्नँ र वास्तवमा त्यहाँ चाहिँ नि हामीले यो बारेमा गहन छलफल हुँदै गर्दा समितिमा एउटा कुरालाई हामीले निश्चित रूपमा केन्द्रमा राखेर छलफल गरेका थियौं कि कतै फेरि क्यासिनोमा काम गरिरहेका मजदुरहरूको हालत के हुन्छ तत्काल बन्द हुँदाखेरि भन्ने ढङ्गबाट गम्भीर छलफल भएको थियो र मजदुरहरू पनि नमरुन्। मजदुरहरूको कुभलो नहोस् भनेर नै यस सन्दर्भमै अहिले जुन प्रस्ताव राख्नुभएको छ त्यही प्रस्तावबमोजिम त्यहाँ छलफल र हामीले सर्वसम्मति त जनाएका थियौं समितिमा तर अलिकति फरक ढङ्ग भएको कारणले गर्दा अहिले जुन माननीय सदस्य रमेश जंग रायमाझीज्यूले राखेको प्रस्ताव र माननीय सदस्य भैरव सुन्दर श्रेष्ठले समर्थन गर्नुभएको प्रस्ताव म स्वीकार गर्दछु। सँगै अब चाहिँ नि यहाँ यो दफा २८ का सन्दर्भमा

माननीय सदस्यज्यूहरूले केही कुरा उठाउनुभएको छ र यो सम्पत्ति शुद्धीकरणका सन्दर्भ चाहिँ नि स्रोत नखुलेको सम्पत्तिकै सन्दर्भमा उहाँले कुरा राख्नुभएको छ। यस सन्दर्भमा म फेरि पनि निवेदन गर्न चाहन्छु। अध्यक्ष महोदयमार्फत निवेदन गर्न चाहन्छु कि वास्तवमा यो चाहिँ नि यहाँ भ्रष्टाचार निवारण ऐनले कसैलाई पनि छोड्दैन र यसमा चाहिँ नि वास्तवमा यो राष्ट्रसेवकहरूको सन्दर्भमा यो धारा चाहिँ आएको होइन यो राष्ट्रसेवक भन्नाले चाहिँ नि चाहे कर्मचारी हुन् चाहे हामी जस्तो राजनीतिकर्मी हुन् सबैलाई चाइने सबैले छुन्छ। सबैले कसैलाई पनि उन्मुक्ति दिँदैन। कसुरजन्य सम्पत्ति कमाएको हकमा अपराध गरेर कमाएको हकमा अथवा चाहिँ नि भ्रष्टाचार गरेर कमाएको हकमा चाहिँ नि कुनै पनि चाहे त्यो वडा अध्यक्ष किन नहोस् चाहे त्यो वडा सदस्य किन नहोस् अथवा सांसद किन नहोस् अथवा मन्त्री किन नहोस् अथवा प्रधानमन्त्री किन नहोस् कसैलाई पनि उन्मुक्ति दिँदैन। नम्बर १ यो कुरा हामीले बुझ्न आवश्यक छ। यहाँ चाहिँ नि वास्तवमा हामीले यही कुरामा धेरै छलफल गर्‍यौं र यस सन्दर्भमा यो जुन धारा छ यसले उन्मुक्ति दिने भन्या होइन। तर अहिलेसम्मको अवस्था के भयो भने सम्पत्तिको कसुरजन्य हो भन्न पनि नसक्ने अपराध गरेर कमाएको हो भन्न पनि नसक्ने अवस्था रह्यो। र त्यसलाई मुद्दा टुङ्ग्याउन के भनेर लैजाने मुद्दा पनि नलागेको अवस्था रह्यो। मुख्य कुरा यो वास्तविक कुरा यो हो। त्यसैले पनि अब चाहिँ नि यसरी राख्न पाइँदैन कसैको पनि चाइने सन्दर्भमा यसरी थाती राख्न मिल्दैन त्यसैले के गर्ने भन्दाखेरि यसलाई पहिला चाहिँ अनुसन्धान अधिकृतले यसको छानबिन गर्ने त्यसपछि यसलाई चाहिँ नि फेरि अरू तहमा पनि जस्तै सम्पत्ति शुद्धीकरण आकर्षित हुन्छ कि त्यहाँ पनि पठाउने त्यसपछि फेरि यसमा यो चाहिँ नि राजस्व विभागमा त्यसमा पनि आकर्षित हुन्छ कि ट्याक्सेसनमा त्यसमा पनि पठाउने अनेक तहमा आफैले अनुसन्धान गरेर आफैले निर्णय गर्न पाइँदैन। आफूले निर्णय गर्दा फेरि तल माथि होला भने पनि यो चाहिँ नि सन्दर्भहरू अहिले तीन तहमा राखिएको कुरा पनि म निवेदन गर्न चाहन्छु। त्यसकारणले गर्दाखेरि यो चाहिँ सर्वसाधारणले दुःख नपाओस् भन्ने पनि कुरा हो। यहाँ त चाहिँ नि मैले अघि नै भनिसके राष्ट्रसेवकको हकमा यो होइन राष्ट्रसेवकलाइ त ऐले पनि छोडिन्न। राष्ट्रसेवकको चाहिँ नि सन्दर्भमा कोही कोही चाहिँ नि भ्रष्टाचार गरेको छ भने भ्रष्टाचार निवारण ऐन आकर्षित भइहाल्छ। तर कुनै मान्छेको कुनै नागरिकको यदि उनको सम्पत्तिको स्रोत पनि खुलेन तर कसुरजन्य सम्पत्ति पनि भएन भने त्यसको हकमा अहिलेसम्म कहिँ कतै पनि मुद्दा चलाउन सकिएको छैन। यो त वास्तविक त हो नि त। त्यसकारणले गर्दाखेरि र अर्को तर्फ मान्छेलाई चाहिँ नि अनाहकमा दुःख पनि दिइरहने प्रवृत्ति पनि हामी कहाँ छ त्यस्तो प्रवृत्तिको अन्त्य गर्नका लागि पनि हो वास्तवमा यो ऐन। त्यसकारणले गर्दाखेरि हामीले यो चाहिँ नि यो स्रोत नखुलेको सम्पत्तिलाई वैधता गराउनको लागि अथवा भ्रष्टाचार गरेर कमाएको सम्पत्तिलाई वैधता बनाउनको

लागि अथवा चाहिँ नि स्मग्लिङ गरेर कमाएको सम्पत्तिलाई वैधता गराउनको लागि त्यस्तो होइन। त्यसकारणले गर्दा जुन जुन ऐनहरू आकर्षित हुन्छ त्यहीत्यही ऐनमा गइहाल्छ नि यो मूल ऐनमा छँदै छ तर मूल ऐनले पनि अहिलेसम्म नभेट्टाएको अहिलेसम्म चाहिँ नि हामीले मुद्दा चलाउन नसकेको सन्दर्भमा के गर्ने भन्दाखेरि अरू देशबाट पनि इन्टरनेसनल यो चाहिँ नि यो प्राक्टिसमा पनि के भइरहेको छ भन्दाखेरि कि त्यस्तो अवस्थामा के गर्ने भन्दा त्यस्तो अवस्थाको सम्पत्ति जुन कसुरजन्य सम्पत्ति पनि होइन, अपराध गरेर आर्जन गरेको सम्पत्ति पनि होइन, त्यसलाई प्रमाणीकरण गर्न पनि सकिएन राज्यले तर छ, देखिन्छ बढी देखिन्छ भने त्यस्तो अवस्थाको सम्पत्तिलाई अन्तर्राष्ट्रिय प्राक्टिस, इन्टरनेसनल प्राक्टिसमा पनि रहि आएको सन्दर्भमा त्यही बमोजिम हामीले त्यसलाई अधिकतम कर ,कर यहाँ तोक्न मिल्दैन कति माननीय सदस्यहरूको जिज्ञासा त्यो अवस्था रहेको थियो कि चाहिँ नि तोकेरै जान पाए हुन्थ्यो होइन

हाम्रो फेरी ट्याक्सेसन सम्बन्धी छुट्टै ढङ्गको प्रस्ताव हुने हुँदाखेरि त्यसलाई यहीं तोक्न नमिल्ने कुरा पनि म निवेदन गर्न चाहन्छु। मैले यो फेरि पनि दोहोर्याउन चाहन्नँ कि मित्र राष्ट्रहरूमा छिमेकी राष्ट्रहरूले कसरी चाहिँ नि यसलाई व्यवस्थापन गरिरहेका छ भन्ने कुरा पहिलो पनि मैले यही रोष्टमबाट भनिसकेको कारणले गर्दाखेरि अहिले फेरि त्यही कुरा दोहोर्याउन चाहन्नँ। त्यसकारणले गर्दाखेरि यसमा हामी प्रष्ट हुनुपर्ने कुरा के हो भन्दाखेरि सम्मानननीय अध्यक्ष महोदयमार्फत म निवेदन गर्न चाहन्छु कि वास्तवमा हामीले यसमा चाहिँ नि कसुरजन्य सम्पत्तिलाई उन्मुक्ति दिने होइन कसुरजन्य सम्पत्ति चाहिँ नि स्वयं यो भ्रष्ट्राचार निवारण ऐन आकर्षित हुन्छ त्यसबाट चाहिँ कसैलाई उन्मुक्ति पाउँदैन मैले अघि नै भनिसकें। त्यसकारणले गर्दा खेरी यो चाहिँ नि कतै यो चाहिँ नि अवैध गरेको पनि खुल्दैन र चाहिँ नि त्यो सम्पत्ति बढी छ भन्ने सन्दर्भमा मात्रै यो चाहिँ आकर्षित हुने हो तर अर्को कुरा के हो भन्दाखेरि फेरि चाहिँ नि यसलाई कुनै पनि बेला कुनै पनि बेला चाहिँ नि यो अपराधसँग जोडिएको हो भन्ने कुरा प्रमाणीकरण भएर आयो भने उसलाई अपराधको चाहिँ नि कसुर गरेर यसलाई मुद्दा चलाउने व्यवस्था पनि छ नि त यहाँ। त्यसकारणले गर्दाखेरि यो केही एकदमै ब्ल्यांक रूपमा हामीले ब्ल्याङ्केटमा दिन खोज्या पनि, यो सुविधा उपभोग गर्न खोज्या पनि होइन फेरी। त्यसैले यो चाहिँ नि झन् कसिलो भएको छ अहिले त। किनभने अहिलेसम्म त सम्पत्ति शुद्धीकरण भन्यो त्यही निवेदन थन्क्या छ थन्क्या छ। माननीय सदस्यहरूलाई थाहै होला। हजारौं मुद्दाहरू अहिले फाइलहरू कुन कुन ठाउँमा थन्किया छ भन्ने कुरा त थाहा छ नि। त्यो अघि बढाउन नि सकिएको छैन। किन भन्दाखेरि प्रमाणीकरण गर्नुपर्‍यो। प्रमाणीकरण पनि भएको छैन। र चाहिँ नि हजारौं फाइलहरू ठाउँठाउँमा जुन जुन ठाउँमा मैले अघि नै नाम लिए हजारौं फाइलहरू

थन्किएको अवस्था पनि रह्यो। त्यसकारणले गर्दाखेरि कम्तिमा पनि यस्तै नथन्कियोस् र अब चाहिँ नि यस्तो चाहिँ नि जुन राज्यले अब यसलाई एउटा दायराभित्र ल्याउने हो। त्यसपछि फेरि त्यसपछि पनि कुनै कालान्तरमा अगाडि बढ्दै जाँदाखेरि यदि राज्यले त्यसले प्रमाणीकरण गर्न गर्न सक्यो यो कसुरजन्य सम्पत्ति रहेछ, यो अपराधजन्य सम्पत्ति रहेछ भने त्यो दिनमा फेरि उन्मुक्ति पाइँदैन त्यस दिनमा फेरि त्यही कसुरबमोजिम उलाई फेरि चाहिँ कारबाही पनि हुन्छ, जफत पनि हुन्छ। त्यसकारणले गर्दाखेरि अहिले अधिकतम भनेर चाहिँ नि यो चाहिँ नि यो ट्याक्सेसनको बारेमा ट्याक्सकै सन्दर्भमा तोकिएला चाहिँ नि कुनै देशमा ट्याक्स ट्याक्सेसन ल चाहिँ नि अनुसार नै तोकिएको हुन्छ। त्यसकारणले गर्दाखेरि यस सन्दर्भमा यति कुरा निवेदन गर्न चाहन्छु। अरू कुराहरू त सबै यो समितिबाटै सर्वसम्मत ढङ्गले आइसकेको प्रतिवेदन भयो सम्माननीय अध्यक्ष महोदय, त्यसैले म अन्तमा निवेदन गर्न चाहन्छु कि माननीय सदस्यज्यूहरूले जुन सुझाव सल्लाह दिनुभएको छ र चाहिँ नि यसलाई समृद्ध बनाउने क्रममा समितिमा रहेर जुन गहन ढङ्गबाट छलफल भयो र यहाँ पनि दफाबार छलफलमा गहन ढङ्गबाट छलफल भयो। यसका लागि सम्माननीय अध्यक्ष महोदयमार्फत म माननीय सदस्यहरूलाई हार्दिक धन्यवाद दिन चाहन्छु। अन्त्यमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनमा समावेश गरिएका विषय सहितको सम्पत्ति शुद्धीकरण मनी लाउन्डरिङ्ग निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्न बनेको विधेयक चाहिँ नि अहिले भर्खरै माननीय सदस्य रमेश जंग रायमाझीले संशोधन राख्नुभएको संशोधन प्रस्ताव र माननीय सदस्य भैरव सुन्दर श्रेष्ठले समर्थन गर्नुभएको प्रस्ताव सहित चाहिँ नि यो विधेयक बनेको विधेयक पारित गरिदिनुहुन सम्माननीय अध्यक्ष महोदय,मार्फत सम्पूर्ण माननीय सदस्यज्यूहरूलाई हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद।

**(१५:०० बजे) <u>सम्माननीय अध्यक्षः-</u>** माननीय सदस्यहरू विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ माथि छलफल छलफल गरियोस्" भन्ने प्रस्ताव माथिको छलफल यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू अब म "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त "सम्पत्ति शुद्धीकरण भनी लाउन्डरिङ्ग निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रमसङ्ख्या १

देखि ४ सम्म र माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सभाबाट स्वीकार गरेका विषयसहित उल्लेखित संशोधनहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "प्रतिनिधिसभाबाट सन्देशहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रम संख्या १ देखि ४ सम्म र माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सभाबाट स्वीकार गरेका विषयसहित उल्लेखित संशोधनहरू सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रम संख्या १ देखि ४ सम्म र माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले सभासमक्ष स्वीकार गरेका विषयसहित उल्लेखित संशोधनहरू "सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"।

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९ का सम्बन्धमा विधायन व्यवस्थापन समितिको प्रतिवेदन" को क्रम

संख्या १ देखि ४ सम्म र माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङले स्वीकार गरेका विषय सहित उल्लेखित संशोधनहरू सर्वसम्मतिले "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण तथा व्यवसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म विधेयकको दफा २ देखि २० सम्मका दफाहरू "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त "सम्पत्ति शुद्धीकरण मनी लाउन्डिङ निवारण तथा व्यावसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला|

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको दफा २ देखि २० सम्मका दफाहरू सर्वसम्मतिले "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण मनी लाउन्डिङ निवारण तथा व्यवसायिक वातावरण प्रवर्धनसम्बन्धी विधेयक २०७९" को अङ्ग भनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म, विधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु।

<u>**प्रस्तावनाः**</u> सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ्ग) तथा आतङ्ककारी कार्यमा वित्तीय लगानी निवारण र व्यावसायिक वातावरण प्रवर्द्धन गर्न केही ऐनलाई संशोधन गर्न वाञ्छनीय भएकोले,

संघीय संसदले यो ऐन बनाएको छ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम "सम्पति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यावसायिक वातावरण प्रवर्द्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने ऐन, २०८०" रहेको छ।

(२) यो ऐन तुरून्त प्रारम्भ हुनेछ।

माननीय सदस्यहरू, अब म विधेयकको प्रस्तावना र नाम "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यवसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९" को अङ्ग बनोस् भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ विधेयकको प्रस्तावना र नाम सर्वसम्मतिले "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यवसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०७९" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङलाई सभा समक्ष स्वीकार गरेका विषय सहित "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउण्डरीङ) निवारण तथा व्यवसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०८०" पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१५:०५ बजे) **माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री श्री धनराज गुरुङः-** सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले सभा समक्ष मैले स्वीकार गरेका विषयसहित प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ) निवारण तथा व्यवसायिक वातावरणसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०८० लाई पारित गरियोस् भन्ने प्रस्ताव सम्मानित सभासमक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१५:०६ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, अब म उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र प्रस्तावको विपक्ष हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्ष हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ माननीय कानुन न्याय तथा संसदीय मामिला मन्त्री धनराज गुरुङबाट स्वीकार गरिएका विषय सहित "प्रतिनिधिसभाबाट सन्देश सहित प्राप्त सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण तथा व्यावसायिक वातावरण प्रवर्धनसम्बन्धी केही ऐनलाई संशोधन गर्ने विधेयक २०८०" लाई पारित गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावली २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आले मगरलाई "राष्ट्रिय सभा नियमावली २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन २०८० माथि दफाबार छलफल सदनमा गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

**(१५:०६ बजे)** **<u>माननीय श्री सुरेश कुमार आलेमगर (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** सम्माननीय अध्यक्ष महोदय, at last I am here with the report of the committee to present for the discussion, यहाँ अन्तमा यो समितिको प्रतिवेदन छलफलको लागि प्रस्तुत गर्न उपस्थित भएको छु। समितिले २०२२ गते नै पेस गरिसकेको थियो। कसरी पेस गरेको थियो भन्ने कुरा मैले यो प्रश्न यो प्रतिवेदनमा यहाँ दोहोराउन जरुरी ठान्दिनँ। त्यसपछि भने यो प्रतिवेदनमा संशोधनहरू पेस भए छलफल बहसका थुप्रै श्रृंखलाहरू चले र हामी सहमतिमा पुग्यौं एउटा निष्कर्षमा पुग्यौं। त्यसैले सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले राष्ट्रिय सभा नियमावली २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन २०८० माथि दफावार छलफल सदनमा गरियोस् भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**(१५:०८ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, राष्ट्रिय सभा नियमावाली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आले मगरले पेस गर्नुभएको राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथिको दफाबार छलफल गरियोस् भन्ने प्रस्ताव माथि छलफल प्रारम्भ हुन्छ। यस प्रतिवेदनमा ९ जना माननीय सदस्यहरूबाट दुई समूहमा संशोधन प्रस्ताव दर्ता भएकोमा राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ७१ बमोजिम उक्त संशोधन पेस गर्न स्वीकृत भएको बेहोरा जानकारी गराउँछु। माननीय सदस्यहरू, अब म संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य प्रकाश पन्थलाई संशोधनको प्रस्ताव सहित दफावार छलफलमा भाग लिन समय दिन्छु।

**(१५:०८ बजे)** **<u>माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस)</u>**:-सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको नियमावालीको दोस्रो संशोधन नियमावली २०८० मसौदा समिति पनि बनेर report प्रतिवेदन सहित सभामा पनि आयो। र त्यसमा अरू केही कतिपय विषयहरूमा दिगो विकासलगायत दलितका विषयहरू लगायत अरू संसद मञ्चका विषयहरूमा केही विषयहरूमा अरू थप छलफलहरूको आवश्यकता थियो। छलफल आवश्यकता छ, त्यही केही मिलाउन पर्ने छ। अरू केही थप प्रष्ट पार्ने छ भन्ने किसिमले कुराहरू आइसकेपछि संशोधनहरू पनि परेको थियो। अनि छलफल पनि भयो धेरैवटा, छलफलहरू लगातार सम्माननीयज्यूसहित बसेर, हामी अरू थुप्रै बसेर चाहिँ यसमा दलका नेताज्यूहरू सबैजना बसेर व्यापक छलफल पनि भए पछाडि त्यसमा केही स्पष्टताहरू पनि भयो र त्यसलाई फेरी थप छलफल गर्न सकिने, पछाडि पनि केही कामहरू गर्न सकिने सम्भावना पनि बाँकी रहेको कारणले गर्दा हामीले चाहिँ ती छलफलहरूलाई यथास्थितिमै छोडेर संशोधन दर्ता भएपनि अब अगाडि बढ्ने गरी सहमति सल्लाहहरू भएको कुरा म यहाँ जानकारी गराउन चाहन्छु। धन्यवाद।

**(१५:०९ बजे)** **<u>सम्माननीय अध्यक्ष</u>**:- माननीय सदस्यहरू, अब म, संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य भुवन बहादुर सुनारलाई संशोधनको प्रस्ताव सहित दफावार छलफलमा भाग लिन समय दिन्छु।

**(१५:१० बजे)** **<u>माननीय श्री भुवन बहादुर सुनार (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>**:- सम्माननीय अध्यक्षज्यू र सम्पूर्ण माननीयज्यूहरू आज मलाई खै त्यति चाहिँ यो राष्ट्रिय सभामा दुई वर्ष रहें र सबैभन्दा खल्लो अनुभूति आजै हुन्छ जस्तो लाग्यो। किन भन्दा खुसीको कुरो के थियो भन्दा राष्ट्रिय सभाको नियमावली नियमावली चाहिँ निर्माण नियमावली दोस्रो संशोधन को विषय आयो त्यसमा मस्यौदा समिति बन्यो र त्यो एउटा प्रक्रियामा अगाडि बढिरहेको थियो। तर कहिल्यै पनि त समितिले म त्यो समितिमा म सहभागी बन्न सकिनँ। त्यस्तै एकदिन म आफै त्यहाँ मिटिङ छ भनेर म आफै त्यो अन्तिम प्रक्रिया पुगिसकेको थियो हैन म चाहिँ जान्छु भनेर त्यहाँ पुगें। त्यहाँ पुग्दाखेरिमा पनि के हो भन्दा त साथीहरूले मस्यौदा समितिका साथीले यो पनि भयो यो पनि भयो भन्दै पाना पटक पटक पल्टाइसकेपछि मैले त्यहाँ केही बोलिन। किन त भन्दा मैले पहिल्यै थाहा पाएको थिएँ कुरा सुनिएन। त्यहाँ बहुसंख्यक साथीहरू चाहिँ कुरा सुन्नुभएन भन्ने रिपोर्ट पाएकोले म त्यहाँ गएँ। मलाई वास्तविकता अनुभूति

भयो। साथीहरूले गम्भीर भएर सुन्दै सुन्नुभएन। अनि त्यहाँ त्यति भएपछि फर्केर आएँ। र त्यो कहाँ आइपुग्यो भन्दा चाहिँ सारमा अन्त्यमा चाहिँ अध्यक्षज्यूकामा पुग्दाखेरिमा पनि मैले त्यहाँ पनि सहभागी ..... मैले सुनें। त्यस्तो हुँदैहुँदै फेरि के भयो त भन्दा चाहिँ यो सदनमा आइपुग्ने पेस भयो र त्यहाँ छलफल गर्दै हुन सकिरहेको थिएन र मैले यो आजको दिनको पर्खाइमा थिए। र आजको दिन पर्खाइमा अब यो पहिलाको चाहिँ नियमावली भन्दा धेरै उत्कृष्ट नियमावली बन्यो। धेरै राम्रो भयो। यसलाई एक मतले पास गर्नपर्छ भन्ने साथीहरूको कुरा यो ठिक छ। र पनि के हो त भन्दा एउटा कम्प्रमाइजमा आएर चाहिँ छुटेका कुराहरू राखौं। यलाई अझै समृद्धि बनाउँ भन्दा पनि समितिका साथीहरू टसमस नभइदिनाले अलि यो अवस्थामा आइपुग्यो यसमा म अति दुःखी छु। किन त भन्दा राज्यसभाले यो राष्ट्रिय सभा भनेको विद्वान्हरूको विज्ञहरूको सचेत मान्छेहरूको सभा हो अथवा चाहिँ यो उपस्थिति हो। म त्यो ......कम ज्ञान भएको मान्छे भन्दा यहाँ धेरै माथि छ भन्ने मैले बुझेको थिए। र त्यो उत्पीडित समुदायको दलित समुदायको मुद्दामा सब एकाकार भएर एक भएर जानुहुन्छ भने पनि हिजोको चाहिँ नजिरले देखाएको थियो। तर आज आएर आज आएर यत्रो चाहिँ नियमावली चाहिँ संशोधन हुँदैछ र त्यसभित्र, त्यसभित्र चाहिँ दलित विकास भन्ने शब्द पनि मन नपराउने साथीहरू हुनुहुँदो रहेछ भन्ने कुरा बल्ल ज्ञान पाएँ। त्यो एउटा रह्यो। किन भन्दा त त्यहाँ धेरै विषयहरू धेरै कुराहरू आउँदाखेरिमा दलित विकास भन्ने शब्दमा पनि कति एलर्जी भयो भने साथीहरूमा त्यो लायो। मेरै कारणले यो रोकिनुपर्छ अवरोध गर्नुपर्छ भन्ने पक्षमा त म छैन। तर तर भएपनि के हो त भन्दा चाहिँ यस्तो पनि साथीहरू हुनुहुँदो रहेछ। यस्तो पनि समिति बन्दो रहेछ। यसरी चाहिँ पास भएर जाँदो रहेछ भन्ने बल्ल ज्ञान भयो। मैले पहिला पहिला पनि चाहिँ यसरी कानूनहरू निर्माण हुन्थे विधेयकहरू पास हुन्थे। किन यस्तो भयो र ह्याँ चाहिँ दलित समुहका साथीहरू हुनुहुन्थ्यो होलानी? भनेर प्रश्न गर्दा हामीले सकिएन भन्थे। वास्तवमा नसकिने नै रहेछ। किन त सबै साथीहरू हार्रहुर्र ठिक छ यो पास भयो ठिक भयो। यसलाई पास गरम अब त नगर्नुस भनेपछि म पो किन चाहिँ त्यस्तो गरौं त। मेरै कारणले किन रोकिने त भनेर उदार बन्दाखेरी के हो भन्दाखेरी ठुलो अधिकार हनन हुँदोरैछ। त्यती ठुलो अधिकारहरू चाहिँ चिनिदो रहेछ भन्ने कुरो अनुभूति भयो त्यसले गर्दा दुईटा हुनत यो निमावलीमा त्यो दिगो विकास भन्ने शब्द त्यो दिगो भने शब्द किन झिक्न पर्‍यो? यसले के चाहिँ नोक्सान पार्यो? भन्ने त लागेको नै थियो। अर्को कुरा के हो त् भन्दा चाहिँ त्यो चाहिँ यो चारवटा समितिमा चारवटा समिति मध्येमा यो चाहिँ संघीय सबलीकरण तथा राष्ट्रिय सरोकार समितिमा यो कार्यक्षेत्रमा धेरै विषयहरू उठेका छन्। त्यसभित्र दलित शब्द राखौ भन्दा पनि साथीहरूलाई पाच्य भएन। त्यती सहमति गर्न सक्नुभएन। अर्को कुरा फेरि के हो त भन्दा चाहिँ राष्ट्रिय सभाबाट चाहिँ यो दलित समन्वय समिति निर्माण गर्न सकिनेछ भन्ने राखौं न कम से कम

दलित समुदायलाइ पनि अलिकति स्पेस दिउँ भन्दाखेरीमा त्यहाँ त ..... बन्दो रहेछ त। महिला समन्वय समिति बन्दो रैछ। यस्ता समन्वय समिति बन्न सक्दो रैछ। दलित समन्वय समिति किन बनाउन नसक्नी? हामीले यो कुरा किन नराख्ने भन्दाखेरीमा हैन तपाईहरूले यो कुरा राख्दाखेरिमा यो पास नहुने हो कि? तपाईंहरूले यी कुरा गर्दाखेरिमा समस्या आउने हो कि? यसलाई पछिका दिनहरूमा गरौंला भनेर चाहिँ हाम्रो माननीयज्यूहरूको भनाइ छ। हैन (...समय सकिएको)

(१५:१५ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावाली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० को संशोधन प्रस्ताव सहित प्रतिवेदन माथिको दफावार छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरूले बसेका सचिवालयका कर्मचारीलाई उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु । माननीय रमेश जंग रायमाझी। समय ३ मिनेट।

(१५:१६ बजे) **माननीय श्री रमेशजंग रायमाझी (नेपाली काँग्रेस)**:-सम्माननीय अध्यक्ष महोदय, आज अघि सभामा प्रतिवेदन पेस गर्दै सभापतिज्यूले लामो अगाडि नै यो प्रतिवेदन तयार भइसकेको थियो। र हामी लामो छलफल गर्‍यौं। छलफलको बावजुद पनि धेरैवटा छलफलमा दिनरात गर्‍यौं र यसलाई हामीले उत्कृष्ट बनाउने कोसिस गर्‍यौं र उत्कृष्टको हिसाबले पनि लिएर आयौं भनेर समितिका सभापतिज्यूले भन्नुभयो। र हामीले यसमा केही कुराहरू संशोधन पनि गर्ने हिसाबले संशोधनका कुराहरू राखेका थियौं। र यहाँ दिगो र इगोको कुरा पनि आयो। यहाँ हामीले दिगोलाई राखेर इगो बढाउन खोजेको पनि होइन तर यो कस्तो भयो भने अब त्यहाँ काम गरिरहेको, लामो समयसम्म काम गरिरहेको दिगो विकास sustainable development को कुरालाई अलिकति जोडौं कि भन्ने थियो। तर यति धेरै मेहेनत गरेको माननीयज्यूहरूले, सभापतिज्यूहरूले त्यसमाथि सम्माननीयज्यू पनि र उपाध्यक्षज्यूको नै सक्रियतामा बनेको यो। र उत्कृष्ट बनेको हामीले पहिलो पल्ट संसदमा प्रवेश गर्दै बनाएको नियमावली र त्यो पछाडि बनेको दोस्रो संशोधन बनेको अब यसमा आवश्यकता पर्दा फेरि पनि आउने माननीयज्यूहरूले र यहाँ भइरहेको माननीयज्यूहरूले यसको आवश्यकता अनुसार संशोधन गर्नु नै हुनेछ। र यो उत्कृष्ट बनेको छ भन्ने मलाई लाग्छ अहिलेको अवस्थामा। त्यसकारण पनि संसदमा नभएका हिजोको प्रावधानहरू राष्ट्रिय सभामा ती कुराहरू राखिएको छ। र कर्मचारी साथीहरूको पनि धेरै ठुलो मेहनत र माननीयज्यूहरूको ठुलो मेहनत भएको कारणले यो विधेयकलाई सर्वसम्मत रूपले

आएको भन्दै सबैको उसको हिसाबले, प्रोपर्टीको हिसाबले अब यहाँ अहिले एकजना माननीयज्यूको अलिकति गुनासो आयो। दलित जो विकास भन्ने चिज राखिएन, दिगो विकासको पनि कुरा थियो, पूर्व सांसद कुरा थियो हामी आफैं पूर्व हुन लाग्या छौं, हामीले त अझै पूर्व सांसद राख्दाखेरि अब भोलिदेखि पनि स्वामित्व बढ्ने नै भन्ने कुरा थियो तर त्यो कुरालाई भन्दा पनि उत्कृष्ट बनेको कुरालाई यसलाई समयअनुसार समयको मागअनुसार परिमार्जन गर्दै लान सकिन्छ भनेर यो आएको कारणले यसलाई सबैले स्वीकारेर सर्वसम्मत रूपमा अगाडि बढाउनको लागि समर्थन गर्दछु। धन्यवाद।

**सम्माननीय अध्यक्षः-** माननीय कमला पन्त। समय ३ मिनेट।

**(१५:१८ बजे) माननीय श्री कमला देवी पन्त (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, आज हामी एउटा नियमावलीको बारेमा लामो समयसम्म यो संसदमा छलफल पनि गर्‍यौं विशेष त समितिले धेरै मेहनत गरेर एउटा नियमावली बनाएको छ। मलाई एउटा दुईटा कुरा चाहिँ के राख्न मन लाग्यो भने अध्यक्षज्यू दिवंगत नेता सभामुख संविधानसभाका सभामुखले एउटा मलाई के अनुभव सेयर गर्न मन लाग्यो भने निजामती ऐनको संशोधन हुँदै थियो। संशोधन भइसक्यो संशोधन भएर गइसकेपछि प्रमाणीकरण बाँकी थियो। एकजना कर्मचारी आउनुभो सचिव हुनेवाला हुनुहुन्थ्यो। त्यहाँ कार्यसम्पादन मूल्याङ्कनको नम्बर हामीले छलफलबाट चार वर्ष र पाँच वर्ष बनाएका थिए महिलालाई चार वर्ष। तर पाँच वर्ष दुवैको पाँच वर्ष भएछ त्यसमा चाहिँ हतार हतार आउनुभयो र यस्तो भएर गएछ भन्नुभयो हामीलाई त्यति बिग्रिसकेको कुरा थाहा पनि थिएन। अनि गएर सभामुखलाई भेटेमा हामीले सुवास नेम्वाङलाई यो म चाहिँ धेरैपटक सम्झिन मन लाग्छ उहाँलाई। के गर्नु के समस्या भयो भने यस्तो यस्तो समस्या भएपछि अनि राम्रो कुरोको लागि म रिस्क लिन्छु भनेर वहाँले त्यो चार वर्ष र पाँच वर्ष बनाउनुभयो। र प्रमाणीकरण गर्दागर्दै पनि म रिस्क लिन्छु भनेर कुनै पनि कुरा राम्रोको लागि चाहिँ कम्प्रमाइज पनि गर्नुपर्छ। तर यहाँ चाहिँ अनावश्यक कुराहरूमा कम्प्रमाइज गर्नुपर्ने अवस्था आएकोमा चाहिँ मलाई अलिकति त्यो कुरा सेयर गर्न मन लाग्यो अध्यक्ष महोदय,। अर्को कुरा चाहिँ संशोधनकर्ता माननीयहरूको चाहिँ अधिकार हनन भयो। संशोधनकर्ता माननीयहरू म एकजना संशोधनकर्ता दिगो विकास समितिको सभापति स्वयं संशोधनकर्ता हुनुहुन्छ मुख्य संशोधनकर्ता यहाँ कम्प्रमाइज गर्नुपर्ने कुरा के? म त अनौठो लाग्यो भुवनजीको चित्त बुझाउन किन सकिएन? माननीय भुवनजीले गुनासो गर्नुभयो अथवा म पनि गर्छु उहाँको तर्फबाट पनि यो संशोधनकर्ता

हरूको अधिकारलाई चाहिँ कसरी सुरक्षित हुन्छ अध्यक्षज्यूले यत्रो धेरै मेहनत गर्नुभएको छ। तैपनि संशोधनकर्ता माननीयहरूको चाहिँ अधिकार चाहिँ अलिकति कमजोर भयो भन्ने लाग्छ हाम्रो मेरो नेताले नै संशोधनकर्ता नेता नै हुनुहुन्छ रमेश जंग रायमाझी मेरो दलको नेता उहाँलाई पनि धेरै मेहनत गर्नुभयो। गर्नुपर्नेको कारण के होला? राम्रो कुरोको लागि त यहाँ त कुनै कम्प्रमाइज गर्नुपर्ने थिएन। त्यसैले मलाई संशोधन आफै हाल्नेहरूको पनि चित्त नबुझेको अवस्थामा यो नियमावलीको। म मान्छु मान्न त मेरो नेताले नै बोलिसक्नुभयो।तर कम्प्रमाइज गर्नुपर्ने मेरो चित्त अझ बुझेको छैन एउटा संशोधनकर्ता सदस्यको संशोधनकर्ता सदस्यको पनि चित्त बुझाउनु पनि यो हाउसको कर्तव्य हो। त्यसले गर्दा मैले यति चाहिँ रेकर्डै गराउनलाई पनि यो बोलेको धन्यवाद।

**<u>सम्माननीय अध्यक्ष</u>**ः- माननीय सदस्य डाक्टर बिमला राई पौड्याल।

**(१५:२१ बजे) <u>माननीय श्री डा. विमला राई पौड्याल (मनोनीत)</u>**ः-आदरणीय अध्यक्षज्यू, यो समितिमा बसेर काम गरेको हैसियतमा केही डिपार्चर कहाँ छन् भन्ने कुरामा छलफल गर्न मन लागेको थियो मलाई। मैले चाहिँ यो अहिले संशोधित नियमावली हाम्रो पाँच, छ वर्षको अनुभवमा आधारित भएर हामीले ल्याएका छौं। र यसमा तीन, चारवटा असाध्यै महत्त्वपूर्ण कुराहरू छन्। हुन त यो डाइनामिक डकुमेन्ट हो। हामीले नेगोसिएटेड डकुमेन्ट पनि हो। नेगोसिएटेड डकुमेन्ट र डाइनामिक डकुमेन्ट भोलि गएर कुनै परिवर्तन नै हुँदैन भन्ने कुरो पनि भएन तर आजका राम्रा विषयहरू के कस्ता परेका छन् भन्ने कुरामा मैले चाहिँ भन्न खोजेको थिएँ। एउटा त हामी आफ्नो आफ्नो कन्स्टिच्युएन्सी जुन चाहिँ हामी प्रत्यक्ष जनताबाट निर्वाचित नभएर प्रदेश र स्थानीय तहबाट निर्वाचित भएका व्यक्तिहरू यहाँ सांसदहरू भएको हुँदाखेरि आफ्नो निर्वाचक मण्डलप्रति कसरी संवाद गर्ने, कसरी संचार गर्ने र कसरी जोडिने? अनि संघीयता जस्तो महत्त्वपूर्ण कुरालाई कसरी हामीले facilitate गर्न सक्छौं भन्ने विषयमा व्यापक छलफल भएर त्यो खालको संयन्त्र एउटा बनाइएको विषय मैले यहाँ राख्न खोजें। जहाँ चाहिँ हामीले संघीयतासम्बन्धी छलफल गर्ने समय पनि छुट्याएका छौं। र संघीयतालाई सहजीकरण गर्ने खालको बाटो पनि खोजेका छौं। त्यो महत्त्वपूर्ण होला जस्तो मलाई लाग्छ। त्यस्तै गरीकन कानुन बनाउने क्रममा पब्लिकले इन्पुट दिन्छन् , त्यो इन्पुट त्यतिकै रहन्छ। हामीले चाहिँ अहिलेसम्म website मा हाल्दिन्छौं, त्यसलाई र त्यो त्यति हेरिदैंन त्यसलाई पनि ल्याउनुपर्छ, हेरिनुपर्छ भन्ने त्यो खालको प्रावधान पनि हामीले राखेका छौं। त्यसै गरीकन हामीले चाहिँ यसमा

बजेट चाहिँ संसदमा प्रस्तुत हुन्छ तर राष्ट्रिय सभामा हामीलाई संविधानले नै ठगेको छ फेरि पनि भन्नपर्छ। राष्ट्रिय सभामा चाहिँ हामीले बजेट पास गर्दैनौ। त्यसो नगर्दाखेरि चाहिँ अब बजेट यहाँ मन्त्रीज्यूले पेस गर्नुहुन्छ। संघीय संसदले पास त गर्छ तर उहाँले चाहिँ ६ महिना पछि त्यसलाई रिभाइज गर्नुहुन्छ, ८ महिना पछि त्यसलाई रिभाइज गर्नुहुन्छ, रिभाइज भएको बजेट आउँदैन। त्यसो भएर त्योलाई कसरी छलफल गराउन सकिन्छ भने समितिको कार्यक्षेत्रमा राख्ने खालको जमर्को पनि हामीले गरेका छौं। महिलाहरूको बुझाइ र साझा सुझावको लागि एउटा संयन्त्र पनि निर्माण गर्ने प्रावधान राखेका छौं। धेरै राम्रा कुराहरू छन् तर फेरि पनि म भन्छु यो dynamic document हो। फेरि अझै पनि सिकाइहरूलाई समृद्ध गर्दै अव रहने साथीहरूले फेरि यिनीहरूलाई संवोधन गर्न सक्छ जस्तो मलाई लाग्छ। हवस् त धन्यवाद।

**सम्माननीय अध्यक्ष** :- माननीय सदस्य जितेन्द्र नारायण देव।

**(१५:२३ बजे)** **माननीय श्री जितेन्द्र नरायण देव (नेपाली काँग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, दुईटा विषय, वैचारिक विषय भएको हुनाले अलिकति आफ्नो विचार म यो गरिमामय सदनमा रेकर्ड गरौं भनेर म उठेको हुँ। १२ बुँदे समझदारी, २०६३ सालको अन्तरिम संविधान, २०७२ सालको नयाँ संविधान, अहिलेको संविधानलगायत काँग्रेस, नेकपा एमाले, माओवादी तीनै पार्टीहरूले आआफ्ना चुनावी घोषणापत्रमा लेख्दै आएको कुरा के हो भने यो मुलुकबाट वर्गीय, जातीय, क्षेत्रीय र लिङ्गीय उत्पीडनहरूको विरुद्ध हामी लाग्छौं र नेपाली समाजबाट ती हरेक खालका उत्पीडन र शोषणहरूलाई निर्मूल गर्छौं। जब दलितको सवाल आउँछ, त्यहाँनेरि हामी समाजवादीहरू, हामी कम्युनिस्टहरू किन यति सङ्कीर्ण हुन्छौं? जब दलितको मुद्दा आउँछ, हामी स्वीकार गरिसकेका छौं कि दलितहरू यो समाजमा सबभन्दा बढी जातीय रूपमा पनि, वर्गीय रूपमा पनि उत्पीडनमा परेको, शोषणमा परेको समुदाय हो। म दुःखका साथ यो कुरा भन्दैछु कि आज हामी कम्युनिष्टहरू, समाजवादीहरूले महिलाहरूको हकहितको लागि लड्नको लागि स्वागतयोग्य कुरा हो किनभने लैङ्गिक उत्पीडनको विरुद्ध हामी लड्छौं भन्ने हाम्रो कमिटमेन्ट हो। १२ बुँदे समझदारीदेखि आहिलेसम्म त्यो हामी महिला सवन्वय समिति बनाएर गइराखेका छौं। दलितहरूको लागि लड्नलाई, दलित मुक्तिको निम्ति नि एउटा दलित समन्वय समिति बनाउन हामी किन पछि हट्यौं? कसरी यो नेगेटिभ कम्प्रोमाइज कसरी भयो? Most आपत्तिजनक, वैचारिक रूपमा मलाई लाग्छ म रेकर्ड गर्न चाहन्छु, यो हामीले गल्ती गर्दैछौं। यो हामी गल्ती गर्दैछौं। यो ऐतिहासिक गल्ती हुँदैछ यो नियमावली पास गर्ने सन्दर्भमा यो कुरा मेरो record रहोस्। दोस्रो कुरा कुन विचारबाट दिगो शब्द हटाउने कुरा आयो?। Sustainable

development, दिगो विकास, दिगो शब्द कसरी हट्न पुग्यो? कुनै कुनै वैचारिक आधार म देख्दिन। ऐतिहासिक रूपमा एउटा विकासक्रम चलिराखेको थियो। त्यसमा केही समस्याहरू आए त्यसकारण त्यस्तो होइन है अब दिगो विकास गर्नुपर्छ। sustainable development गर्छ भने historically यो शब्दवालीको क्वाइन भएको हो। हटाउनु पर्ने कुनै बैचारिक आधार देख्दिनँ। त्यसकारण दिगो शब्द हुनुपर्छ। यो दुईटा कुरा म record गर्न चाहन्छु। तथापि pass, fail गर्ने कुरामा त संसदीय लोकतन्त्र हाम्रो नेताले जो ह्वीप जारी गर्नुहुन्छ, म pass गर्छु नै तर केरे दुईटा ऐतिहासिक गल्ती फेरि पनि म भन्छु, तेहेर्याएर भन्छु, दुईटा ऐतिहासिक गल्ती हामी गर्दैछौं नेपालका समाजवादी र कम्युनिष्टहरूले। धन्यवाद।

**सम्मानीय अध्यक्षः-** माननीय सदस्य, भैरव सुन्दर श्रेष्ठ।

**(१५:२६ बजे) माननीय श्री भैरव सुन्दर श्रेष्ठ (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्मानीय अध्यक्षज्यू, आज हामी राष्ट्रिय सभाको नियमावली दोस्रो संशोधन गरेर हामी पास गरिराखेका छौं।यो ६ वर्षमा हामीले जे अनुभूति चाहिँ गर्‍यौं। जे कुराहरू हामीलाई अभ्यासको क्रममा कमीकमजोरीहरू देखा परे। यद्यपि राष्ट्रिय सभा नियमावलीको राष्ट्रिय सभालाई कसरी व्यवस्थित गर्ने र कसरी सञ्चालन गर्ने भन्ने विषयमा नियमावलीको आवश्यकता हुन्छ जो संविधानमा पनि व्यवस्था भ'को छ। त्यो नियमावली भन्नेबित्तिकै यो एउटा हाम्रो साझा दस्तावेज राष्ट्रिय सभाको प्रस्थानविन्दुको रूपमा लिने गरेका छौं र त्यसरी नै अगाडि बढेको चाहिँ छ। र यो अभ्यासका क्रममा धेरै कमीकमजोरीहरू त्यसमा पाइए। तर जाँदा जाँदै हाउसकै सहमतिले मस्यौदा उपसमिति तयार भयो। त्यो मस्यौदा उपसमितिमा बृहत् छलफल गरेर हामी एउटा निष्कर्षमा पुगेका छौं। र अहिले प्रबन्ध गरिएका राष्ट्रिय सभालाई बाहिरबाट जसरी हेर्ने गरिन्छ। ती हेरेका कुराहरू जवाफ दिने गरी राष्ट्रिय सभालाई अझ व्यवस्थित गर्ने मर्यादित बनाउने उद्देश्यले यसमा प्रबन्ध गरिएका कुराहरूलाई यो राष्ट्रिय सभा नियमावली पास गरेर अगाडि बढ्दा तपाईंहरूले के लिएर आउनुभो' भन्ने कुरा हामी एकातिर अधिकारको कुरा गरिरा' छौं र अर्कोतिर हामी यो कुरा उठाइराखेका छौं। त्यसो हुँदाखेरि राष्ट्रिय सभालाई अझ बढी मर्यादित गराउनका निम्ति हामीले प्रबन्ध गरेका जुन ती प्रबन्धहरूलाई पढेर सुनाउन चाहन्छु। प्रतिनिधि सभा नरहेको अवस्थामा राष्ट्रिय सभामा पनि नरहेको अवस्थामा राष्ट्रिय सभामा सरकारको नीति तथा कार्यक्रममा बजेट ल्याउने कुराहरू यो नियमावलीमा हामीले प्रबन्ध गरेका छौं। त्यसै गरी प्रधानमन्त्रीसँग चाहिँ प्रश्नोत्तर कार्यक्रमको बारेमा हामीले पटक पटक भन्ने गरेका थियौं। त्यो

कुराहरूमा यसमा प्रबन्ध गरिएको छ। त्यसै गरी आकस्मिक तथा प्रादेशिक सरोकार समय भनेर प्रदेशसँग पनि जोड्ने गरी हामीले यसमा प्रबन्ध गरेका छौं। संवैधानिक निकायका प्रतिवेदन र विभिन्न समितिका प्रतिवेदन कहिले पनि सभामा पेस हुने तर छलफल कहिले हुँदैनथे। ती प्रतिवेदनमा के लेखिएका छन् भन्ने कुराहरू सभामा छलफल गरियोस् भन्ने खालको यसमा प्रबन्ध गरिएको छ। गैरसरकारी विधेयकलाई पनि रचनात्मक ढङ्गले सचिवालयले सहयोग गर्नुपर्छ भन्ने कुरा यसमा प्रबन्ध गरेका छौं।विधि निर्माणमा गरिएको यो विधि निर्माणमा नागरिकको सहभागिताका विषयमा पनि यसमा प्रबन्ध गरिएको छ। क्यालेन्डर निर्माण गर्ने कुरा गरिएको छ। राष्ट्रिय सभालाई प्रादेशिक तथा स्थानीय तहसँग जोड्ने कुरा यसमा गरिएको छ। सदनमा बोलेका कुराहरूलाई मन्त्रीज्यूले सात दिनभित्र जवाफ दिने कुराहरूलगायतका थुप्रै विषयहरू हामीले सहमतिमा गरेका छौं। यो राष्ट्रिय सभाको पुँजीको रूपमा रहने छ र यसमा कमी भएका कुराहरू आउँदो आउने माननीयज्यूहरू रहनुहुन्छ। वहाँहरूले ती कमीहरूलाई पूरा गर्नका निम्ति पूरा गर्नुहुने छ। र यो सभालाई म पनि भन्न चाहन्छु कि हाम्रो दलको तर्फबाट यो मस्यौदालाई पूर्ण रूपमा समर्थन गर्न चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्ष**:- माननीय सदस्य खिमलाल देवकोटा।

**(१५:२९ बजे)** **माननीय श्री खिमलाल देवकोटा (स्वतन्त्र)**:- सम्माननीय अध्यक्ष महोदय, मेरो पौने तीन वर्षको कार्यकालमा मैले कुनै गर्व गर्ने विषय दुइटा विधेयककै सम्बन्धमा एउटा विधायन व्यवस्थापनसम्बन्धी विधेयक, २०८० र यो राष्ट्रिय सभा नियमावली नै हो। र मैले पटक पटक भन्ने गरेको छु है यो क्यारे किनभने यो हरेक कुराहरू हामी समितिमा छलफल गर्दाखेरि अथवा जहाँ जे छलफल गर्दाखेरि मैले एउटा शब्द माननीयज्यूहरूलाई political ownership, political ownership हैन हामी जब पुरानो बाटोमा हिंडिरा' छौं। नयाँ बाटोमा हिंड्नेबित्तिकै यहाँ चाहिँ तपाईंको दलका नेता नेताहरूलाई गएर सल्लाह गर्नुस् है भन्ने गर्‍या छु है मैले। यो विषय पनि मैले यहाँ सम्झन चाहे र हाम्रो यो समितिमा हरेक पार्टीबाट दुई दुई जना माननीयज्यूहरू हुनुहुन्छ। मैले सबैलाई हामी जब नयाँ कुराहरू हाम्रै यो नियमावलीमा यति राम्रा हामीले प्रयास गर्‍या छौं हेर्नुस्। हामीले अन्तर्राष्ट्रिय अभ्याससमेत लेर आ'का छौं। र सरकारको जवाफदेहिता भनेको संसदप्रति हुन्छ। संसदको जवाफदेहिता भनेको नागरिकप्रति हुन्छ। हामीहरू यो संसद भनेको नागरिकको पनि नागरिक हो त्यसकारण हाम्रो जवाफदेहिता भनेको यो प्रदेशप्रति पनि हो। स्थानीयप्रति पनि हो। र direct तल नागरिकप्रति हो। त्यो

खालको व्यवस्था हामीले यसमा राखेका छौं। त्यसकारण यो एकदमै उत्कृष्ट छ। है त्यसकारण यो पाटोमा हामीले कतिपय कुराहरूमा फेरि यो ढुङ्गामा लेखेको अक्षर पनि होइन। कतिपय कुराहरू हामीले संविधानसमेत अब सुधार गर्न सक्छौं भनेपछि त यो नियमावली सुधार गर्न नसक्ने भन्ने कुरा पनि रहेन। त्यसकारण एउटा lesson पनि हो। यहाँ कतिपय माननीयज्यूहरूको गुनासो मैले सुन्या छु। हामीले सुन्यौं पनि तर यो हाम्रो दलका नेताहरू है तपाईंहरू दलका नेताहरू समितिमा बस्नेहरूले पनि यो lesson learn  गर्नुपर्‍यो के यो आफ्नो दलसँग दलका सबै माननीयज्यूहरूसँग सधैं घनीभूत छलफल गर्नुस् है भनेर म आफूले पनि भनेको छु। पटक पटक, एकपटक होइन पटक पटक भनेको छु। यो मैले यो विषय यहाँ दोहोर्‍याएँ पनि। तर यति भन्दाभन्दै पनि यति भन्दा पनि यो नियमावली यति राम्रो छ हेर्नुस् हामीले भारतदेखि लिएर स्वीट्जरल्यान्डदेखि लिएर संसारको एकदमै राम्रो उत्कृष्ट मोडलहरू हामीले लिएर आएका छौं। यो प्रधानमन्त्रीलाई उभ्याउने, त्यसपछि मन्त्रीलाई उभ्याउने र यो यो नियमावलीलाई हामीले क्रियाशील गर्न सक्यौं भने यो संसदीय अभ्यास हाम्रो यति गतिशील हुन्छ। क्रियाशील हुन्छ। र वास्तवमा साँच्चै संसद भनेको चाहिँ राष्ट्रिय सभा रहेछ भन्ने कुराहरू एउटा म्यासेज पनि जान्छ। त्यसकारण यो उत्कृष्ट डकुमेन्ट छ। र यसलाई हामीले केही कमी कमजोरी निश्चित रूपमा छन्, perfection भनेको संसारमा कहीं कुनै पनि चिजमा हुँदैन। हैन त्यसकारण सुधार गर्ने ठाउँ अझ पनि छ। यो हाम्रो ६ वर्षको अभ्यासमा हामीले यो गर्‍यौं, फेरि अभ्यास गरेर हामी यसलाई सुधार गर्दै जाऊँ र सर्वसम्मत रूपले पास गरौं भन्ने अनुरोध चाहन्छु। हस् त, धन्यवाद।

**<u>सम्माननीय अध्यक्षः-</u>** माननीय सदस्य विमला घिमिरे।

**(१५:३२ बजे)<u>माननीय श्री विमला घिमिरे (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>:-** सम्माननीय अध्यक्षज्यू, यसको नियमावली संशोधनको विषयमा सैद्धान्तिक छलफल हुँदा पनि हामीले केही कुराहरू राखेका थियौं। र अहिले हामी आज छलफल गरेर यसलाई पारित गर्ने क्रममा छौं। मैले सहमति भएका विषयहरू फेरि पनि त्यस्ता केही आवश्यकताहरू खड्किए भने हामी फेरि पनि संशोधन गर्न सकिने कुराहरू त सुरक्षित छँदै छ। अहिले भएका विषयहरूमा हामी सहमतिमा पुगेको कुराहरू हामीले जानकारी पनि पाएका छौं र म विशेषगरी यो नियमावली संशोधन गर्नका निम्ति जुन समिति निर्माण भयो, समितिमा रहेर धेरै मेहनत गरेर, धेरै खोज अनुसन्धान गरेर यसलाई उत्कृष्ट बनाउनका निम्ति मेहनत गर्नुहुने सबै माननीयज्यूहरू र त्यसमा पनि अझै आजदेखि बिदा २० गतेदेखि बिदा हुँदै गरेका माननीयज्यूहरू र यसमा अझै यस

सभाका राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू पनि बिदा हुँदै गर्दै गर्दा पनि यो नियमावली कतै पास  नभईकन जाने हो कि भनेर केही समस्याहरू हुन्छन् कि भनेर हामीलाई डर लाइरहेको थियो। हामीले चाहन्थ्यौं, हामी रहनेवाला केही समय रहनेवाला सांसदहरूको तर्फबाट पनि हामीले यो अवधिमै पास भएर जाओस् भन्ने आकांक्षा राखेका थियौ जे होस् अन्तिममा भएपनि यसमा सहमतिमा पुगेका छौं। मै नियमावलीमा समर्थन, यसको समर्थन गर्दै बाँकी रहेका केही संवेदनशील विषयहरू पनि यहाँ उठे। नउठेका होइनन् ती विषयवस्तुहरूलाई पनि समेट्दै जाने कुरामा यी छलफलका विषय बनेका छन्। छलफलका विषय पछि फेरि पनि अगाडि बढ्न बढाउन सकिनेगरी हामीले आज यो नियमावली पास गरेर जाने कुरा भएको हुनाले म आज यो हाउस भनम् अन्तिम अन्तिम दिन हामी छौं। खासगरी बिदा हुने माननीयज्यूहरू र सम्माननीय ज्यूलाई समेत यहाँहरूले हामीलाई जुन एउटा काम गर्न सहज वातावरण बनाइदिएर जानुभएको छ त्यसप्रति म आभार प्रकट गर्न चाहन्छु। र हामी रहेका र आउनेवाला साथीहरूले माननीयहरूले हामीले काम गर्नका निम्ति यो संसदको गरिमा यो राष्ट्रिय सभाको गरिमा बढ्ने गरी काम गर्नेछौं र यो नियमावली पूर्णरूपमा कार्यान्वयनमा जानेछ भन्ने आशा र अपेक्षा सहित फेरि पनि सबैलाई धन्यवाद दिन चाहन्छु। धन्यवाद।

**सम्माननीय अध्यक्षः-** माननीय सदस्य गोपी बहादुर सार्की आछामी।

(१५:३४ बजे) **माननीय श्री गोपी बहादुर सार्की आछामी (ने.क.पा. माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सभा नियमावली दोस्रो संशोधनकै विषयमा हामी छलफल गरिरहेका छौं र चाहिँ यो समितिमा आफ्नो तर्फबाट चाहिँ भूमिका निर्वाह गर्नुहुने सबै साथीहरू र सभापतिज्यू सबैमा मेरो आफ्नो तर्फबाट हार्दिक धन्यवाद र आभार पनि व्यक्त गर्न चाहन्छु। यो प्रस्ताव आइसकेपछि टेबल भइसकेपछि सबै माननीयजीहरूको बीचमा एकचोटि छलफल र सबै दलगत प्रतिनिधित्व गर्ने माननीयजीहरूको बीचमा पनि छलफल भएको थियो र केही विषयहरू संशोधनको रूपमा चाहिँ उठेका पनि थिए। र त्यो बारेमा हामी गम्भीरतापूर्वक छलफल पनि गर्‍यौं। दलगत हिसाबले पनि छलफल गर्‍यौं। सभापतिज्यू, सम्माननीयज्यू सहित पनि हामीले चाहिँ छलफल गर्‍यौं। फेरि यसलाई समृद्ध बनाउन नसकिने भन्ने कुरा पनि होइन र यो जसरी हामीले चाहिँ संशोधनको रूपमा आएका विषयहरू छन् त्यो एउटा ऐतिहासिक रेकर्डको रूपमा रहिरहन्छ र फेरि आगामी दिनमा यसलाई हामी परिमार्जन गर्दै अगाडि बढ्न सक्छौ, संविधान पनि चाहिँ पूर्ण छैन, त्यसलाई पनि संशोधन गर्नुपर्छ भन्ने आवाजहरू पनि उठिराखेका छन् र सबै

माननीयज्यूहरूले जो विषय चाहिँ उठाइराख्नु भएको छ यसलाई पछिल्ला दिनहरूमा हामी हल गर्न सक्छौं। अहिले चाहिँ फेरि हामी एउटा कस्तो परिस्थितिमा थियौं र छौं भने सम्माननीयज्यू पनि बिदा हुँदै हुनुहुन्छ अरू माननीयजीहरू पनि सबै माननीयज्यूहरूले एउटा महत्त्वपूर्ण भूमिका पनि खेल्नुभएको छ। यो भूमिकालाई पनि हामीले स्थापित गर्नु छ त्यसलाई पनि हामीले संस्थागत गर्नुपर्नेछ त्यसकारणले पनि र हामीले जे रेकर्डमा राखेका छौं त्यसलाई हामी संशोधन गर्दै परिमार्जन गर्दै जान नसकिने भन्ने कुरा पनि भएन एक अर्को कुरा चाहिँ यो सभालाई व्यवस्थित गर्नको निम्ति दोस्रो संशोधन गरिएको छ यो व्यवस्थित गर्दै जानु आवश्यक पनि छ यसको गरिमा यसको मर्यादा यसको महत्त्वलाई हामीले स्थापित गर्नु पनि छ र यसमा सम्माननीय अध्यक्षज्यू लगायत सबै साथीहरूले माननीयज्यूहरूले जसरी भूमिका खेल्नुभएको छ त्यसप्रति म आफ्नो तर्फबाट आभार र धन्यवाद पनि व्यक्त गर्दै यसलाई हामी सबैले एकमत फेरि राष्ट्रिय सभा कहिले पनि विवादित र विभाजित छैन हामी सबै इस्युहरूमा चाहिँ एकमतका साथ सहमतिको बीचबाट अगाडि बढ्ने एउटा कल्चरलाई स्थापित गरेका छौं। यही भावना लाई अगाडि बढाउँदै यसलाई चाहिँ पास गरेर जानको निम्ति म सबै माननीयज्यूहरूलाई आग्रह गर्दै मेरो आफ्नो भनाइ अन्त गर्छु। हस् त, नमस्ते।

**(१५:३७ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि दफावार छलफल सदनमा गरियोस्" भन्ने प्रस्तावमाथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यहीं समाप्त हुन्छ।

माननीय सदस्यहरू, अब म, माननीय सभापति सुरेश कुमार आले मगरलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

**(१५:३७ बजे) माननीय सभापति सुरेश कुमार आलेमगरः-** सम्माननीय अध्यक्ष महोदय, हाम्रो समितिले तयार पारेको जुन नियमावली थियो त्यसमाथि विभिन्न माननीयज्यूहरूले आफ्नो सुझावहरू राख्नुभयो। विशेषगरी संशोधनकर्ता माननीयज्यूहरूले पनिआफ्नो सुझावहरू राख्नुभयो। समितिमा रहनुभएका मानिसहरूले पनि आफ्नो सुझावहरू आफ्ना धारणाहरू राख्नुभयो। समितिमा उहाँहरूले त यसको पक्षमा राख्नुभयो समितिमा रहेकाहरूले पनि समितिको जुन प्रतिवेदन छ त्यसको विपरीत जस्तो पनि धारणाहरू राख्नुभयो। यी सबैका लागि म हार्दिक धन्यवाद दिन चाहन्छु समितिको तर्फबाट र यो सबै धारणाहरूले सबै विचारहरूले संशोधनहरूले यो प्रतिवेदन एनरिस्ट भएको छ। समृद्ध भएको छ भन्ने कुरा राख्न चाहन्छु। जिन्दगीमा साथ पहिलोपटक

एउटा एउटा समितिको सभापति वा अध्यक्ष भैयाथ्यो। यस्तो विवादका बीचमा साथीहरूको मन दुखाएर अन्तमा टुङ्ग्याउनु पर्‍यो। मलाई यहाँनिर दुःख लाइराछ। सबभन्दा पहिले त यो जुन केही कुराहरू उठ्यो त्यो बारेमा आफ्नो छोटो छोटो धारणाहरू राख्न चाहें। भुवन सुनार माननीयजीले जुन कुरा राख्नुभएको छ जिन्दगीमा खल्लो अनुभूति भयो यो सदनमा भनेर माननीयज्यू त्यस्तो चाहिँ अनुभूति गर्नुपर्ने आवश्यकता त थिएन। किनकि म पनि आदिवासी जनजातिकै छोरा हो र उत्पीडितहरूका पक्षमा उत्पीडनका विरुद्धमा उत्पीडकहरूका विरुद्धमा उत्पीडितहरूका पक्षमा म चाहिँ सधैं सधैं उभिएको मान्छे हो र दलितको जहाँसम्म कुरा छ हामीले बिल्कुल त्यसो गरेका छैनौं। त्यसो गर्ने पनि छैनौं, गरेका पनि होइनौं। जहाँसम्म दलित विकास भन्ने शब्द छ दलित भन्ने शब्द पुरै परिसकेपछि विकास भन्ने शब्दले अझै अझै चाहिँ न्यारो डाउन गर्छ दलित विकास दलित भनेपछि त सबै कुरा आइहाल्यो नि भन्ने हिसाबले त्यो विकास भन्ने शब्द नराखेको तर शब्द त त्यहाँ त छ त फेरि  म त्यसको विरुद्धमा कहिले पनि थिएन। छैन पनि हुँदैन पनि तर कुरो के भयो त भन्दाखेरि यो यो राख्दाखेरि महिला समन्वय समिति भन्ने जुन राख्ने कुरा भएको छ त्यसमा सहमति भाको छ त्यसमा सहमति भाको छ त्यो पनि रहँदैन कि भन्ने चाहिँ भयो। त्यो डर त्यो चिन्ता हामीलाई भयो। अहिले चाहिँ यो महिला समन्वय समिति राखौं। दलित यो राख्नुको अर्थ दलित समन्वय समिति नराख्ने भन्ने होइन। त्यो पनि राखौंला। राख्छौं हामी राख्नेछौं। तपाइँ हामी सबै यहीं नै छौं। अनि कतै जाँदैनौं। अघि केही मानिसले भने जस्तो यो प्रतिवेदन अकाट्य असंशोधनीय होइन। यसलाई संशोधन गर्न सकिन्छ गरौंला। तर यो चाहिँ त्यो कारणले यतिबेला दलित समन्वय समिति भन्ने परेन त्यसकारणले गर्दाखेरि माननीयज्यूले धेरै चित्त दुखाउनु पर्दैन यो दिनलाई त्यस्तो दिनको रूपमा चाहिँ लिइरहनु पर्दैन भन्ने मलाई लाग्दछ र अर्को कुरा फेरि के छ भन्दाखेरि यो समितिमा दलित माननीयज्यूहरू हुनुहुन्थ्यो त उहाँले उठाउनु भएको थिएन र तपाईंले उठाउनुभएको कुरा उहाँले उठाउनु भएको थिएन र दलितको कुरा तपाईंले मात्र उठाउँदा हुने हो र? अरूले उठाउँदा हुँदैन र? हुन्छ होला त दलितहरूको प्रतिनिधि सिङ्गो तपाइँ मात्रै त हैन होला नी माननीयज्यू? यहाँ उठेको थियो तर उहाँहरू सहमत हुनु भयो त। यसरी यसरी पनि यो विषयलाई हेर्नुभए हुन्थ्यो भन्ने मलाई लाग्छ त्यसको त्यसको लागि म अनुरोध पनि गर्न चाहन्छु। जहाँसम्म दिगो भन्ने शब्द छ दिगो भन्ने शब्द समितिको नाममा मात्रै नपरेको हो। तर त्यसको कार्यक्षेत्रमा परेको छ। यो समितिको विकास आर्थिक मामिला तथा सुशासन समितिको काम कर्तव्य र अधिकारमा परेको छ। नाममा मात्रै नपरेको हो। नाममा मात्रै नपर्दा के आकाशै खसे जस्तो गर्नुपर्ने भुँइचालै आएजस्तो गर्नुपर्ने थिएन जस्तो मलाइ लाग्दछ। त्यहाँ छ त त्यहाँ छ। हामीले यो दिगो भन्ने शब्दको महत्त्वबारे यो उनीहरूले गर्छ भन्ने बारे थाहा थिएन र त्यस्तो पनि हामीलाई थाहा

थिएन र त्यो कुरा यहाँ आएको थिएन र हामीले के सोच्यौं भन्दाखेरी विकास विकास भन्ने broader terminology राख्दे पछि पूरा चट्टानी अडान राख्नुहुन्छ भने प्र चट्टानी अडान राख्नुहुन्छ भने तेल्ले समेट्छ। विकास राखेपछि दिगो, अदिगो, राष्ट्रिय, अराष्ट्रिय, क्षेत्रीय, केन्द्रीय, अन्तर्राष्ट्रिय विश्व सबै समेट्छ भनेर हामीले राख्यौं। अस्ति नै पनि मैले भन्या थे नेपाल राखेपछि काठमाडौं जनकपुर धरान आदि त्यो राखिरहनै पर्दैन। त्यसकारण हामीले नराखेको हो। र यो दिगो नराख्दा धेरै ठुलो असर पर्छ भने हामी तयार छौं भनेर भनेका थियौं। अन्ततः हामी सहमत पनि भएका थियौं ठिकै छ नि त भनेर। साथीहरूले माननीयज्यूहरूले यति सारो चित्त दुखाउनु हुन्छ भने पूरा चट्टानी अडान राख्नुहुन्छ भने ठिकै छ नि त भन्ने किसिम हामी पुग्या थियौं। तर के छ भन्दाखेरि यहाँ निर यता गर्दा उता नहुने उता मिलाए यता नमिल्नी यता उता दुइटै मिलाए कता कता नमिल्नी। त्यस्तो भएको हुनाले पनि एउटा सहमतिमा जाउँ भन्या भएर हामीले यो राख्यौं। त्यसैले यो अहिले जुन संशोधनकर्ता माननीयज्यूहरूले राख्नुभएको छ केही संशोधनका कुराहरू महत्त्वपूर्ण विषयहरू यो बारेमा आगामी दिनमा पनि निश्चित रूपमा यो राष्ट्रिय सभाले यसलाई ध्यान दिनेछ र सम्बोधन गर्न नसक्ने कुरा हैन अघि मैले भनिसके यो प्रतिवेदन अकाट्य असंशोधनीय होइन। यसलाई हामी संशोधन गर्न सकिहाल्छौं। यसलाई त्यही रूपमा लिनको लागि म माननीयज्यूहरूलाई माननीयज्यूहरूलाई अनुरोध गर्न चाहन्छु। जसरी चित्त देखाउनु भएको छ जो सशक्त रूपमा राख्नुभएको छ वहाँ माननीयज्यूहरूलाई र के भो भन्दाखेरि अहिले यसमा सहमती नजनाउँदा यो यो प्रतिवेदन यो नियमावली थुप्रै माननीयज्यूहरूले भन्नुभए जस्तै संशोधनकर्ता माननीयहरूले पनि स्वीकार गर्नुभयो जस्तै जुन महत्त्वपूर्ण प्रकार छ राष्ट्रिय सभा सिङ्गो राष्ट्रिय सभाको ओज महत्त्व गरिमालाई बढाउने खालको जुन छ धेरै ऐतिहासिक historic, historical हैन historic जुन यसका प्रावधानहरू छन्। यसलाई यसलाई केरे स्वीकार्नु भएको छ यस्तो महत्त्वपूर्ण प्रावधानहरू भएको नियमावली पास हुँदैन कि भन्ने हामीलाई चिन्ता लाग्यो, त्यो हामीलाई डर लाग्यो। एकातिर पनि अर्कोतिर हाम्रो यो राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू जो हामीबाट बिदा भएर जानुहुँदैछ। उहाँको कार्यकालमै यस्तो एउटा नियम अलि पास भइदिए हुन्थ्यो हाम्रो पनि चाहना थियो। उहाँको पनि चाहना थियो तर यसरी यो छलफल चलिरहँदा सायद हुँदैन कि भन्ने यो नियमावली पास हुँदैन कि भने चिन्ता र डर हामीलाई लाग्यो। त्यसकारणले फेरि छलफल बहसका थुप्रै श्रृङ्खलाहरू चले। हामी अन्तत यसमा आएका छौं। त्यसैले अन्तमा माननीयज्यूहरूमान्यज्यूहरूलाई संशोधनकर्ता माननीयज्यूहरूलाई जुन सशक्त प्रकारले जुन घनीभूत प्रकारले गम्भीरताका साथ तपाईहरू यहाँ राख्नुभएको छ त्यसमा निश्चित रूपमा मेरो र सिङ्गो यो समिति सायद विघटन पनि भइसके कि अथवा के छ त्यो समेत ध्यानाकर्षण भएको छ। भाछैन? आगामी दिनमा आगामी दिनमा निश्चित रूपमा त्यसतर्फ पनि

हामीले छलफल गर्नेछौं। संशोधनकर्ता माननीयज्यूहरू  यसलाई यसलाई केरे स्वीकार्नु भएको छ यस्तो महत्त्वपूर्ण प्रावधानहरू भएको नियमावली पास हुँदैन कि भन्ने हामीलाई चिन्ता लाग्यो त्यो हामीलाई डर लाग्यो। एकातिर पनि अर्कोतिर हाम्रो यो राष्ट्रिय सभाका सम्माननीय अध्यक्षज्यू जो हामीबाट बिदा भएर जानुहुँदैछ। उहाँको कार्यकालमै यस्तो एउटा नियम अलि पास भइदिए हुन्थ्यो हाम्रो पनि चाहना थियो। उहाँको पनि चाहना थियो तर यसरी यो छलफल चलिरहँदा सायद हुँदैन कि भन्ने यो नियमावली पास हुँदैन कि भने चिन्ता र डर हामीलाई लाग्यो। त्यसकारणले फेरि छलफल बहसका थुप्रै श्रृङ्खलाहरू चले। हामी अन्तत यसमा आएका छौं। त्यसैले अन्तमा माननीयज्यूहरू संशोधनकर्ता माननीयज्यूहरूलाई जुन सशक्त प्रकारले जुन घनीभूत प्रकारले गम्भीरताका साथ तपाईहरू यहाँ राखुभएको छ त्यसमा निश्चित रूपमा मेरो र सिङ्गो यो समिति सायद विघटन पनि भइसके कि अथवा के छ  त्यो समेत ध्यानाकर्षण भएको छ। भाछैन? आगामी दिनमा आगामी दिनमा निश्चित रूपमा त्यसतर्फ पनि हामीले छलफल गर्नेछौं। संशोधनकर्ता माननीयज्यूहरू धेरै त यहीं नै हुनुहुन्छ। कोही कोही जानुहुन्छ होला तर ज-जसले उठाउनु भएको छ उहाँ यहीं नै हुनुहुन्छ हामी पनि यहीं नै छौं। त्यसैले भविष्यमा यो बारेमा पनि निश्चित रूपमा राष्ट्रिय सभाले नियमावलीमा केही केही थपघट गर्न सक्नेछ। यिनै कुरो राख्दै अन्तमा थुप्रै उतार चढाव आरोह अवरोहहरू प्रश्चात थुप्रै बहस श्रृङ्खलाका बहस छलफलका श्रृङ्खला पछि हामी हामी यो चरण आइपुगेका छौं त्यसैले यो कतिपय दिगोका कुराहरू आए। इगोका कुराहरू आए। अन्तमा म भन्न चाहन्छु दिगो इगोहरू छँदैछन्। Let me say here we go. Thank you.

**(१५:४५ बजे)**<u>**सम्माननीय अध्यक्षः-**</u> माननीय सदस्यहरू, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८० माथि दफावार छलफल सदनमा गरियोस् " भन्ने प्रस्तावमाथिको छलफल यहीं समाप्त हुन्छ। माननीय सदस्यहरू, अब म, “राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०” माथि प्राप्त संशोधन प्रस्तावहरूलाई निर्णयार्थ प्रस्तुत गर्दछु।माननीय सदस्यहरू, “राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०” माथि संशोधन पेस गर्नुहुने संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य प्रकाश पन्थलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

**(१५:४६ बजे) माननीय श्री प्रकाश पन्थ (नेपाली काँग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, दलित र यो सामाजिक न्यायको विषयहरूमा संवेदनशील हुन आवश्यक छ, संवेदनशील हामी सबै रहनु पनि पर्छ। इगोको कुरा छैन र त्यो हुँदा पनि होइन। धेरै राम्रा कुराहरूको लागि केही राम्रा र उत्कृष्ट कुराहरू पनि छोड्नुपर्ने नै रहेछ। तसर्थ, अब यो दिगो विकास, दिगो र दलितका विषयहरूले तुरुन्तै भविष्यमा पनि छलफलहरू पाउने नै अपेक्षा गर्दै यही भरोसा र विश्वासका साथ चाहिँ हाललाई यो संशोधन फिर्ता लिन चाहन्छु, यो समूहको तर्फबाट। धन्यवाद।

**(१५:४६ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य प्रकाश पन्थले "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" माथि पेस गर्नुभएका संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गरिरहनु परेन। माननीय सदस्यहरू, "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" माथि संशोधन पेस गर्नुहुने अर्को संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य भुवन बहादुर सुनारलाई आफ्नो संशोधन प्रस्ताव फिर्ता लिन चाहनुहुन्छ भने उक्त संशोधन प्रस्ताव फिर्ता लिन समय दिन्छु।

**(१५:४७ बजे)माननीय सदस्य भुवन बहादुर सुनार (ने.क.पा. माओवादी केन्द्र):-** जुन किसिमको संशोधन छ, सम्माननीय अध्यक्षज्यू, अब यसकै विषयमा मैले भनिरहन परेन ..... ..... .....[*] र पनि सारमा कुरा राख्दाखेरिमा एउटा एउटा ठुलो टिम हामीबाट (**सम्माननीय अध्यक्षः-** माननीय सदस्य शब्दहरूलाई अलि ख्याल गर्दिनु पर्ला।) हस्, र केही दिनपछि हामी हामीबाट बाहिर जाँदै हुनुहुन्छ माननीयज्यूहरू र स्वयं हाम्रो अध्यक्ष नै बाहिर जाँदै हुनुहुन्छ। वहाँको चाहिँ कार्य अवधि समाप्त हुँदैछ र यो क्रिटिकल अवस्थामा आ'को नियमावली भएकोले गर्दा र यति ठुलो मेहनत गरेर आएको चाहिँ नियमावली पास नगर्दा बडो चाहिँ दुःख लाग्नि, पास गर्दा बडो चाहिँ समस्या चाहिँ पैदा हुनि अथवा उही चाहिँ हामीले सुनिम् व्याख्या विश्लेषण खुट्टा हेर्दा कति नाच्छ भन्ने कुरा थाहा पाए जस्तै व्यवहारमा कति चाहिँ ठिक भएर जाँदो रहेछ भन्ने कुराहरू त्यसले छर्लङ्ग बनायो। यी कुरा रहँदा रहँदै पनि यसलाई भोलिका दिनहरूमा निरन्तरता जाओस् भन्ने चाहिँ अनुरोधका साथ म मेरो भनाइ अन्त्य गर्छु। हस्, धन्यवाद।

---

[*] सम्माननीय अध्यक्षज्यूले मिति २०८०/११/२७ को बैठकबाट हटाउन निर्देशन दिनुभएको । (वक्ताले "स्यालको छाला ओडेको चाहिँ ब्वाँसो भने कि के भने जस्तै कम्युनिष्टका नाम बोकेका मान्छेहरूको चरित्रता उदाङ्ग भयो" भन्नुभएको ।

**(१५:४९ बजे)सम्माननीय अध्यक्षः-** नियमावली संशोधन प्रस्ताव के गर्नुभयो? फिर्ता लिन्छु भनेर त्यहाँ व्यक्त गर्नुपर्ने हुन्छ, फिर्ता लिने हो भने।

**(१५:४९ बजे) माननीय श्री भुवन बहादुर सुनार (ने.क.पा. माओवादी केन्द्र):-** फिर्ता भन्ने शब्द त मलाई त्यति राम्रो लाग्दैन थियो। तर परिस्थितिवश त्यसलाई चाहिँ फिर्ता यस्तो मेरो पार्टीको साथीहरूको राय अनुसार पनि मैले तेल्लाई मान्नपर्ने भएकोले गर्दा मैले फिर्ता लिएँ। धन्यवाद।

**(१५:४९ बजे) सम्माननीय अध्यक्षः-** माननीय के भन्न खोज्दै हुनुहुन्छ? १ मिनेटमा भन्नुहोस्।

**(१५:५० बजे) माननीय श्री उदय बहादुर बोहरा (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी):-** सम्माननीय अध्यक्षज्यू, यो स्यालको खोल ओडेका ब्वाँसो भन्ने जुन यो अमर्यादित जुन शब्द हो यो रेकर्डबाट चाहिँ कम्युनिस्ट भन्ने जुन यो शब्द हो। यो चाहिँ रेकर्डबाट हटाइयोस्। धन्यवाद।

**(१५:५० बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्यले उठाउनुको विषय सचिवालयले यसको अध्ययन यसको समग्र हेरेर अर्को बैठकमा यसको निर्णय सुनाउनुहुने छ।

माननीय सदस्यहरू, संशोधनकर्ता माननीय सदस्यहरूको तर्फबाट माननीय सदस्य भुवन बहादुर सुनारले "राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिको प्रतिवेदन, २०८०" माथि पेस गर्नु भएका संशोधन प्रस्तावहरू फिर्ता लिनुभएकोले उक्त प्रस्तावलाई निर्णयार्थ पेस गरिरहनु परेन।

माननीय सदस्यहरू, अब म, प्रतिवेदनको क्रम सङ्ख्या २ देखि १३८ सम्म र अनुसूची ८ देखि १८ सम्म "राष्ट्रिय सभा नियमावली, २०७५ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न भन्ने आवाज सुनिएन। तसर्थ नियमावलीको नियम २ देखि १३८ सम्म र अनुसूची ८ देखि १८ सम्म सर्वसम्मतिले "राष्ट्रिय सभा नियमावली, २०७५" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म नियमावलीको प्रस्तावना र नाम पढेर सुनाउँछु।

**<u>प्रस्तावना</u>**: राष्ट्रिय सभा नियमावली, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा १०४ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी राष्ट्रिय सभाले देहायका नियमहरू बनाएको छ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भ</u>**: (१) यी नियमहरूको नाम "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुने छ।

माननीय सदस्यहरू, अब म, नियमावलीको प्रस्तावना र नाम "राष्ट्रिय सभा नियमावली, २०७५ को अङ्ग बनोस्" भनी निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

-**"हुन्छ"**

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ नियमावलीको प्रस्तावना र नाम सर्वसम्मतिले "राष्ट्रिय सभा नियमावली, २०७५" को अङ्ग बनेको घोषणा गर्दछु।

माननीय सदस्यहरू, अब म राष्ट्रिय सभा नियमावली, २०७५ को संशोधन मस्यौदा समितिका माननीय सभापति सुरेश कुमार आलेमगरलाई "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरियोस्" भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

**(१५:५२ बजे)** **<u>माननीय सभापति श्री सुरेश कुमार आलेमगरः-</u>** सम्माननीय अध्यक्ष महोदय, कहिले कहिले होल समष्टीको लागि अंश पार्टलाई पनि छोड्नुपर्ने हुँदो रहेछ। त्यस्तै स्थिति आज पनि भयो होला भन्ने मलाई लागेको छ। त्यसैको लागि विशेषगरी संशोधनकर्ता माननीयज्यूहरूलाई त्यसको लागि हार्दिक अनुरोध गर्दै र चित्त नदुखाउनका लागि फेरि अनुरोध गर्दै आगामी दिनमा पनि हामी सबै सँगै नै छौं। एउटा माघले जाडो जाँदैन भन्ने कुरा राख्दै यो नियमावली पारित गरियोस भन्ने दिशातर्फ म जाँदैछु। त्यो प्रस्ताव राख्ने दिशातर्फमा जाँदैछु। सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले "राष्ट्रिय सभा दोस्रो संशोधन नियमावली २०८० पारित गरियोस्" भन्ने प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु धन्यवाद

**(१५:५३ बजे)** **<u>सम्माननीय अध्यक्षः-</u>** माननीय सदस्यहरू, अब म, उक्त प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरूले "हुन्छ" भन्नुहोस्।

- "हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यहरूले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन। तसर्थ "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८० पारित गरियोस्" भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू, राष्ट्रिय सभाका साविकका समितिहरू "राष्ट्रिय सभा (दोस्रो संशोधन) नियमावली, २०८०" अनुसार देहाय बमोजिम रुपान्तरण हुने बेहोरा जानकारी गराउँछु।

| समितिको साबिकको नाम | रुपान्तरण हुने समितिको नाम |
|---|---|
| दिगो विकास तथा सुशासन समिति | विकास, आर्थिक मामिला तथा सुशासन समिति |
| विधायन व्यवस्थापन समिति | विधायन व्यवस्थापन समिति |
| प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति | सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति |
| राष्ट्रिय सरोकार तथा समन्वय समिति | संघीयता सवलीकरण तथा राष्ट्रिय सरोकार समिति |

माननीय सदस्यहरू, साविकका समितिमा रहनु भएका समितिका माननीय सभापतिहरू र माननीय सदस्यहरू रूपान्तरित तत् तत् समितिमा सभापति र सदस्यहरू रहने गरी प्रस्ताव गरेको छु।

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सभाको सहमति जनाइदिनुहुन अनुरोध गर्दछु।

माननीय सदस्यहरू, उपरोक्त प्रस्तावलाई सभाको सहमति भएको बेहोरा जानकारी गराउँछु।

माननीय सदस्यहरू, म यो सभामा २०७४ फागुन २१ गतेदेखि देखि सदस्यको रूपमा र २०७४ फागुन ३० गतेदेखि अध्यक्षको रूपमा भूमिका निर्वाह गर्दै यही २०८० फागुन २० गतेदेखि संवैधानिक व्यवस्थाबमोजिम आफ्नो कार्यावधि पूरा गरी बिदा हुँदैछु। पहिलो अधिवेशनदेखि आजसम्म आइपुग्दा हामीले राष्ट्रिय सभाको १५औं अधिवेशनको यात्रा तय गरिरहेका छौं। प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको विदाई र एक तिहाई सदस्यको आगमन हुने संवैधानिक व्यवस्था अनुसार यस वर्ष चौथोपटक एक तिहाई सदस्यको निर्वाचन सम्पन्न भई नवनिर्वाचित सदस्यहरूको आगमन हुँदै गरेको अवस्था छ र यही फागुन २१ गते शपथ ग्रहण गरी उहाँहरू यस सभाको सदस्यको रूपमा आउँदै हुनुहुन्छ। म उहाँहरूलाई राष्ट्रिय सभाको सदस्यको रूपमा निर्वाचित भई कार्यभार सम्हाल्ने लाग्नुभएको यो पूर्वसन्ध्यामा हार्दिक बधाई सहित सफल कार्यकालको शुभकामना दिन चाहन्छु।

माननीय सदस्यहरू, स्थायी सभा भएकोले प्रत्येक दुई वर्षमा एक तिहाई सदस्यको पदरिक्त हुने र उत्तिकै संख्यामा निर्वाचन हुने व्यवस्थालाई कार्यान्वयन गर्ने क्रममा २०७५ असार ४ गते राष्ट्रिय सभाका सदस्यको पदावधि निर्धारण गर्न गोलाप्रथा कायम गरिएको थियो। सो अनुरूप पहिलोपटक १९ जना माननीय सदस्यको कार्यवधि २०७६ फागुन २० गते दोस्रोपटक २० जना सदस्यको कार्यावधि २०७८ फागुन २० गते सकेको थियो भने म लगायत २० जना माननीय सदस्यको यही फागुन २० गते कार्य अवधि पूरा हुँदैछ। २०७४ सालदेखि हालसम्म आइपुग्दा राष्ट्रिय सभाका पहिलो निर्वाचन सहित चारवटा निर्वाचनहरू सम्पन्न भई सभामा १०१ जना सदस्यले प्रतिनिधित्व गर्ने मौका पाइसक्नुभएको छ भने १९ जना माननीय सदस्यहरूले यही फागुन २१ गतेदेखि सदस्यको सभाको सदस्यको रूपमा भूमिका निर्वाह गर्दै हुनुहुन्छ। सम्माननीय राष्ट्रपतिबाट एकजना सदस्यको मनोनयन हुन बाँकी रहेको छ। हालसम्म सभामा निर्वाचित सदस्यहरूमध्ये चारजना सदस्यहरूको पदावधि समाप्त नहुँदै विभिन्न कारणले विषयमा

स्थान रिक्त भएको थियो। सभाका तत्कालीन सदस्य दुर्गाप्रसाद उपाध्यायलाई पदमा र बहाल रहँदै २०७६ ७६ फागुन २ गते हामीले गुमाउनु परेको थियो। म उहाँप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै यस सन्दर्भमा सम्झन चाहन्छु। त्यसैगरी सभाका तत्कालीन सदस्य चन्द्रबहादुर खड्का र राम बहादुर थापाको दल त्याग भई स्थानिकता भएको थियो भने सभाका तत्कालीन सदस्य खिमलाल भट्टराईले २०७९ असोज २३ गते राष्ट्रिय सभाको सदस्य पदबाट राजीनामा दिनुभएका कारण स्थानीय तह भएको र रिक्त स्थानका लागि राष्ट्रिय सभाका तीनवटा उपनिर्वाचन भई माननीय सदस्यहरू  दीर्घनारायण पाण्डे खिमलाल देवकोटा र कुमार दसौदी निर्वाचित हुनुभएको छ।

माननीय सदस्यहरू सभाको यो छ वर्षको अवधिमा १४ वटा अधिवेशन सम्पन्न भइसकेका छन् भने १५ अधिवेशनको आज नवौं बैठक चालु रहेको छ। यो बैठक ६ वर्ष अवधिको अन्तिम बैठक हो। आजको बैठकसम्म आइपुग्दा जम्मा ११८४ दिन सभाको अधिवेशनहरू चालु रहे र आजको बैठक समेत गरी ३३६ दिन बैठक बसी ३८९ वटा बैठक सम्पन्न भएका छन्। आजको बैठकको स्थगित हुने अनुमानित समय समिति बैठकहरूमा ५८८ घण्टा ४२ मिनेट समय व्यतीत भएको छ। विगत ६ वर्षमा राष्ट्रिय सभाका ११२ वटा बैठकमा विशेष समय रहेको र उक्त समयमा दोहोरिएर ९५ जना माननीय सदस्यहरूले ९७८ पटक विशेष समयमा बोल्नुभएको थियो। त्यसैगरी यस अवधिमा सभाका १०१ वटा बैठकमा शून्य समय सञ्चालन हुँदा दोहोरिएर ८१ जना माननीय सदस्यहरूले ५९० पटक बोल्नुभएको थियो। माननीय सदस्यहरू राष्ट्रिय सभाले यस कार्य अवधिमा सभा र समितिमार्फत विधि निर्माण र संसदीय निगरानीमा महत्त्वपूर्ण कामहरू भएका छन्। यस अवधिमा संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय विशेष समिति गठन भई ९९ बुँदे सिफारिस सहितको प्रतिवेदन सभामा पेस भएको थियो भने दुईपटक राष्ट्रिय सभा नियमावली संशोधन भएको छ। नियमावलीमा संसदीय मर्यादा उच्च बनाउनेसम्बन्धी थुप्रै व्यवस्थाहरू भएका छन्। नेपालको संसदीय इतिहासमा यो एउटा कोसेढुंगाको रूपमा रहने कुरामा म विश्वस्त छु। यो छ वर्षको अवधिमा जनप्रतिनिधिले सभामा उठाएका जनसरोकारका विषयहरूप्रति सरकारलाई जिम्मेवारी बोध गराई उत्तरदायी बनाउन सभामा उठेका विषयवस्तुको महत्त्वका आधारमा सभाध्यक्षबाट ११ वटा रुलिङ भएका छन् भने दुईवटा अपिल समेत भएका छन्। त्यसैगरी यस अवधिमा संसदीय प्रस्तावको रूपमा विभिन्न २० वटा प्रस्तावहरू दर्ता भएका थिए। यी प्रस्तावहरूमध्ये सातवटा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव दर्ता भएकोमा पाँचवटा सभामा छलफल भइसकेका छन् भने एउटा प्रस्ताव प्रस्तावक सदस्यहरूले फिर्ता लिनुभएको र चालु १५औ अधिवेशनमा दर्ता भएको

एउटा जरुरी सार्वजनिक महत्त्वको प्रस्ताव सम्बन्धित मन्त्रीको समय नमिलेको कारण छलफल हुन बाँकी रहेको छ। त्यसैगरी पाँचवटा ध्यानाकर्षण प्रस्ताव दर्ता भएकोमा चारवटा सभामा छलफल भइसकेका छन्। र एउटा प्रस्ताव छलफल हुन नपाउँदै अधिवेशन अन्त्य भएकोले निष्क्रिय भएको थियो। यस अवधिमा दर्ताका हिसाबले आठवटा सङ्कल्प प्रस्ताव दर्ता भएतापनि विषयका हिसाबले दर्ता भएका छवटा प्रस्तावमाथि सभामा छलफल भइसकेको छ भने अधिवेशन अन्त्य भएका कारण दुईवटा प्रस्तावहरू पुन अर्को अधिवेशनमा दर्ता भएका थिए।

यस छ वर्षको अवधिमा राष्ट्रिय सभामा उत्पत्ति भएका ५८ वटा विधेयकमध्ये २८ वटा विधेयक दुवै सभाले पारित गरी राष्ट्रपतिबाट प्रमाणीकरण भइसकेका छन्। हाल १२ वटा विधेयक सभाबाट पारित गरी सन्देश सहित प्रतिनिधिसभामा पठाइएका छन्। त्यसैगरी यस सभामा उत्पत्ति भएका १२ वटा विधेयक फिर्ता भएका छन् भने सन्देश सहित पठाएका पाँचवटा विधेयक फिर्ता नहुँदै प्रतिनिधि सभाको विघटनसँगै निस्क्रिय भए। हाल राष्ट्रिय सभामा सुरक्षित कारोबार पहिलो संशोधन विधेयक २०८० मात्र विचाराधीन अवस्थामा छ।साथै सभाबाट लामो समयको अन्तरालमा एउटा गैरसरकारी विधेयकसमेत सर्वसम्मति रूपमा पारित गरी प्रतिनिधिसभामा पठाइएको छ। आशा छ प्रतिनिधि सभाले त्यसलाई तुरुन्तै प्रक्रियामा लगेर फिर्ता पठाउनेछ।माननीय सदस्यहरू, यस अवधिमा प्रतिनिधिसभाबाट सन्देश सहित जम्मा ८० वटा विधेयक प्राप्त भएकोमा आजको बैठकबाट एक समेत गरी १९ वटा विधेयक पारित गरी फिर्ता गरेका छन् भने सभाको अधिवेशनको अन्ततिर प्राप्त भई प्रतिनिधिसभा फिर्ता गर्न नपाउँदै प्रतिनिधिसभा विघटन भएका कारण केही नेपाल ऐनलाई संरक्षण गर्न बनेको विधेयक २०७९ निस्क्रिय हुन पुगेको थियो।

माननीय सदस्यहरू, २०७६ असार २६ गतेदेखि असार ३० गतेसम्म देशभर परेको अविरल वर्षाको कारण तराई मधेश पहाड लगायत मुलुकका विभिन्न भागमा धेरै सङ्ख्यामा व्यक्तिहरू हताहत भएका बेपत्ता भएका घाइते भएका घरबास खेतबारी विहीन भई विस्थापित भएका विभिन्न राजमार्गहरू क्षतिग्रस्त भई यातायात तथा आवागमन अवरुद्ध भएका विद्यालयहरू क्षतिग्रस्त भई पठनपाठनमा समस्या आएको विद्युत सेवा रोकिएको खानेपानीको अभाव भएको जस्ता विपत्तिहरू सिर्जना भएको सन्दर्भमा सभाका अध्यक्षको नेतृत्वमा राष्ट्रिय सभामा प्रतिनिधित्व गर्ने तत्कालीन चारवटै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी बाढी र डुबानबाट सबैभन्दा बढी प्रभावित तराईका १० जिल्लाहरूको स्थलगत निरीक्षण गरी बाढी तथा डुबानबाट परेको प्रभाव क्षतिको विवरण भए गरेका राहत उद्धार तथा पुनस्थापनाका काम कारबाहीको बारेमा जानकारी तत्काल र दीर्घकालमा गर्नुपर्ने कार्यहरू पहिचान गरी नेपाल सरकारलाई सुझाव सहितको

स्थलगत निरीक्षण प्रतिवेदन २०७६ तयार गरिएको र सो प्रतिवेदन माथि सभामा छलफल गरी प्रतिवेदनले औंल्याएका विषयको कार्यान्वयन गर्न सरकारलाई निर्देशन समेत दिएको थियो।

माननीय सदस्यहरू राष्ट्रिय सभाले हरेक दुई दुई वर्षमा सभाका गतिविधिहरूलाई समेटेर राष्ट्रिय सभाका दुई वर्ष नामक पुस्तक प्रकाशन गर्दै आएको छ। यसै क्रममा दुईवटा पुस्तक प्रकाशन भइसकेका छन् भने यस वर्ष पनि प्रकाशनको अन्तिम चरणमा रहेको छ। त्यसैगरी राष्ट्रिय सभाको पहिलो ६ वर्षमा सभा र समितिबाट सम्पादित गतिविधिहरूको सार, विश्व परिवेशमा राष्ट्रिय सभाको अवधारणा, विभिन्न विज्ञहरूको नजरमा राष्ट्रिय सभा र राष्ट्रिय सभाको ६ वर्ष समेत समेटी सभाको समीक्षात्मक पुस्तिकाको रूपमा राष्ट्रिय सभाको पहिलो ६ वर्ष नामको पुस्तकको प्रकाशनको कार्य भइरहेको छ। त्यसैगरी संसदमा समिति प्रणाली राष्ट्रिय सभा विशेष नामको पुस्तक समेत प्रकाशन भएको छ।

यस अवधिमा संसदीय समितिहरूबाट पनि संसदीय निगरानी तथा विधि निर्माणमा महत्त्वपूर्ण कार्यहरू भएका छन्। यस अवधिमा दिगो विकास तथा सुशासन समितिका १६९ वटा बैठकहरू बसेका छन् भने समितिले आफ्नो विषय र कार्यक्षेत्र भित्र रही विभिन्न ११ वटा स्थलगत अध्ययन अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रमहरू सम्पन्न भएका छन्। समितिले दिगो विकास लक्ष्य कार्यान्वयनमा संसदीय निगरानीसम्बन्धी परीक्षण सूची सहितको हातेपुस्तिका र नेपालमा दिगो विकास लक्ष्यबारे आधारभूत जानकारी समेटेका दुईवटा पुस्तकहरू प्रकाशन गरेको छ।

त्यसै गरी यस अवधिमा प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिका समितिले १९८ वटा बैठकहरू बसेका छन् भने समितिले आफ्नो कार्यक्षेत्रभित्र रही विभिन्न ४५ स्थानहरूको स्थलगत अध्ययन अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम गरेको छ। समितिले प्रत्यायोजित विधायनसम्बन्धी परिचयात्मक पुस्तिका सरकारी आश्वासनसम्बन्धी जानकारीमूलक पुस्तिका नेपालको कृषि ऊर्जा र दूरसञ्चार क्षेत्रका प्रत्यायोजित विधायको अध्ययनमा देखिएका विषयहरू समिति तयार पारिएको पुस्तिका र राष्ट्रिय सभा तथा संयुक्त सदनमा व्यक्त सरकारी आश्वासनहरूमध्ये राष्ट्रिय गौरवको आयोजनाहरूको सम्बन्धमा व्यक्त गरेका सरकारी आश्वासनको कार्यान्वयन अवस्था सम्बन्धमा अध्ययन पुस्तिका पुस्तिका प्रकाशन गरेको थियो।

त्यसै गरी यस अवधिमा विधायन व्यवस्थापन समितिका ५४६ वटा बैठकहरू बसेका छन्। समितिले आफ्नो क्षेत्राधिकार भित्र रहेका विधेयक व्यवस्थापन ऐन कार्यान्वयन मापन तथा अध्ययन अनुसन्धानका सन्दर्भमा स्थलगत अध्ययन अवलोकन गर्ने गरेको छ। यस अवधिमा समितिले आफ्नो विषय र कार्यक्षेत्रभित्र रही विभिन्न ३० स्थानमा सरोकारवालाहरूसँग

अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न गरेको थियो। विधायन व्यवस्थापन समितिले नेपालमा कानुनको सामाजिक जाँच उत्तरविधायिकी परीक्षण सम्बन्धमा अन्तर्राष्ट्रिय अभ्यास र नेपालको सन्दर्भमा अवलम्बन गर्नुपर्ने विषयवस्तु समावेश गरिएको पुस्तक र विधि निर्माणदेखि कार्यान्वयन परीक्षणसम्मका चरणहरू सम्बन्धित दुईवटा पुस्तकहरू प्रकाशन गरेको छ।

यस अवधिमा राष्ट्रिय सरोकार तथा समन्वय समितिका २३४ वटा बैठकहरू बसेका थिए भने समितिले आफ्नो विषय र कार्यक्षेत्रभित्र रही विभिन्न २८ स्थानहरूको स्थलगत अध्ययन अवलोकन भ्रमण र अन्तरक्रिया कार्यक्रम गरेको छ। यस समितिले विभिन्न विषयमा छवटा अध्ययन प्रतिवेदनहरू सभा समक्ष पेस गरेको छ। समितिले उल्लेखित कार्यहरूमार्फत संसदीय निगरानी तथा विधि निर्माण एवं जनसरोकारका विषयमा खेलेको भूमिका धेरै नै महत्त्वपूर्ण छन्।

माननीय सदस्यहरू, सभाको पहिलो अधिवेशनदेखि यस अधिवेशनसम्म आइपुग्दा सभाका केही सम्झनलायक कार्यहरू गरेको अनुभूति हुन्छ। तोकेकै समयमा बैठक सुरु गर्ने अभ्यास संस्थागत गरिएको छ समयप्रतिको सचेतना जगाउन सभाको बैठक तोक्दा सुन्दा चनाखो हुनुपर्ने प्रकृतिको समय निर्धारण गर्ने अभ्यासको थालनी गरिएको छ। सहमतिको आधारमा बैठक सञ्चालन गर्ने परम्परा स्थापित भएको छ अत्यावश्यक कार्यसूची भएको अवस्थामा अवरोधका बीच पनि भद्र सहमतिका साथ त्यस्तो विषयलाई अगाडि बढाउने अभ्यास गरिएको छ। समयमा काम सुरु गरी समयमै सक्ने हो भने नेपालका आधा समस्याको हल हुन्छ भन्ने लाग्छ सबैको व्यवस्थापनसम्बन्धी यो अभ्यासलाई आगामी दिनमा पनि निरन्तरता दिन र यसलाई देशभर लागू गर्न म हार्दिक अपिल र आग्रह गर्दछु। सभामा दर्ता हुने संसदीय प्रस्ताव सर्वदलीय अपनत्व हुनेगरी दर्ता गर्ने र सर्वसम्मत रूपमा सभाबाट स्वीकृत गर्ने अभ्यासको थालनी गरिएको छ छोटो समयका लागि भएपनि दफाबार छलफलका लागि विधेयकहरू सकेसम्म समितिमा पठाउने गरिएको छ। ऐन तत्काल प्रारम्भ हुन सम्भव हुँदैन भने प्रमाणीकरण भएको निस्क्रिय अवधिपछि मात्र प्रारम्भ हुनुपर्ने विषयको उठान र संस्थागत गर्ने कार्य गरिएको छ ऐन कार्यान्वयन मापनको अभ्यास राष्ट्रिय सहमति सुरु भएको हो जथाभावी प्रत्यायोजित विधायन बन्नु हुँदैन भन्ने विषयलाई अभियानको रूपमा अगाडि आएको छ समितिका प्रतिवेदनमाथि सभामा छलफल गर्ने अभ्यासको थालनी गरिएको छ। सभाको बैठकको उपस्थिति विद्युतीय माध्यमबाट गरेर वेबसाइटमार्फत सार्वजनिक गर्ने कार्यको प्रारम्भ गरिएको छ सभामा भएका गतिविधिको पूर्ण विवरण उतार गरी तयार गर्ने सम्पूर्ण विवरणलाई सम्भव भएसम्म सोही दिन नत्र भोलिपल्ट वेबसाइटमार्फत प्रकाशन गर्ने अभ्यासको थालनी गरिएको छ। सभाको गतिविधिलाई युट्युबमार्फत प्रसारण गर्ने गरिएको छ। त्यसै गरी विदाई हुने सदस्यको सभामा व्यक्त गर्नुभएका विवरणहरूलाई समावेश गरी

सदस्यको व्यक्तिगत सम्पूर्ण विवरणसम्बन्धी अलगअलग पुस्तक र सोको डिजिटल कपी समेत विदाई समेत उपलब्ध गराइने अभ्यासको थालनी भएको छ। यो सबै प्रयासहरूमा माननीय उपाध्यक्ष माननीय सदस्यको अथक प्रयास साथ र सहयोग तथा सचिवालयको मेहनतले मात्र सम्भव भएको हो। माननीय सदस्यहरू यस अधिवेशनबाट सभाको गतिविधिलाई व्यवस्थित बनाउन कार्यतालिका तयार गरी लागू गर्ने अभ्यासको सुरुवात गरेका छौं। यो सुरुवाती चरणमा नै रहेको हुनाले यसमा केही कमी कमजोरीहरू रहेका हुन सक्छन्। सम्भव भए लामो समयको नभए हाललाई पाक्षिक रूपमा भएपनि कार्यतालिकालाई निरन्तरता दिनु आवश्यक छ। सभाका बैठक कार्यतालिकाबद्ध रूपमा सञ्चालन गर्न विशेषतः सरकारको सहयोग आवश्यक हुन्छ सबैको सहमतिमा कुन मितिमा अधिवेशन आह्वान हुने र कुन मितिमा अन्त्य हुने भन्ने कुरा पूर्व निश्चित गरिनु आवश्यक हुन्छ। सम्भव भए एक वर्षमा वर्षभरिको नभएपनि हालसम्म कम्तीमा अधिवेशन अवधिभर सरकारको तर्फबाट संसदमा पेस गर्ने विधेयकहरू निक्यौंल गरी अधिवेशन प्रारम्भ हुनु अगावै संसदमा त्यस्ता विधेयकहरू दर्ता गर्ने हो भने कार्यतालिकालाई मूर्तरूप प्रदान गर्न सहज हुने देखिन्छ। यसबाट सभाका गतिविधिहरूलाई थप व्यवस्थित र पूर्व अनुमान योग्य बनाउन सकिन्छ। आगामी दिनमा वार्षिक क्यालेण्डरका आधारमा सभा सञ्चालन गर्ने प्रयासलाई सार्थकता प्रदान गर्न सम्पूर्ण सदस्य सरकार नागरिक समाज मिडिया जगत सबैको उत्तिकै भूमिका हुन्छ। संसद्को प्रभावकारिता सचिवालयको प्रभावकारितामा निर्भर रहने हुँदा सचिवालय संसदको लागि महत्त्वपूर्ण अवयव हो। संसद तथा सचिवालयलाई प्रभावकारी बनाउन सरकारको पनि सहयोग आवश्यक पर्छ।

माननीय सदस्यहरू, हिजोका दिनमा भएका कमीकमजोरीहरूबाट पाठ सिकेर उल्लेखित अभ्यासहरूलाई अझ परिस्कार गर्दै संस्थागत गर्दै आगामी कार्यदिशा तय गर्न आवश्यक छ। विगतमा हामीले स्थापना गरेका मानकहरूलाई संस्थागत गर्दै सभाको गरिमा बढाई संसदीय मर्यादा कायम राखी नेपालको संविधानको मर्म र भावना अनुरूप राष्ट्रिय सभाप्रतिको जनअपेक्षालाई अझ उच्चतहमा पुर्याउन सबै तहबाट अहम भूमिका हुने र यो सभाको गरिमा अझ बन्ने आशा भरोसा र विश्वास लिएको छु। माननीय सदस्यहरू यो ६ वर्ष करिब दिनको हिसाबले अध्यक्ष भएको ६ वर्ष पूरा त हुन बाँकी रहने भो तर पनि यो अवधिमा मैले सम्पूर्ण माननीय सदस्यहरूको दलमा रहेका नेताहरू प्रमुख मुख्य सचेतकहरू सचेतकहरू समितिका सबै सभापतिहरू र सम्पूर्ण माननीय सदस्यहरूको जुन खालको साथ सहयोग पाएँ र त्यसको साथसाथै संसद सचिवालयका महासचिव, सचिवहरू र समितिका सचिव लगायत सबै कर्मचारीहरूको प्रयत्न, साथ र त्यो सहयोगले गर्दाखेरि आज हामीले राष्ट्रिय सभाका यो ६ वर्षका यी अनुभवहरू यहाँ

व्यक्त गरिरहँदाखेरि सबैले गर्व गर्ने किसिमले हामी यी कार्यसम्पादन गरेका छौं। म यसको लागि यहाँहरू सबैलाई बधाई भन्न चाहन्छु। र अझै धेरै गर्न बाँकी पक्कै पनि छ। त म एकदमै गर्वका साथ मलाई एउटा चुनौती थियो। राजनीतिक पार्टीको एउटा खरो कार्यकर्ताको हिसाबले निर्वाचित हुँदै यो ठाउँमा आउँदा यो कुर्सीको गरिमा अध्यक्षको गरिमा निष्पक्ष तटस्थ भएर निर्वाह गर्न सक्छु कि सक्दिनँ कतै नसके भने त्यो पदय गरिमामा आँच आउनेछ। व्यक्ति केही पनि होइन तर त्यो पदिय गरिमा बचाउनु महत्त्वपूर्ण कुरा हो भन्ने मलाई सबैभन्दा चुनौती थियो। तर आजका दिनमा अब बिदा भएर सायद अब सभाको अध्यक्ष गर्ने त मेरो अब यो अन्तिम सायद होइन अन्तिम नै हो। आज पछिबाट सभाको अध्यक्षता २१ गते पछिबाट तत्कालको लागि उपाध्यक्षले गर्नुहुनेछ त्यसपछि अध्यक्ष निर्वाचित भएपछि स्वतः अध्यक्षले गर्नुहुनेछ। यसकारण यो समयसम्म यस ढङ्गले निष्पक्ष ढङ्गले सञ्चालन गर्ने जुन वातावरण बन्यो र म त्यसमा सफल पनि भएँ। यो सबै यहाँहरूको देन हो। यस्तो साथ दिनुभयो जटिल अवस्थामा पनि। अत्यन्तै प्रतिकूल र दुई सदन भएको हुँदा प्रतिनिधि सभामा कुनै विषयहरू खरो ढङ्गले उठेर अवरुद्ध भइरहँदा पनि हामीले अत्यन्तै सौहार्द वातावरणले समझदारीपूर्ण ढङ्गले हामी सभा चलाउन सक्यौं र अधिकांश विधेयकहरू अधिकांश विधेयकहरू हामीले सर्वसमितिले पास गरिरहेका छौं। यो हाम्रो अत्यन्तै ठुलो उपलब्धि हो भन्ने मलाई लाग्दछ। यसकारण म यी सबै कार्यहरूमा यहाँहरूको साथ सहयोगको सधैंभरि पनि स्मरण गर्नेछु। र मलाई भोलिका दिनमा राजनीतिक जीवनमै अगाडि बढ्दा पनि मलाई सबैको त्यो भावना समेटेर साजो बनेर हिंड्ने प्रेरणा चाहिँ यो सभा र यहाँहरूले दिनुभएको छ म त्यो पनि यहाँ राख्न चाहन्छु। जाँदाजाँदै आज हामीले नियमावली पास गर्यौं। यसलाई संशोधन गरेर पास गरेका छौं। सर्वसम्मतिले पास गर्‍यौं। मेरो एउटै मात्र जोड के भने नियमावली जस्तो विषय यसलाई संशोधन गर्दा पनि यो संसद्लाई राष्ट्रिय सभालाई सञ्चालन गर्ने यसलाई सर्वसम्मत बनाउने पहिलो प्रस्थान आधारस्तम्भ नै नियमावली हो। त्यसकारण यसमा मत विमत नगरौं भन्दाखेरि र आज हामीले त्यही आधारमा समिति त्यो यसको संशोधन समितिमा पनि हामीले के गर्‍यौं अलि ठुलो आकार दिएर सबै पक्षलाई सबैलाई समेटेर बनाएका थियौ त्यहाँबाट आइसकेपछि केही संशोधन आए र त्यो क्रममा चाहिँ छलफलहरू लामो भयो। केही अलिकति चित्त दुखाइका कुराहरू पनि रहे र भविष्यमा आवश्यकता अनुसार फेरि परिमार्जन हुँदै जाने कुराहरू छँदैछन् आफ्नो ठाउँमा तर पनि यसलाई मलाई पनि अलिअलि शंका लागेको यो यति धेरै ...... र अत्यन्तै विवादित विषयहरू जुन राजनीतिक तहमा अत्यन्तै विवादित पनि थिए। त्यस्ता विवादित विषयलाई समेत हामीले समाधान गरेर गएको बेलामा यो नियमावली त्यसमा पनि हामी सबैको चासो के भने नयाँ अब आउनुहुने माननीय सदस्यहरू अब अध्यक्ष पनि नयाँ निर्वाचित हुने बेलामा यो पुरानो अनुभवको आधारमा

केही कुराहरू हामीले व्यवस्था गर्दा पछि सञ्चालन गर्नलाई सजिलो हुन्छ भन्ने सबैको साझा अवधारणाका साथ जानु अगाडि यसलाई परिमार्जन गरौं भन्ने साथमा नै हामी यसलाई अगाडि लिएर आयौं र आज त्यो हुँदैन कि भन्ने भएको थियो तर सबैको सुझबुझका साथमा यो सर्वसम्मतिले पारित भएको छ, म यहाँहरूलाई बधाई भन्न चाहन्छु। र म एउटै आग्रह चाहिँ भविष्यमा पनि अब हामी त जाँदैछौं, आजपछि हामीले सदनमा बोल्ने अब यो समय छैन जाने २० जनाको लागि तर अब यहाँ रहनुभएका र अब आउने माननीय सदस्यहरूलाई मेरो फेरि पनि एउटा आग्रह के छ भने सदनमा भाषाहरू प्रयोग गर्दाखेरि शिष्ट र मर्यादित गर्ने कुराहरू विचार व्यक्त गर्दा पनि व्यक्ति पूर्ववक्ताहरू भएनी व्यक्ति तोकेर बोल्ने कुराहरू हाम्रोमा अत्यन्तै ती कमै भएका छन्। कहिले काहीँ अपवाद बाहेक त्यस्तो भएको छैन र त्यो कहिले नहोस्। यसले यसको मर्यादा बढाउन व्यक्ति तोकेर बोल्न थाल्यो भने त्यसले के हुन्छ प्रतिवाद गर्ने र त्यसले अलिकति मर्यादा घटाउने तिर जाने स्थिति बन्छ। राष्ट्रिय सभामा त्यो स्थिति आएको पनि छैन भविष्यमा पनि आउने छैन। र अझै म आशा गर्दछु हामीले जति गर्‍यौं जति पछि हुन्छ त्यति राम्रो हुनुपर्छ। म यो चाहन्नँ कि हामीले यति गर्‍यो पछि आउनेले यति गर्‍यो भने मैले गरेको देखिँदैन अझ कम भइदिए हुन्थ्यो भन्ने कतिपय मान्छेका यस्ता मानसिकता पनि हुने गर्छन् राजनीतिमा तर त्यस्तो होइन म प्रत्येक जिम्मेवारीमा पछि आउनेले अगाडिको भन्दा अझ राम्रो गरेकै हुनुपर्छ तब प्रगति हुन्छ। चाहे त्यो सरकार चलाउने कुरामा होस् चाहे संसद चलाउने कुरामा या विधि पास गर्ने कुरामा हो जति सक्दो रचनात्मक हिसाबले र जति सकिन्छ अझ राम्रो गर्ने हो। नराम्रो गर्ने छुट हुनु हुँदैन यो संघीय लोकतान्त्रिक गणतन्त्रमा त्यसकारण राम्रो गर्नको लागि सबैलाई प्रेरणा मिलोस् म अन्त्यमा यो अध्यक्षको हैसियतले पछि फेरि यहाँहरूसँग धेरै हाम्रा अन्तरंग कुराहरू हुनेछन्। त्यो समय त हामी यही राजनीतिक फिल्डमा यही सानो भूगोलकै नागरिक राजनीतिकर्मी हौं त्यो भइरहने नै छ। तर यो अध्यक्षको आसनबाट फेरि पनि यहाँहरू सबैले मलाई भरपुर सहयोग गरेर सफल बनाउन र सिङ्गो सभाको मर्यादा अगाडि बढाउन सहयोग गर्नुभएकोमा माननीय सदस्यहरू र संसद सचिवालयका सबै कर्मचारीहरूलाई हार्दिक धन्यवाद भन्दै, आभार व्यक्त गर्दै म आफ्नो भनाइहरूलाई म यहीँ बिट मार्न चाहन्छु। हस्, धन्यवाद। नमस्कार।

माननीय सदस्यहरू, राष्ट्रिय सभाको अर्को बैठक २०८० साल फागुन २१ गते सोमवार अपराह्न १ बजेर १७ मिनेटमा बस्ने गरी यो बैठक स्थगित हुन्छ ।

(तदनन्तर, अर्को बैठक २०८० साल फागुन २१ गते सोमवार अपराह्न १ बजेर १७ मिनेटमा बस्ने गरी यो बैठक स्थगित भयो)।

**स्थगितः- १६:१५ बजे।**